६५२६
१२
सर्वसुलभ

सर्वसुलभ

लेखकः-
कृष्णभक्त श्रेष्ठ "दु"

श्रीमद् अष्टावक्र गीता

छन्दोक्त भाषानुवाद

तथा

भावार्थ

सर्वसुलभ



लेखक:—

कृष्णभक्त श्रेष्ठ "दु"

प्रकाशक:-
मोहनभक्त श्रेष्ठ

प्रथमावृति ५००

सर्वाधिकार सुरक्षित



मुद्रक:- संकटा प्रेस
६/५३४ टेवहाल, काठमाडौं

नेपालाधिपति श्री पाँच सरकार वीरेन्द्र धर्मध्वज,
साथै भक्ति सुशक्तिका भगवती ऐश्वर्य लक्ष्मी धन।
सानन्द प्रभुराज शान्तिजनको पञ्चायती शासन,
बढ्दो यो दरिलो प्रताप प्रभुको ईश्वर गरून पालन।



कृष्णभक्त श्रेष्ट "दु"

परिचयको साथ एक निवेदन

"कुसे कुन ठीक हो ?"

यथार्थवादको अन्वेषण गर्ने पूर्व पुरूषहरूमा जुन विवाद हुन गई आखिर साम्यमा आएको हो, त्यो एक मिथिला देशका विदेह राजा हाल नेपाल राष्ट्रको अग्रगण्य विभूति जनकज्यूको राज-सभामा भएको विवरण एस प्रकारको छः-

एक दिन मिथिला पुरीका राजा जनक महाराजा आफ्नो राज-महलमा सुन्दर मणि निर्मित दुग्ध फेन नरम सैयामा सुती रहनु भएको थियो । दास दासीहरू सेवामा रहेका थिए । अनेक किसिमका सर सामानहरूबाट उहाँलाई आराम दायक थियो । सुसारेहरू पंखा हल्की रहेका थिए । अनेक किसिमको मधुर गान कोइलीको सुर तालमा गाउने तालिमी केटीहरू वीणाको सुरलयमा जनक राजाको चित्त रमाई रहेका थिए । आनन्दमा मस्त राजा जनक आफ्नो शयन पलङ्गमा लेटी रहनु भएको थियो ।

राजा जनक निद्रादेवीका काखमा एउटा भयङ्कर स्वप्न देख्न लाग्नु भयो । मिथिला नगरीमा कुनै विदेशी बलिष्ठ राजाले आक्रमण गरेर जनक राजालाई हराई केवल एक लँगोटी मात्र दिई राज्यबाट निष्कासन गरे, साथै यो पनि घोषणा गरिएकि-जनकलाई कोही कसैले कुनै प्रकार सहायता वा शरण न दिइयोस, दिइएमा उनी प्राण दण्डको सजाएको भागी हुनेछ ।

जनक राजा निःसहायभै यताउती डुले, कहीँ कतै कुनै ठाउँमा पनि आसरा पाएन । आखीर हुँदा हुँदै बेलुका सन्ध्याकालमा जंगलै जंगल भागेर जाँदा जाँदा राजा जनकलाई भोकले खूब सतायो । तर कुनै कसैले पनि एक रोटीको टुकडा सम्म पनि

प्राप्त गर्न दिएनन् । आखिर भूखा राजा जनक तीन दिन सम्म विना अन्न जल रहनु पऱ्यो । दैव संयोगले चौथो दिनमा साँझको वेलामा जहाँ नित्य व्रत वाँडिने स्थान पुगे, तर वेटायम भएकोले सदा व्रत दिने वन्द भै सकेको थियो । राजाले अनेक अनुनय विनय गर्दा सदाव्रतका मानिसले अलिकति वाँकी रहेको खिचडी एउटा पाटमा राखि दिए । राजा भोकले त्यसै कामिरहेको थियो । जसै खान भनि मुखमा के गाँस मात्र हाल्न पाएको थिएन । अचानक दुई साँढे जुधेर उहाँलाई धक्का दिएर वाँकी रहेका खिचडी पनि भुइमा खसेर धूलोमा मिलेर त्यसै विलायो । जनक राजा पनि पछारिनु भो र भोकको ज्वाला खप्न नसकेर व्याकुलता वस चिच्याउनु भयो । चिच्याउदै राजा जनकको आँखा खुल्यो । सारा शरीर पसीनाले तरर भएर भिजिएका थियो र साथै काँमी रहनु भएको थियो । परन्तु निन्द्रा खुल्ना साथ राजा जनक त आफ्ने सुख - शैयामा आफ्ने महलमा रहनु भएको साथमा हजारौं दास-दासी सेवामा रहेका थिए । कसैले पंखा हम्कीरहेका, कसैले गुलाफ जल छर्कि-रहेका थिए ।

यो यसतो घटनाको दृश्य देखेर राजा जनकलाई आश्चर्य लागि मनमा विचार गर्नु भो-अघि म भिखारी थिएं, साथै भोकको ज्वालाले खपी नसक्नुको अवस्थामा थिएं । अहिले म राजाको राजानै छुँ, के यस्तो, ? कुन कुरालाई सत्य मानिने । यो कुराको निर्णयको लागि राजाले सभा वोलाए । जसमा ठूलठूला ज्ञानी, वेदान्ती, विद्वान् तथा दार्शनिक जनहरू उपस्थित भएका थिए ।

राजा जनकले आफ्नो भएका घटनाको साथ प्रश्न गर्नु भो कि-कुन कुरो ठीक साँचो हो ? यसतो अधूरो र गुप्त रहस्यको प्रश्नको उत्तर यथा शक्ति एक न एक कुरा भयो । तर राजाको चित्तमा समाधानको पूर्ति हुन सकेन । आवश्यक सामानहरूका साथ ती पंडित जनहरूलाई, वन्दी आचार्यद्वारा वरूण लोकमा पठाइदिए ।

एकदिन राजा जनक कुनै राजकीय आवश्यक कार्यमा बाहिर गै रहनु भएको थियो, अघि अघि चोबदार अंग रक्षक हिड़ी रहेका थिए । एक स्थानमा एक सानु बाटो (गल्ली) को बाटो भएर जानु पर्ने थियो । त्यहाँ एउटा तेजस्वी बालक बाटोमा त्यसै वरि वरि हिडी रहेको थियो । चोबदारले ' राजाको सवारी चलि रहेको छ बाटोमा नबस छेउ लाग ' भनि हाँक दिए । बालकले पनि न हटेरै उत्तर दिए-"मूर्ख भै के कुरा गरेको ? आँखा भैकन कानो जस्तो किन बनेको ? देख्दैनौ म बालक छुँ, साथै आठ ठाउँमा बाँगो छुँ बाटो छोड बाटो छोड, मेरो शरीरमा यज्ञोपवीतलाई देखेर पनि के कुरा गरेको, जाऊ, यतो उल्टो कुरा हुन गर्न न देऊ जाऊ. तिम्रो राजालाई अर्कै बाटो जानु भनी सुनाउ" तेजस्वी बालकको निर्भयको वाणि सुनेर चोबेदार झसक्यो र नम्र भावले भन्यो-बाल ब्राह्मणजी ! जनक राजाको सवारी हुँदैछ, त्यसो हुँदा बाटो छोडने विति गरेको हूँ, क्षमा गर्नुस, म राजामा विन्ती गर्दछु" । बालक ब्राह्मणले जवाफ दिनु भो-"शास्त्रको मर्यादामा राजाले चल्नु पदछ, बाटोमा हिडने हक पहिलो लंगडो वेरामी तथा कानोमा छ, दोसरो हक गर्भवती स्त्री र भारी बोक्नेको छ, तेसरो हक गाइ ब्राह्मणमा, चौथो हक राजामा र पाँचौं हक, अरू सर्व साधारण जनतामा हुन्छ, सो कुरो पनि सममाउनु"

चोबदारले सोही कुरो राजामा पुऱ्याए ।

राजाले बालक ब्राह्मणको कुरो सुन्ना साथ आश्चर्य मानेर पक्का पनि यहि ब्राह्मणले मेरो मनको शंका समाधान गरीदिने हुन्छ-भन्ने विश्वास मानेर राजा पैदलै बाल ब्राह्मण समीप गएर विनम्र साथ हात जोरी भन्नुभो "तपाई को हुनु हुन्छ ? र यहाँ यसरी किन राज भएको ? "

ब्राह्मणले जवाफ दिनुभो- "राजन् ! मेरो नाम अष्टावक्र हो, म कहोल ऋषिको छोरो हुँ, सुनेको छुँ, घेरै ऋषिहरूलाई तपाईले थुन्नु

भएको छरे, तपाईको प्रश्न के हो ? चाँडो भन्नुस् । बालकको त्यस्तो तेजोमय तथा रहस्य पूर्णले भरीएका वाक्यले गर्दा राजाले सम्झे की-हो न हो यो असाधारण बालक छ, उहाँले क्षमा मागेर ती बाल ब्राह्मणलाई आफ्नै पालकीमा बसाई राजमहलको सभामा लैजानु भो, जहाँ ठूलठूला विद्वान जनहरू थिए ।

बालक अष्टावक्रजी राजा जनककै समीप उच्च आसनमा यथा विधि मान सम्मान पूर्वक पूजन साथ राजा जनकजीले प्रश्न गर्नु भयो 'ठीक कुरो कुन हो ?"

बालक मुनिले जवाफ दिए "राजन् न त्यो साँचो हो, न यो साँचो छ, दुवै कुरो झूठो हो । विपना, सपना दुवै बराबर हो । कारण स्वप्नामा जुन कुरो देख्नु भो र साथै कष्टको अनुभव भयो, जागे पछि हरायो । त्यसकारण यो विपना पनि यस्तै हो । अन्त्यमा यो स्थूल देह प्राणवायुको गमन पछि मसानमा यी देह खाग गरिने हुन्छ । मुख्य तात्पर्य जानेमा राजन् तर्क खास आफैमा स्थित हुने हुन्छ, अँहे तपाईं जनकको जनकै हुनुहुन्छ । संसार स्वप्नवत् पानीको फोका सरी, वन्ध्या पुत्रको समान तथा सीपीमा चाँदीको जुन भ्रम हुन्छ त्यसतै असार छ । त्यसो हुँदा, राजन् ! साँचो होइन, स्वप्नामा तपाईंको राज्य थिएन, र राज्यको ममताले गर्दा अनेक कष्ट भोग्नु पऱ्यो । जुनकि प्रत्यक्ष अनुभव गरी सक्नु भो, अँहे जाग्रत अवस्थामा त्यो दृश्य छैन । सुतेका वेलामा स्वप्न सानु संसार जग्गामा ठूला संसार बस यति फरक छ"

यस उत्तरबाट राजा जनकमा जुन शंका थियो, त्यो समाधान भै हाल्यो । उपस्थित ऋषिहरूले बालक अष्टावक्रजीको मुरी मुरी प्रशंसा गरे । तत्पश्चात् ऋषिहरुलाई यथा शक्ति द्रव्यादि राजाबाट दिलाई आ-आफ्नो आश्रममा विदा गरिए । राजा जनकले कहोल ऋषि र अष्टावक्र मुनिमा आदर सत्कार मानपूजाको साथ शंका निवारण तथा ज्ञान प्राप्त गर्नु भयो । अष्टावक्रजीले जुन ज्ञान

दिनु भएको हो त्यही ज्ञानको गीत यथा वर्णन "अष्टावक्र गीता" बाल ब्राह्मणको महान वाणी सार रूपले पूर्ण भएको ग्रन्थ छ । मनन, अध्ययन गरीएमा प्रकाश रूप ज्ञान प्राप्त हुनेहुन्छ । साथै जनम मरण रूप जुन भयानक दुःख हो त्यसबाट छुटी परम आत्मामा लीन हुने हुन्छ ।

सोही ग्रन्थको नेपालीमा भाषान्तर छन्दोक्त तथा भावार्थ गरी पाठक सज्जन वृन्दका समीपमा प्रस्तुत गरेकोछुँ । यसमा सम्पूर्ण लेखमा राम्रो संग हेरी छन्दोक्त प्रति शुद्धता तथा उचित सुझाव विचचीचमा थप घट शुद्धता ल्याउन प्रेमी पं. सीता राम रेग्मी ज्यूले जुन प्रयास तथा सल्लाह दिनु भो, सत् हृदय प्रेमी साथीमा म उहाँलाई धन्यवाद नदिइ रहनसक्दिन, । तैपनि त्रुटि भूल हुन मानिसमा स्वभावै हुने हुँदा सज्जन वृन्दमा क्षमाको साथै यो निवेदन यही टुंग्याउछुँ ।

२०२६ साल कार्तिक शुदि
हरिबोधिनी एकादशी पुण्य तिथि
शुभमस्तु ।

निवेदक.
श्री कृष्णभक्त श्रेष्ठ "दु"
चावहिल लामो पोखरी
काठमाण्डू. नेपाल,

विषय प्रकरण अनुक्रमणिका

प्रकरण	विषय	पृष्ठांङ्क
१	गुरू उपदेश वर्णन	११
२	शिष्य-अनुभव प्रकरण	१६
३	आक्षेप-उपदेश वर्णन	३१
४	पुनः शिष्य अनुभव वर्णन	३६
५	लयो उपदेश वर्णन	४३
६	पुनः गुरू उपदेश वर्णन	४५
७	पुनः शिष्य अनुभव वर्णन	४७
८	वन्धमोक्ष वर्णन	५०
९	निर्वेद वर्णन	५२
१०	उपशम त्यागको वर्णन	५७
११	ज्ञान सारको वर्णन	६२
१२	आत्मरूप ज्ञान सारको वर्णन	६७
१३	सुखको वर्णन	७२
१४	शान्तिको वर्णन	७६
१५	तत्त्वबोध उपदेश वर्णन	७९
१६	विशेष ज्ञान तत्त्वको वर्णन	८९
१७	तत्त्व स्वरूप वर्णन	९५
१८	शम प्रकरण वर्णन	१०५
१९	आत्म विश्रान्ति वर्णन	१५८
२०	जीवन मुक्त स्थिति वर्णन	
२१	श्री अष्टावक्र मुनिज्यूको परिचय	१७०

—०—

सर्वमंगलम

श्री

अष्टावक्र गीता

गुरू उपदेश प्रथम प्रकरण

(१)

श्रीजनक उवाचः-

कथं ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तमेतद् ब्रूहि मम प्रभो ॥१॥

भाषा

श्री जनक राज विन्ति गर्दै अष्टावक्र मुनिसा प्रश्न गर्नु हुन्छः-

ज्ञान यो कसरी हुन्छ, ? जीवन्मुक्ति पनि प्रभो ।
वैराग्य कसरी मिल्छ, भन्नुहोस् लौमसा विभो॥ २ ॥

भावार्थः- परापूर्वको एक समय मिथिलाधिपति राजा जनकमा पूर्व पुण्यका प्रभावले यो जिज्ञासा उथ्योकि यो असार संसारको बन्धनबाट कसरी छुटेर मुक्त हुने होला ? यसतो शुद्ध विचार वान राजामा ईश्वरको प्रेरणाले आएको ज्ञानी शिरोमणि परमदयालु श्री अष्टावक्रजीले जिज्ञासा निवारण् गरी साक्षात्कार गराई दिनु भो ।

मुनिको आठ ठाउँमा नाङ्गो भौतिक देहलाई देखेर राजा जनकलाई अभिमान भयो कि - कुरूप बाल ब्राम्हणले मेरा मनमा लागेको शंका मिटाउला र ? यसतो भाव मनमा भएको सर्वज्ञ मुनिअष्टावक्रले बुझी यो बोध गराउनु भयो- कि देह दृष्टिलाई छोडेर आत्म दृष्टि गरेमा आत्मा टेढो छैन, देह यो टेढो छ, जसतो उखु बाङ्गो भएपनि रस त बाङ्गो छैन । यो देह यद्यपि पाँच भौतिक वस्तुहरू बाट बनेका देह बाङ्गो छ, तर चेतना अन्तर्यामी आत्मा त बाङ्गो छैन । आत्मा असंग छ, निर्विकार छ, व्यापक छ, ज्ञानघन

सच्चिदानन्द स्वरूप छ, अखण्ड छ, अच्छेद्य छ, अभेद्य छ, नित्यछ, शुद्ध छ बुद्ध छ, साथै मुक्त स्वभाव कला छ, देह दृष्टिलाई त्यागेर आत्मा दृष्टि गरेमा, कल्याण शान्ति हुने हुन्छ । यस्तो ज्ञान आत्मावोध राजा जनकमा भएपछि देहको मोह ममता शून्य भयो र मुक्ति साधनाको लागी अष्टावक्र मुनिकै शरणमा परेर राजा जनकले ब्रह्म विद्या श्रवणको इच्छा गरी सोधनु भयो ।

" प्रभो ! अविद्यावाट मोहित भएका नाना प्रकारका मिथ्या संकल्प विकल्पहरू वारम्वार भै जन्म – मरण रूप दुःखहरू भोग्ने हुंदा भोगहरू हटाउने साधन के छ ? समाधि दयागरी बताउनुहोस्"

राजा जनकको देहाभिमान हटी साथै अधिकारी सम्झेर श्री अष्टावक्र मुनि भन्नु हुन्छः–

अष्टावक्र उवाचः–

मुक्तिमिच्छसि चेत्तात विषयान्विषवत्त्यज ।
क्षमार्जव दया तोष सत्यं पीयूषवद्भज ॥२॥

भाषा

मुक्ति इच्छा भए छोड विषय विष झैं पर ।
क्षमा, सत्य,दया, तोष अमृतै सम्झि लौ भज॥२॥

भावार्थ :– ज्ञान विज्ञान सम्पन्न परम दयालु अष्टावक्र मुनिले विचार गर्नु भयोकि – राजा जनक ज्ञान अधिकारीको साथ संसार वन्धनवाट मुक्त हुनालाई मेरो समीपमा यस्तो प्रश्न गर्दछ, अतः ब्रह्मतत्वको उपदेश गर्नु भन्दा अगाडि साधन चतुष्टय विना कोटी उपाय गरेता पनि ब्रह्मविद्या सफलीभूत हुन आउँदैन । त्यसकारण योग्य शिष्यलाई प्रथम साधन चतुष्टयको उपदेश दिइ योग्य वनाउनु छ । योग्य भएपछि मात्र ब्रह्म विद्याको उपदेश हुन्छ, यस्तो विचार गरी श्री अष्टावक्र मुनि राजा वोल्नु हुन्छः– राजन् ? यदि परमानन्दको

इच्छा भए शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषय जो छन् यी अनर्थको कारण विष जो हो ती सबै छोडनु पर्ने हुन्छ, त्वचा, नेत्र जिभ्रो र कान, जुन ज्ञानेन्द्रिय छन्, त्यसका वशमा जीव बन्धनमा पर्ने हुन्छ र साथै जन्म मृत्युको चक्करमा पर्नु पर्ने हुन्छ। तसर्थ देह अभिमान छोडन पर्ने हुन्छ। अर्थात म ठूलो हूँ भने आदि भाव जुन अभ्यास हो, त्यसलाई हटाएर मनलाई वशमा राख्नु पर्दछ। त्यसको साधनहरू दम, शम, क्षमा, आर्जन, दया, संतोष र सत्यको हरहमेशा सेवन गर्नु पर्ने हुन्छ इन्द्रियलाई दमन गर्ने दम, यिनलाई वश गर्ने शम, क्षमा, सहनु, तोष - संतोष, तथा सत्य, अर्थात सत्य वस्तुको प्रयोग गर्नाले भव-रोग जो हुने हुन्छन्, शान्त हुन्छ। शिष्यले यी साधनहरूमा परिपक्व हुनु पर्दछ, अनि मात्र ब्रह्मविद्याको तत्व जानिने कुरा आउँछ।

न पृथ्वी न जलं नाग्नीर्न वायुर्द्यौ न वा भवान्।
एषां साक्षिणमात्मानं चिद्रुपं विद्धि मुक्तये ॥३॥

भाषा

नपृथ्वी हौ न पानी हौ अग्नि व्योम-वायु हौ।
साक्षी आत्मा सदा-मुक्त-चिदानन्द स्वरूप छौं ॥३॥

भावार्थः- अब साधन चतुष्टय सम्पन्न शिष्यमा मुक्तिको उपदेश श्रीमुनिज्यूबाट भएकोमा विचारवान शिष्य शंका गरी विन्ती गर्दछः- "गुरू ! शरीर नै खास पंच भूतबाट निर्मित भएको हुँदा यो त त्याग गर्ने सकिदैन, किन कि, पृथ्वीको गुण गन्ध, त्यो छोडनै सकिदैन, त्यस्तै रसमा जल छ, अग्निमा रूप छ, वायुमा स्पर्श र आकाशमा शब्द रहेको छ,। अर्थात शब्दादि पाँच विषयहरूलाई त्याग गर्न पंचभूतले समावेश भएको देह जो छ, त्यसलाई त्याग गर्ने त हुनै सक्तैन - किन कि, शरीरै त्याग हुने अवस्था हुन्छ। त शरीरैबाट ज्ञानको उपदेश ग्रहण गरीने हुँदा, ब्रह्मविद्या कसरी, कसको प्राप्त हुने वा गर्ने छ ?

श्री अष्टावक्रज्यू समाधान गर्दै बोल्नु हुन्छः–"ठीक हो, तिमीले शंका गरेको, अब ध्यान पूर्वक सुन, पृथ्वी, जल, तेज, वायु र आकाश तथा शब्द, स्पर्श, रुप, रस, गन्ध, जो हुन, त्यो आत्मा होईन। पाँच भौतिक शरीरको विषयमा अज्ञानले अहम् भाव (महुँ मेरो) मान्दछ त्यो अहम् भाव त्याग्नु पर्ने हुन्छ शरीर त्याग्नु होइन अर्थात् देहको जुन अहम् भाव हो त्यही त्याग्नु पर्ने हुन्छ"

शिष्य फेरि शंका गर्दछ– "म गोरो छु, स्थूल छु, रूपवान छु, वा कानो छु, नीच छु, यस प्रकारका प्रतीति यही पाँच भौतिक शरीरमा नै अनादिकालदेखि सबै जनामा भै आइरहेकाछन, के युक्तिले देह छदै मान्ने हो ?"

श्री गुरु अष्टावक्रजी उत्तर दिन हुन्छः– "विवेकहीनहरूमा मात्र यस्तो भाव हुन्छ। विवेक पुरुषमा हुदैन, कारण विवेक दृष्टिबाट विचार पूर्वक निरीक्षण गरिएमा इन्द्रियादिक द्रष्टा जो हो, इन्द्रिय आदि देखि अलग्गै छ। जस्तो घट अर्थात कुनै भाडोलाई देख्ने अलग्गै हुन्छ, त्यस्तै आत्मालाई सर्वदोष रहित र सबैका साक्षी जान्नु नै विवेकपना हुन्छ।"

न्याय शास्त्रका मतावलम्वीहरू यो शंका गरेका छन् कि साक्षीपना त बुद्धिमा रहने हुन्छ। यस कारण बुद्धि नै आत्मा होकि ? यसको समाधान श्रीमुनि यही गर्नु हुन्छ "बुद्धि पनि एक प्रकारको विवेक गरिने साधन हो, कारण मेरो बुद्धि विवेकबाट यस्तो छ भन्ने जो छ, त्यो परै बस्ने आत्म चेतना मानिएको छ, तसर्थ मुक्तिमा कुनै विचार रहंदैन, भावना रहंदैन, बुद्धि रहँदैन, शुद्ध चेतन साक्षी स्वरूप मात्र हुन्छ"।

बौद्धका मतावलम्बीहरू पनि देह नाश भएपछि, आत्मा, मन, बुद्धि अहंकार यी सबै स्वतः देह साथै विलाउंछ भने विभिन्न विचार मतमा लागेमा आफ्नो जुन रूप छ त्यो रूपमा

स्थित हुन नसकिने कल्पना मात्र हुन। अब अष्टावक्रजी जनकमा उपदेश दिनु हुन्छः-

यदि देहं पृथक्कृत्य चिति विश्राम्य तिष्ठसि।
अधुनैव सुखी शांतो बन्धमुक्तो भविष्यसि ॥४॥

भाषा

देहदेखि अलग्गै भै गर्छौं विश्राम चित्तमा ।
भने तुरून्तै पुग्ने छौ सुख-शान्ति र मुक्तिमा ॥४॥

भावार्थः- यदि देह तथा आत्माको विवेकद्वारा आत्मत्व भावमा अर्थात आत्मैमा सबै विषयहरूलाई विश्राम गराएर चित्त एकाग्रता-चाहिं अभिन्न भए मात्र मनुष्य देहमा अर्थात विषयादिमा हुने सुख दुःख सम भाव हुने हुन्छ । अनि बन्ध-मुक्तको भावना (कर्तापन) कर्तृत्व र भोक्तृत्त्व आदि अनर्थबाट छूटने हुन्छ। सारांश यो होकिः- कर्तृत्त्व र भोक्तृत्त्वको भावना शून्यमा मात्र आत्मत्व शांन्ति प्राप्त हुने हुन्छ।

न त्वं विप्रादिको वर्णो नाश्रमी नाक्ष गोचरः ।
असंगोसि निराकारो विश्वसाक्षी सुखी भव ॥५॥

भाषा

वर्ण विप्रादिका ह्वैनौ न आश्रमी, दृश्य छौ तिमी।
निराकार असंगै छौं विश्व साक्षी सुखी तिमी ॥५॥

भावार्थः- आत्मामा कुनै वर्णाश्रम जाति भेद हुँदैन, समान भावमा स्थित असंग छ, अर्थात देहादिक उपाधि यथा आकार रहित विश्वका साक्षी नित्य आत्म स्वरूपता भएको हुँदा, न तिमी ब्राह्मणादि जाति हौं, न क्षत्रिय हौं, न वैश्य न शूद्र हौ। केवल चेतन प्रकाश रूप परिपूर्ण आत्मा आनन्द स्वरूप छौ ।

धर्माधर्मौ सुखं दुःखं मनसानि न ते विभो ।
न कर्तासि न भोक्तासि मुक्त एवासि सर्वदा ॥६॥

भाषा

धर्मा धर्म सुखं दुखं मनैका धर्म हुन् बुझौ ।
न कर्ता हौ, न भोक्ता हौ, तिमी ता नित्य मुक्त छौ ॥६॥

भावार्थः- धर्म, अधर्म सुख, दुःख, हानि, लाभ आदि जो हुन् ती सबै मनकै संकल्पहरूबाट भएका हुन् । त्रिकालमा पनि यसको तिमीमा संबन्ध हुन आउँदैन, तिमी कर्ता होइनौ, भोक्ता होइनौ जसले विहित वा निषिद्ध कर्म गर्ने म हूँ भन्छ, त्यो अभिमानीमा मात्र सुख दुःख, हानी लाभको भोक्तापनको भान हुन्छ । अभिमान शून्य तिमीमा यी विकार छैन, किन कि खास शुद्ध रूप तिमी स्वयं छौ, साथै सर्वदा मुक्त छौ । अज्ञानबाट भएका जुन सुख दुःखादि हो, ती, आत्मत्वभाव बुझेमा स्वतः निवृत्ति हुन जान्छ"

एको द्रष्टासि सर्वस्य मुक्त प्रायोऽसि सर्वदा ।
अयमेव हिते बन्धो द्रष्टारं पश्यसीतरम् ॥७॥

भाषा

सबैका एक द्रष्टा छौ सर्वदा तिमी मुक्त छौं ।
भेद-दृष्टि भए मात्र बन्धमा तिमी पर्दछौ ॥७॥

भावार्थः- तिमी खास अद्वितीय सर्व साक्षी सर्वदा मुक्त रूप छौ तिमीखास स्वयं द्रष्टाको द्रष्टालाई न जानेर ने अज्ञानी सरह बन्धनमा परेका छौ । सबै स्थान तथा सबै प्राणीहरूमा जुन आत्मा विद्यमान भएको छ, त्यही आत्मा एकै छ । अभिमानी जीव जन्म जन्मांतर ग्रहण गरेता पनि आत्मा त निश्चल सर्वदा मुक्तै छ ।

यहाँ शिष्य शंका गरी गुरुमा प्रश्न गर्दछन् कि "संसार बन्धजीवमा कसरी हुने हुन्छ र त्यो कुन वस्तु हो ?"

गुरु समाधान गर्दै बोल्नु हुन्छ "प्रत्यक्ष देहाभिमान नै संसारको बन्धन हो, अर्थात अब म यो कार्य गर्दछुँ र कार्यको फल भोग्दछुँ इत्यादि जुन सूक्ष्म हुन्छन्, त्यही संसार–बन्धनका कारण हुन । वास्तवमा आत्मा निर्लेप छ, तथापि देह र मनैको भोगमा जीव बद्ध भएको जस्तो हुन आएको छ"

अहं कर्त्तेत्यहं मान महाकृष्णाहिदंशित ।
नाहं कर्तेति विश्वासामृतं पीत्वा सुखी भव॥८॥

भाषा

म कर्ता हुँ भनी हिड्ने कालको मुख पर्दछन् ।
अकर्ता हुँ भनी चल्ने, विश्वासी मधु प्युँदछन् ॥८॥

भावार्थः- मै सर्वे–सर्वा कर्ता तथा भोक्ता हुँ भन्ने जुन अभिमान अहंकार हो त्यही महा भयानक काला सर्पबाट डसिएको हुँदा त्यही विष जुन विषयहरू हुन्, त्यसैबाट मोहित पारी राखेको छ । जहाँसम्म देहाभिमान रहन्छ, त्यो कालो सर्पको विष लागिनै रहने हुन्छ, त्यसकारण विषय रूप विषलाई उतार्न उत्तम ज्ञानी शुद्ध योगीको शरण परी उहाँकै उपदेशद्वारा ज्ञान प्राप्त भएमा देहको ममता हटेर परम कल्याण, परम शान्ति, पद प्राप्त भै सुख मिल्ने हुन्छ–किन कि आत्मा निर्लिप्त छ, त्यसमा मोहको स्पर्श हुनै सक्तैन ।

एको विशुद्ध बोधोऽहमिति निश्चय वह्निना ।
प्रज्वाल्या ज्ञान गहनं वीतशोकः सुखी भव ॥९॥

"म नै विशुद्ध हूँ बोध' यस्तो निश्चय अग्निले ।
अज्ञान-वन बोलेर शोक-शून्य सुखी बन ॥९॥

वा

वलेका अग्नि भैं एक शुद्ध ज्ञानै छ निर्मल ।
शोकादि दुःखको काठ डढ़ेमा हुन्छ निश्चल ॥९॥

भावार्थः- म शुद्ध ज्ञान रूप आत्मा छुँ । कारण म मा सजातीय, विजातिहरूको भेद छैन, निश्चय रूपि-अग्निद्वारा अज्ञान रूप वन भस्म भएर शोक, मोह, राग, द्वेष, प्रवृति, जन्म, मृत्यु, यी सबै नाश, भैसकेको हुँदा म शोक रहित परमानन्दमा प्राप्त आत्म रूप छुँ । त्यसो हुँदा म सुखी नै छुँ । यस्तै सुख सर्वत्र भएको हुँदा तिमी पनि सुखी हौ । अर्थात सुखी होऊ ।

यत्र विश्वमिद भाति कल्पितं रज्जु सर्पवत् ।
आनंद परमानंदः स बोधस्त्वं सुखं चर ॥१०॥

भाषा

जस्मा देखिन्छ ब्रह्माण्ड डोरीमा सर्प भै सत्र ।
आनंद - परमानन्द - ज्ञान रूप स्वयं बुझ॥१०॥

भावार्थः- आत्म ज्ञानबाट अज्ञान रूप वनलाई भस्म भएता पनि सत्य रूप संसारको ज्ञानबाट निवृति न हुने हुँदा-शोक रहित कसरी हुने ?, जस्तो डोरीमा सर्पको भान हुन्छ, त्यसतै यो संसार पनि कल्पित भएको छ, त्यो अज्ञान शुद्ध ज्ञान द्वारा आत्मालाई विचार विवेकबाट अनुसन्धान अभ्यास द्वारा जानेमा पूर्णत्व आत्मा ब्रह्मको प्रकाश हुनेछ, त्यही प्रकाशबाटै अज्ञान निर्मल हुन्छ । जसतो स्वपनामा कसैले कुनै हात हतियारले टाऊको काटि दिएमा त्यो वेदनाले दुःखि हुन्छ, तर निन्द्राबाट जागेमा यी दुःख स्वयम् नाश

हुन जान्छ । त्यस्तै ज्ञानप्राप्त सिद्धावस्था पुगेपछि अज्ञान नाश भएर परम सुखी हुने हुन्छ ।

मुक्ताभिमानी मुक्तोही बद्धो बद्धाभिमान्यपि ।
किं वदंतीह सत्येयं या मतिः सा गति र्भवेत् ॥११॥

भाषा

मुक्ताभिमानी मुक्त छ बद्धाभिमानी बद्ध छ ।
मतिको नै अनूसार गतिको फल मिल्दछ ॥११॥

भावार्थः- यदि यो संसार रज्जुको विषयमा सर्पको समान कल्पित छ, वास्तवमा आत्मा परम आनंद स्वरूपको छ भने फेरी बन्ध, मोक्ष, किन कसरी हुन्छ ? यो ज्ञान सद् ब्रह्म निष्ठ गुरुकै कृपा द्वारा अर्थात गुरूकै उपदेशानुसार साधन परिपक्व अभ्यास ज्ञानद्वारा निश्चयात्मक बुद्धि विवेक बाटै अन्धकार मेटिएका भावुक भक्त जनमा नै मुक्ति हुने लक्षण हुन्छ । जसमा गुरुमा श्रद्धा छैन गुरु उपदेशानुसार साधन परिपक्व छैन, ती संसारी अल्पज्ञ जीव संसारको बन्धन कहिल्यै छुटदैन । त्यसकारण बन्ध, मोक्ष अभिमान बाटै उत्पन्न हुन्छ । जसतो मति उसतै गति हुने कुरो सिद्धै छ । जसले जसतो भावना गर्दछ, त्यसतै ईश्वरले त्यसतै पुऱ्याइ दिने हुन्छ । भावना, शुद्ध गर्न अभ्यास द्वारा सत्रैको भलो चिताउने शुद्ध भावना उत्पन्न हुनु नै मुक्ति मार्गको सोपान हुने हुन्छ ।

आत्मा साक्षी विभुः पूर्ण एको मुक्तश्चिद क्रियः ॥
असंगो निःस्पृह शांतो भ्रमात्संसारवानिव ॥१२॥

भाषा

आत्मा साक्षी विभु पूर्ण सच्चिदानन्द रूप छ ।
असंगः निः स्पृहः शान्तः अक्रिय एक मुक्त छ ॥

संसारी सरि देखिन्छ असंसारी भए पनि।
भ्रमैले द्वेत देखिन्छ "जान ब्रह्म स्वयं तिमी"॥१२॥

भावार्थः- अज्ञानवाट यो देहलाई नै आत्मा मानेको हुँदा यो नभएको संसार नित्य जसतो भै रहेकोछ। वास्तवमा आत्मा संसारी छैन, किन कि आत्मा त साक्षी मात्र छ। अहंकारादि अंतःकरणको धर्मलाई जान्ने जो विभु हो, अर्थात नाना प्रकारका संसार जसवाट उत्पन्न भएकोछ, सबैका अनुष्ठान, सम्पूर्ण लोकमा व्यापक एक त्यस देखि अलग रहेका मायावी चैतन्य रूप, अक्रिय, असंग निस्पृह, शान्त रूप परमात्मा ब्रह्म स्वरूपलाई जान।

कूटस्थं बोधमद्वैतमात्मानं परिभावय ।
अभासोहं भ्रमं मुक्त्वा भाव वाह्यमथांतरम्॥१२॥

भाषा

कूटस्थ बोध अद्वैत आत्मालाई तिमी बुझ।
वाह्याभ्यन्तरको भाव हटाई शान्ति ली वस॥

सबैको हूँ अधिस्थान मेरै हो सब कल्पना ।
यस्तो निश्चयमा वस्ने सहसा पुग्छ शान्तिमा॥१३॥

भावार्थः- म देह रूप छुँ, स्त्री पुत्रादिक धन मेरै छन्, म सुखी छुँ वा दुःखी छुँ भावना अनादिकाल देखि भै आएको अज्ञान हटाउन एकै वाजी आत्मज्ञानको उपदेशद्वारा निवृत्तः हुन सक्तैन। यसै कुरालाई वेद व्यासजीले भन्नु भएको छः- "आवृति रसकृदुपदेशात्" "श्रोतव्य मन्तव्य" इत्यादि श्रुतिको विषयमा वारंवार उपदेश गर्नु भएको छ। यस कारण खूब संग मनन, श्रवण निदिध्यासन वरावर धैर्यता पूर्वक गर्नु पर्दछ। अष्टावक्रजीले पनि यो मै रहेका कुत्सित भावना जुन अज्ञान हो, त्यो त्याग गर्न

बारंबार यत्न गर्दै अद्वैत भावनाको उपदेश दिनु हुन्छ। बाह्य र अंतरको भावनाहरूलाई त्यागेर कूटस्थ अर्थात निर्विकार बोध रूप अद्वैत आत्म स्वरूपको विचार गर्दै रहू। यो अभ्यास जीवन पर्यन्त गर्दै रहू। यस मुक्त स्वरूपको साक्षात्कार हुन्छ। अन्यथा संसारमा तिमी फेरि पर्न संभावना हुने हुन्छ। खूब सावधान (सजग) होऊ।

देहाभिमानपाशेन चिरं बद्धोऽसि पुत्रक ।
बोधोहं ज्ञानखड्गेन, तन्निःकृत्य सुखी भव ॥१४॥

भाषा

देहको अभिमानैले बाँधिएको छ मानव ।
दर्प त्यो ज्ञान खड्गैले काटी बन्नु सुखी अब॥१४॥

भावार्थः- अनादि कालदेखि चली आई रहेका यो संसारमा देहको अभिमान एकै बाजी छुट्न सक्तैन, त्यसो हुँदा देहाभिमान रूप डोरी गाँठो फुकाउन अति कठिन छ। धैर्यता पूर्वक नित्य अभ्यासद्वारा शुद्ध विचार, अखण्ड परिपूर्ण आत्म रूप आफैमा रहेको आफैले खूब अनुसन्धानद्वारा अज्ञान रूपी डोरीका गाँठोलाई फुकाई बन्धन रहित भएमा आत्म रूपको साक्षात्कार हुने हुन्छ, अनि मात्र शान्ति सुख प्राप्त हुने हुन्छ।

निःसंगो निष्क्रियोऽसि त्वं स्वप्रकाशो निरंजनः ।
अयमेव हि ते बन्धः समाधिमनुतिष्ठसि ॥१५॥

भाषाः

निःसंगः निष्क्रिय तिमी, स्वप्रकाश निरंजन ।
बस्नू समाधिमा खाली बुझ अज्ञान लक्षण ॥१५॥

भावार्थः– केवल चित्तको वृत्तिलाई निरोध गरिने जो छ, त्यही समाधिले नै वन्धनको निवृति हुने हुँदा अन्तः करणको वृत्तिलाई जीतेमा निःसंग क्रिया रहित स्व प्रकाश रूप निर्मल आत्मा शुद्ध मुक्त आफैमा दर्शन हुने हुन्छ। जो अज्ञानी छ, त्यो अज्ञान छुटाउनालाई समाधि व्रतको अनुष्ठान गरिएको मात्र हो। मन शुद्ध निर्मल भएमा प्रकाश रूप आत्म स्वयमेव प्रकाशित छ।

त्वया व्याप्तमिदं विश्वं त्वयि प्रोक्तं यथार्थतः ।
शुद्ध बुद्ध स्वरूपस्त्वं मागमः क्षुद्रचित्ततम् ॥१६॥

भाषा

तिमी बाटै विश्व व्याप्त, तिमीमै छ प्रतिष्ठित ।
"शुद्ध बुद्ध" स्वयं जानी न होऊ घेर दुःखितः ॥१६॥

भावार्थः– विपरीत बुद्धि निवारणको लागि फेरि गहिरो उपदेश श्री अष्टावक्र मुनिज्यु गर्नु हुन्छः– जसरी सुवर्ण बाट अनेक किसिमका गहनाहरू बन्दछन्, त्यस्तै यो दृश्यमान संसार तिमी बाटै बनेका छन् । जसतो माटोबाट अनेक प्रकारका भाडोहरू बन्दछन्, त्यसतै तिम्रै मनका कल्पना बाट बनेका छन् । त्यस कारण यी संसार तिम्रै विषयमा ओत प्रोत भएको छ । यथार्थ रूपको विचार मननका साथ तिमी सचैतिर वा जोगिएर प्रपंच रहित भएमा शुद्ध चिद् रूप बोध स्वरूप आत्म प्रकाश तिमीमा नै हुन्छ, अर्थात ब्रह्मको सद् रूप तिमीमा नै प्रकाशमान भएको छ ।

निरपेक्षो निर्विकारो निर्भरः शितलाशयः ।
अगाधबुद्धिरक्षुब्धो भव चिन्मात्र वासनः॥१७॥

भाषा

अनिच्छा निर्भर शुद्ध-निर्विकारै छ शीतल ।
अगाध बुद्ध अक्षब्ध, होऊ चिन्मात्र वासनः ॥१७॥

भावार्थः-देहमा ६. वटा भाव विकारहरू छन् कुनकुन भने सुधा पिपासा प्राणकै विकार, त्यस्तै शोक, मोह, मनकै विकार, र जनम-मरण देहकै विकार हुन् । ती विकारहरू आत्मामा लाग्दैन, ती विकारहरू "जायते, अस्ति. वर्धते विपरिणमते, अपक्षीयते र विनश्यति" यी छओटा जुन भाव हुन्, स्थूल देहमा नै रहन्छ । आत्मा त त्यसलाई जान्ने साक्षी मात्र हो, त्यस्कारण सच्चिदानन्द स्वरूप, शान्त, शीतल स्वरूप, सुख, रूप, अगाधबुद्धि क्षोभ रहित, चैतन्य रूप तिमीमा नै प्रकाशमान छ ॥

साकारमनृतं विद्धि निराकारं तु निश्चलम् ॥
एतत् तत्त्वोपदेशेन न पुनर्भव सम्भवः ॥१८॥

भाषा

साकार जान झूठो ती निराकारै छ निश्चल ।
जानमा तत्त्व यो सार पुनर जन्म कहाँ छ र ॥१८॥

भावार्थः- श्री अष्टावक्रजीले पहिले नै दुइ श्लोकमा मोक्षको मार्ग अपनाउने जुन उपदेश दिनु भएको हो " विषयान् विषवत् त्यज" र " सत्यम् पीयूषवद्भज" त्यसै बाट सर्व साधारणमा आत्मा अमृत तुल्य हुनामा कुनै वर्णन भएको समझिने हुन आउँदैन । त्यस कारण स्पष्ट संग उहां भन्न हुन्छ-आत्मा सत्य र जगत असत्य वर्णन गर्नु भयो । ऐना (दर्पण) जुन छ हेरेमा प्रतिविम्ब जुन देखिन्छ, त्यसलाई अध्यस्त भनिन्छ । यो देखनामा मात्र काम लाग्ने हुंदा यो सत्य छैन, किन भने ऐनामा आफ्नो रूप हेरेमा उल्टो प्रतिविम्ब

देखिन्छ । शुद्ध विम्ब त आफु स्वयम् ऐना लाई हटाएमा विम्बको रूप त छदैछ । तसर्थ आत्माको साक्षात्कार गर्न् जगत रूपि जुन ऐना हो बुद्धि योगले, त्यो जगत ऐनालाई हटाएमा मोक्ष रूप पुरुषार्थ सिद्ध हुन आउने हुन्छ । फेरि जगतको मिथ्यात्ववर्णन गर्दै भन्नु हुन्छ–"साकार जुन देह हो अर्थात संसार बाह्य दृष्टिबाट देखिदा वस्तुहरू सबै कल्पित भएको स्वतः सिद्ध छ । निराकार आत्मा तत्त्व जुन छ निश्चल साथै त्रिकालमा सत्य रूपमा स्थित रहेको छ ॥

श्रुतिमा पनि यो भनिएको छ "नित्यं विज्ञानम् आनन्दं ब्रह्म" चिन्मात्र रूप तत्त्वको उपदेश बाटै आत्मा विषयमा विश्राम गर्नाले नै संसार चक्रबाट छुटने हुन्छ, अर्थात जन्म, मरणको भावना मेटी मोक्ष पद प्राप्त हुने हुन्छ ।

यथैवादर्शमध्यस्थे रूपेऽन्तः परितस्तु सः ॥
तथैवास्मिन् शरीरेन्तः परितः परमेश्वरः ॥१६॥

भाषा

जस्तो आदर्श रूपमा भित्र बाहिर एक छ ।
देहकै भित्र लौ त्यस्तै ईश्वर सर्व व्यापक ॥
ऐना मा रूप जो आफ्नै देखिए भैं प्रतिष्ठित ।
यत्र तत्र र सर्वत्र, एक आत्मा सदा स्थित ॥१६॥

भावार्थः– प्रचलित वर्णाश्रम धर्म रूप स्थूल शरीर तथा पुण्य पाप रूपी लिंग- शरीर यी दुवै जड हुन, त्यो आत्मा हुन सक्तैन, किन कि आत्मा अपरिच्छिन्न सर्व व्यापक छ । यसै विषयलाई लिएर दृष्टान्त यो लिएर भन्नु हुन्छ कि-जसरी ऐनामा प्रतिविम्ब पर्दछ र ऐनाभित्र बाहिर एकै पुरुष व्यापक हुन्छ– त्यस्तै यो स्थूल शरीरको विषयमा पनि आत्मा व्यापक भै रहेको छ, भनि एकोछ " यत्र विश्वमिदं भाति कल्पितं रज्जु सर्पवत्" अर्थात

जुन परमात्मामा यो विश्व रज्जु अर्थात डोरी झैं कल्पित सर्प देखा परेको छ; त्यस्तै यो संसार कल्पितै छ। वास्तविक आत्मा नित्य छ, अरू सबै मिथ्या छन्।

एकं सर्वगतं व्योम बहिरन्तर्यथा घटे ॥
नित्यं निरंतरं ब्रह्म सर्वभूतगणे तथा ॥२०॥

भाषा

एकै आकासले व्याप्त देखिए झैं चराचर ।
एकै आत्मा सबै ढाकी रहेकोछ निरन्तर ॥२०॥

भावार्थः- उपर्युक्त श्लोकमा काँचको दृष्टान्त दिएकोमा शिष्य यो शंका गर्नुहुन्छः- "काँचमा देह पूर्णताले व्याप्त भएको देखिदैन अर्थ स्पष्ट बुझिदैन" निवाणार्थ श्री अष्टावक्र मुनिज्यु भन्नु हुन्छः- "जस्तो आकाश घटादि संपूर्ण पदार्थहरूमा आत्माको प्रतिविम्ब व्यापक भएको छ, त्यही अखण्ड, अविनाशी पूर्ण ब्रह्म सम्पूर्ण प्राणीहरूका भित्र अंतरमा व्यापकतामा रहेको छ। यस विषयमा श्रुति प्रमाण यो छ"एष त आत्मा सर्वस्यान्तरः" यसकारण ज्ञान रूपी खड्गद्वारा देहाभिमान रूपी गलफण्डीलाई काटेमा मात्र सुखी शान्त हुन सकिने हुन्छ" ॥२०॥

यसरी श्री अष्टावक्र मुनिज्युले बताउनु भएको
ब्रह्म विद्याको भाषा टीका सहित
आत्मानुभावको सार उपदेश
प्रथम प्रकरण समाप्त भो ॥

श्रीः

अष्टावक्र गीता

शिष्य अनुभव प्रकरण

दोस्रो गुरू हुन्छ

श्री जनक उवाचः-

अहो निरंजनः शान्तो बोधोऽहं प्रकृतेः पर ।
एतावन्तमहं कालं मोहनैव विडंवितः ॥१॥

भाषा

मोहको वशमा पर्दा वितेछ काल व्यर्थमा ।
रहेछु मै बोध-ब्रह्म वसेको सब जीवमा ॥
म हूँ निरञ्जनः शान्तः बोध हूँ प्रकृतेः परः ।
गुरू प्रसाद मिलनाले म छूँ ऐले अमस्तरः ॥१॥

भावार्थः- श्री गुरुका प्रसाद अर्थात गुरुवाट शिष्यमा उपदेश तथा शक्ति पात भएपछि मात्र मोह नाश भै आत्मत्वको प्रकाश को ज्ञान हुने हुन्छ, श्री जनक महाराजामा गुरूको कृपा हुदा उहाँ आश्चर्य युक्त निरंजन सर्व उपाधि रहित, शान्त, विकार शून्य तथा प्रकृति देखि परको आत्माको साक्षात्कार भै परम आनन्दमा प्राप्तभै कृत कृत्य हुनुभै बोल्नु हुन्छः-

यथा प्रकाशयाम्येको देहमेनं तथा जगत् ।
अतो मम जगत्सर्वमथवा न च किंचन ॥२॥

भाषा

देह यो अथवा विश्व मनैबाट सुदर्शक ।
विलीन ती ममा शुद्ध, अद्वैत शान्त छुँ अब ॥
मेरै प्रकाशबाटै यो देखिन्छ स्वप्न झैं जगत् ।
अन्त्यमा नै ममा लीन,म हूं चिन्मय रूप सत् ।२॥

भावार्थः- जुन पहिले म आँफूमा, अर्थात मोह, अज्ञान अवस्थामा यो संसार देह, धन, जनलाई नै मानी आएका थियौं । अब, गुरुका कृपाले, भ्रान्तिले देह विषयमा जुन ममत्व मानीएको ती अज्ञान कल्पित यो संसार तथा देहको मोह नाश भै, यो कारण देह देखि पर रहेको आत्मा शुद्ध रूपको ज्ञान प्राप्त भयो ।

स शरीरमहो विश्वं परित्यज्य मयाऽधुना ।
कुतश्चित् कौशला देव परमात्मा विलोक्यते ॥३॥

भाषा

शरीर साथ यो विश्व त्याग्नाले म छु शान्तिमा ।
क्रिया कुशलताबाटै पुगिन्छ ब्रह्म धाममा ॥३॥

भावार्थः- देहादिको ममता द्वाराले नै संसार खडा हुन आएको छ । अब यी लिंग, शरीर, कारण शरीर तथा स्थूल शरीर सहित विश्व ब्रह्माण्ड जो छन्, ती गुरु कृपाबाटै बडो चातुर्यता अर्थात धेरै यत्न साथको अभ्यास द्वारा ममा श्रेष्ठ आत्माको ज्ञान शुद्ध निर्मल प्रकाश भएकोछ ।

यथानतो यतो भिन्ना स्तरंगाः फेन बुद्बुदाः ।
आत्मनो न तथा भिन्नं विश्वमात्म विनिर्गतम् ॥४॥

भाषा

* जल फोका जलैबाट निस्के झैं सब यो जगत् ।
निस्कने र विलाउने प्रकृति-भावना फगत् ॥

संसार चक्रको व्यूह आत्माके सृजना त हो ।
अबोध व्यूहमा पर्छ, सृष्टि गर्नू अबोध हो ।।४।।

भावार्थः- शरीर तथा जगत आत्मा देखि भिन्न मानेमा त द्वैत भाव सिद्ध हुने छ भन्ने शंका गरिएमा शंका निवारणको उत्तर यही दृष्टान्त ठीक हुन आउँछ, जसरी तरंग, झांग, फोक वा बुलबुल जो छन् ती जल देखि अलग हुँदैन,कारण यी जलै बाटै भएको हुदा जलै कारण रूप भए झैं त्रिगुणात्मक जगत् आत्मा देखि उत्पन्न भएको छ । यो आत्मादेखि भिन्न छैन, आत्मा व्यापक छ, आत्मादेखि अरू छैन ।

* तंतु मात्रो भवेदेव पटो यद्वद्विचारितः ।
आत्मा तन्मात्र मेवेदं तद्वद्विश्वं विचारितम् ।।५।।

भाषा

धागो बाटै छ निस्केको वस्त्र यो सुविचारदा ।
आत्माबाटै छ उत्पन्न विश्व देखिन्छ यो खडा ।।५।।

भावार्थः- दृष्टांत अर्को भन्दछुँ, वस्त्रमा धागो मिलेको छ, विचार गरी हेरेमा धागोबाटै वस्त्र तयार भएकोछ, त्यसतै जगत आत्मैबाट खडा हुन आएकोछ । शुद्ध विचार पूर्वक हेरेमा सम्पूर्ण विश्व आत्म रूपैछ, "सर्वम् खल्विदं ब्रह्म" को अर्थ श्रुति वेदले गाईएको छ ।

यथैवेक्षु रसे लुक्ष्ना तेन व्याप्तैव शर्करा ।
तथा विश्वं मयि लुक्ष्नं मया व्याप्तं निरन्तरम् ।।६।।

भाषा

जस्तो उखूमा गुलियो रस व्याप्त छ सर्वदा ।
त्यस्तै आत्मा स्वरूपैमा विश्व व्याप्त छ यो सदा ।।६।।

भावार्थः-जसतो उखुमा गुलिया रस सरोवरि हुन्छ त्यस्तै परमानन्द रूप आत्मा सबैमा व्याप्त भएको छ, त्यसकारण "अस्ति, भाति, प्रियम्" शब्द उल्लेख पूर्ण आत्मा सर्वत्र परिपूर्ण छ ।

* आत्मज्ञानाज्जगद्भाति आत्मज्ञानान्न भासते ।
रज्ज्वज्ञानादहि र्भाति तज्ज्ञानाद्भासते न हि ॥७॥

भाषा

आफ्नै अज्ञानबाटै नै विश्व देखिन्छ यो खडा ।
आत्मा ज्ञान हुना साथै विश्व यो हुन्छ वेपता ॥
डोरीमा सर्पको भान हुनाले रज्जु सर्पवत् ।
देखिन्छ, भ्रम भागेमा छुट्टिने नै छ सत् असत् ॥७॥

भावार्थः- अज्ञानद्वारा नै संसारमा आत्म भाव नभएको कारण अन्धकारमा परेका डोरी भ्रमले सर्प देखेर तर्सन्छ, अर्थात सुख दुःखको भवानामा चक्कर खाई रहन्छ । प्रकाश, दीप, ज्योति बलेमा अन्धकार मेटिई डोरीनै देखिने हुन्छ, सर्पको भावना हराउँछ । त्यसतै अज्ञान, ज्ञान दीप, द्वारा प्रकाश भएमा (अज्ञान) मेटिई शुद्ध आत्म रूप देखिने हुन्छ ॥७॥

प्रकाशो मे निजं रूपं नाति रिक्तास्म्यहं ततः ।
यदा प्रकाशते विश्वं तदाहं भास एव हि ॥८॥

भाषा

प्रकाश रूप मेरै ती पूर्ण व्याप्त चराचर ।
मेरै प्रकाशबाटै नै विश्व सारा प्रकाशित ॥८॥

भावार्थः- नित्य बोध रूप प्रकाश 'म' बाटै भएको स्वाभाविक प्रकाश छ । 'म' देखि प्रकाश अलग छैन । आत्म चैतन्य सबैमा प्रकाश भने, अज्ञान भन्ने वस्तुनै रहनु नपर्ने हो ? त यसको समाधान

यही हुन्छ कि जसरी स्वप्नमा चैतन्य अविद्याको उपाधिले कल्पित विषय सुख सत्य मानि दिनाले चैतन्यमा कुनै बोध हुन न आएकोले अज्ञानमा परेको हो । आत्मा चैतन्य सर्व कालमा छ, निश्चय पूर्वक श्रद्धा युक्त गुरुको उपदेशबाटै मनन, अध्ययन, निधिध्यासनको साधनामा रात्रो संग विचार गरी रहेमा अज्ञान हटी ज्ञानको साथ प्रकाशमान आत्मा सत्य छ। यसैलाई पुष्ट्याँइ दिएर वेदादि श्रुति शास्त्रले मुक्तकण्ठले गाएका छन् ।

* अहो विकल्पितं विश्वमज्ञानान्मयि भासते ।
रूप्यं शुक्तौ फणी रज्जौ वारि सूर्यकरे यथा ॥६॥

भाषा

डोरीमा सर्पको भान सिपिमा चाँदिको हुनु ।
अज्ञान नै हो रविको रश्मिमा जल संभनु ॥
आफैबाटै जन्मिएकी कल्पना-कविता-सुता ।
अभोग्या कवि-ज्ञानीको विषयानन्द सर्वदा ॥६॥

भावार्थः- अब समर्थ गुरुबाट शिष्यमा आत्मदर्शनको शक्तिपात भएपछि शिष्य विचार गर्दछ कि-अहो ! म स्वयं प्रकाश छुँ, तथापि अज्ञानले नै ममा विश्व भासेको रहेछ, अहो ! आश्चर्य, त्यही आश्चर्यको साथै दृष्टान्तकै सहारा लिएर समाधान गर्दछ कि जसरी भ्रममा परी सिपिमा चाँदि प्रतीत हुन्छ, त्यस्तै डोरीमा सर्प प्रतीत भएको छ, तथा सूर्यको किरणहरूमा मरु भूमिमा जलको प्रतीत हुन्छ, त्यसतै यो संसार अज्ञानबाटै कल्पित भएको छ, 'म' बाटै भ्रान्तिले संसार कल्पित भएको छ ।

मत्तो विनिर्गतं विश्वं मय्येव लयमेष्यति ।
मृदि कुम्भो जले वीचि कनके कटकं यथा ॥१०॥

भाषा

सुनमा वालु, माटोमा घट भै छाल पानिमा ।
'म' वाटै निस्कने विश्व विलीन हुन्छ यो ममा ॥१०॥

भावार्थः— यो जगत माया सहित आत्माकै सकाशबाट उत्पन्न भएकोछ, अन्त्यमा माया पनि आत्मैमा लय हुने हुन्छ, जस्तो घट गाग्रो आदि माटैबाट बनेको हुन्छ, अन्त्यमा माटैमा मिल्दछ, पानि बाटै तरंग फोका बन्दछ, तरंग छालहरू पानीमै आखिरमा मिल्दछ । फेरि गहनाहरू सुनबाटै बन्दछ, गालेमा फेरि सुनै हुन्छ । त्यस्तै माया सहित जगत आत्माकै सकाशबाट उत्पन्न भै अन्त्यमा आत्मैमा लय हुने हुन्छ । श्रुतिमा पनि यही उल्लेख भएको छ" यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत्प्रयन्त्यपि संविशन्ति"

* अहो अहं नमो मह्यं विनाशो यस्य नास्ति मे ।
ब्रह्मादिस्तम्बपर्यंतं जगन्नाशेपि निष्ठतः ॥११॥

भाषा

नाशिए पनि यो विश्व नष्ट हुन्न कदापि म ।
सर्वाधिष्ठान नै मै हूं मलाई छ नमो नमः ॥
ब्रह्मादिस्तम्ब पर्यन्त लोक नाश भए पनि ।
शेष बाँकी म नै हुन्छूँ व्याप्त छूँ म जहाँ पनि ॥११॥

भावार्थः— प्रश्न- यदि संसार उपादान कारण आत्मा भए आत्मामा पनि त अनित्य आउने होला, जसरी घट फूटेर माटोमा मिल्दछ, माटो पनि गलेर जाने नै हुन्छ, त्यस्तै जगत नाश भएमा आत्मा पनि छिन्न भिन्न हुने होला ?

उत्तरः— आत्मा संपूर्ण उपादान कारण भएता पनि नाश हुँदैन, यही त आश्चर्यको कुरो छ, सुनका डल्लाबाटै अरू गहना गुरिया

जो सुनको उपादान कारण भएको छ र सुनका डल्ला टुक्राटुक्री भई गलेमा नाश हुने हुन्छ, तर "म" नाश हुँदैन। कारण जगतको विवर्ताधिष्ठान "मै" मा छ। जसतो रज्जुमा सर्पको भान भएको हो, पछि प्रकाशमा सर्प न भै डोरी भन्ने ज्ञान हुन्छ, त्यो सर्प विवर्त भनिन्छ। सर्प नभएको वस्तु हुँदा डोरी अधिष्ठान भए भै वास्तविक जगतको कारण आत्मा नित्य सनातन छ। प्रलयमा पनि नाश नहुने कुरो श्रुतिले पनि भनेको "सत्यं ज्ञानम्, अनन्तं ब्रह्म" अर्थात ब्रह्म सत्य छ, ज्ञान रूप छ, साथै अनन्तै छ।

अहो अहं नमो मह्यमेकोऽहं देहवानपि ।
क्वचिन्न गन्ता नागन्ता व्याप्य विश्वमवस्थितः ॥१२॥

भाषा

न जान्छू म, नै आउँछू, विश्व ढाकी म बस्दछु ।
मलाई छ नमस्कार देह भैकन एक छुँ ॥१२॥

भावार्थः- प्रश्न- सुख, दुःख रूपी देह युक्त अनेक रूपमा भएको हुँदा, आउने, जाने गर्ने जो छन्, त्यसबाट सर्व व्यापकत कसरी सिद्ध हुन्छ ?

उत्तरः- 'म' भन्ने वस्तु बड़ो आश्चर्यको छ, त्यही आश्चर्य वस्तु लाइ नै नमस्कार गर्दछु, कारण नाना प्रकारका देह-रूपमा 'म' निवास गरेर अनेक भोगदछु। तथापि 'म' अलग एक रूप छुँ जसतो समुद्रबाट अनेक भाड़ोहरूमा जल भरिएर व्यवहारमा ल्याइन्छ ? त्यो जल अनेक उपाधी शीत, उष्ण, सुगन्ध, दुर्गन्ध, शुद्ध, अशुद्ध, ले विभुषित गराउँछन , त्यो जुन जल समुद्रको हो त्यही जल भैं "म" छु। यसतै सूर्यको प्रकाश सबैमा व्याप्त छ न आउँछ, नजान्छ, आउने जानेमा पनि समान रूपमा आत्म

'म' ज्योंका त्यो छुँ। केवल अज्ञानले मात्र त्यस्तो आवागमन भएको जसतो भान भएको छ।

अहो अहं नमो मह्यं दक्षोनास्तीह मत्समः ।
असंस्पृश्य शरीरेण येन विश्वं चिरं धृतम् ।। १३ ।।

भाषा

विश्वको पालना गर्छु असंलग्न भयीकन ।
'म' भन्दा दक्ष कै छैन आफैलाई नमो नमः ।।१३।।

भावार्थः—प्रश्नः—आत्मामा देहसंग छ, आत्मा असंग-कसरी हुन सक्तछ ?

उत्तरः- त्यही त भन्छ, आत्मा आश्चर्य रूपको छ, अर्थात अघत-घटनाको कार्य गर्नामा चतुर, किनभने शरीरमा रहेर पनि देह-स्पर्श आत्मामा छैन, साथै शरीरको कार्य कर्ताको रूपमा रहेकोछ, जस्तो अग्नि घिउको भाँडोमा लीन न भएता पनि घिउको डल्लो गलाउँदछ, त्यस्तै जगतमा आत्मा लीन छैन तापनि संपूर्ण जगतलाई धारणा गरी रहेको छ।

अहो अहं नमो मह्यं यस्य मे नास्ति किञ्चन ।
अथवा यस्य मे सर्वमवाङ्मनसगोचरम् ।।१४।।

भाषा

अकिञ्चन म छू या त जति जे छ अगोचर।
मलाई छ नमस्कार बुद्धिदेखि म छुँ पर ।।१४।।

भावार्थः- प्रश्नः- सम्बन्ध विना यो जगत कसरी धारणा हुन सक्तछ ? भित्तो घरको छतको कारण हुन्छ, काठ आदि घरकै सम्बन्ध भएर धारण गरी रहेकोछ भने विना सम्बन्ध जगतलाई धारणा गर्ने आत्मासंग किन, सम्बन्ध नभएको ?

उत्तरः—यही त आश्चर्यको कुरो छ, मित्र गहिरेर हेरेमा अर्थात् परमार्थ दृष्टिबाट हेरेमा मन वाणीबाट सम्बन्ध भएको जस्तो देखिन्छ, तर त्यो मिथ्या सम्बन्ध मात्र हो, जस्तो सुवर्ण कुण्डलको सम्बन्ध छ, त्यस्तै जगत जगतैसंग सम्बन्ध मात्र भएको मात्र हो, आत्मा निःसंग भएको हुंदा नमन गर्ने योग्यको छ।

ज्ञानं ज्ञेयं तथा ज्ञाता त्रितय नास्ति वास्तवत् ।
अज्ञानाद्भाति यत्रेदं सोहमस्मि निरञ्जनः ॥१५॥

ज्ञाना-ज्ञेय तथा ज्ञान त्रिपुटी रूपको जगत् ।
अज्ञानैबाट देखिन्छ निरंजन म छूँ फगत् ॥१५॥

भावार्थः— प्रश्नः— त्रिपुटी रूप जगत सत्य भैं प्रतीत हुन्छ भने फेरि जगतको र आत्माको मिथ्या सम्बन्ध भने कुरो कसरी हुन सक्त छ ? उत्तरः— ज्ञान, ज्ञेय, तथा ज्ञाता यी तीनैका एकटै भएमा त्यसलाई "त्रिपुटी" भनिन्छ। वास्तविक त्यो त्रिपुटी पनि सत्य होइन, किनकि अज्ञान बाटै मिथ्या सम्बन्ध भएको देखिन्छ, त्यसो हुँदा अज्ञान नाशिएमा आत्मा स्वयं प्रकाश निरंजन र पूर्ण रूपले प्रपंच देखि रहित हुन्छ ॥

द्वैत मूलमहो दुःखं नान्यत्तस्यास्ति भेषजम् ।
दृश्यमेतन्मृषा सर्वमेकोऽहं चिद्रसोऽमल ॥१६॥

भाषा

द्वैत नै दुःखको मूल अद्वैत सुख मूल छ ।
दृश्य यो छ सबै झूठो म एकै शुद्ध चिद्रस ॥
द्वैत भाव महादुःख यसको औषधि के छ र ?
देखिने यो सबै झूठो म ता छूँ शुद्ध चिद्रस ॥ १६॥

भावार्थः— प्रश्न"यदि आत्मा निरंजन भए दुःख सुखको सम्बन्ध किन हुन्छ"

उत्तरः- सुख, दुःख मनको भ्रान्तिले हुन्छ, द्वैत भावनामा नै सुख दुःखको भावना हुन्छ । वास्तवमा आत्मामा सुख दुःख केही पनि छैन । त्यसो हुंदा द्वैत भावना हटाउनलाई खूब विचार पूर्वक आफूमै स्थित रहेका आत्मालाई जानेमा, आत्मा निर्मल शुद्ध स्वरूपको ज्ञान हुन्छ । जगतको कार्य मायाद्वारा भएको त्यस देखि रहित चिन्मात्र अद्वितीय रूपको छ 'दृश्यमान यो सम्पूर्ण जगत् जड छ, मिथ्या छ, भने दृढ भक्ति हुनु नै द्वैत भ्रम नाशिने हुन्छ । यस बाहेक द्वैत भाव हटाउन अरू कुनै पनि उपाय वा औषधी छैन ।

बोध मात्रोऽहमज्ञानादुपाधिः कल्पितो मया ।
एवं विमृशतो नित्यं निर्विकल्पो स्थिति मम ॥१७॥

भाषा

बोध रूप म छूँ खास उपाधिः सब कल्पना ।
निर्विकल्पत्वमा छूँ म न ता मेरो छ भावना ॥
अज्ञानबाट नै मैले द्वैतको कल्पना गरें ।
बोध रूप म छूँ पेले निर्विकल्पत्वमा मिलें । १७॥

भावार्थः- प्रश्नः- द्वैतको जुन अध्यास हो, त्यो कसरी मेटिन्छ, आत्माको भान पनि त कल्पितबाटै हुन्छ कि कसो ?

उत्तरः- अध्यास रूपै अज्ञानावस्थामा हुने हुन्छ, जब अज्ञान उपाधि (अहंकारादि द्वैत प्रपंच) अध्यास कल्पनाबाटै अभ्यासद्वारा तत्त्व पदको पूरा ज्ञान हुन्छ । अनि मात्र शुद्ध रूपमा आफै प्रकाश रूपमा मिलिने हुँदा अखण्डानंद ब्रह्मको साक्षात्कार हुने हुन्छ । देहको भान रहे सम्म आत्म तत्त्वको ज्ञान हुदैन । देह अभिमान रहितमा नै वास्तविक निज स्वरूप आफूमा स्थित स्वयं प्रकाश आत्मै छ ॥

न मे बन्धोऽस्ति मोक्षो वा भ्रान्तिः शान्ता निराश्रया ।
अहो मयि स्थितं विश्वं वस्तुतो न मयि स्थितम् । ८॥

भाषा

म मा रहेको यो विश्व देखिन्छ तर यो असत् ।
बन्ध-मोक्ष कुनै छैन, द्वन्द्व देखि म छूँ पृथक् ॥
भ्रान्ति-निवृत्ति हुनु नै शुद्ध चैतन्य मिल्नु हो ।
असंलग्न भई वस्तु विवेक-दृष्टि खुल्नु हो ॥१८॥

भावार्थः- प्रश्नः- यदि विचार गर्नाले नै मुक्ति हुन्छ भने विचार नगरेमा त बिनाशै छ । किनभने विचार नाश भएमा मुक्ति त त्यसै नाश हुन्छ र विचार बिना नै मुक्ति पद प्राप्त हुने भए गुरू, शास्त्र, उपदेशको आवश्यकतै पर्दैन ?

उत्तरः- शुद्ध विचारबाट हेरेमा म मा बंध छदै छैन । अर्थात् विचार दृष्टिमा न आत्माको बन्ध हुन्छ, न मोक्षनै हुन्छ । किन कि आत्मा नित्य चित् स्वरूप छ त वेदान्त अर्थात वेदको पनि अन्त अर्थात विचारको मुख्य फल त भ्रान्तिको निवृति गराउनु, किन भने यो वस्तु नै आश्चर्यको छ । त्यसो हुँदा यी विश्व मबाटै अज्ञान कल्पितबाट खड़ा हुन आएको छ ॥

स शरीरमिदं विश्वं न किञ्चिदिति निश्चितम् ।
शुद्ध चिन्मात्र आत्मा च तत्कस्मिन्कल्पनाधुना ॥१९॥

भाषा

शरीर-विश्व ब्रह्माण्ड आत्मैको बुझ लौ घर ।
शुद्ध चिन्मात्र आत्मामा, कल्पना गर्नु के छर ? ॥
शरीर साथको विश्व छायाँ हो बुझ ब्रह्मको ।
अथवा यन्त्र हो माया देखिन्छ जो विचित्रको ॥ ९॥

भावार्थः- प्रश्न "अधिष्ठान जुन ब्रह्म छ, त्यसमा द्वैतको प्रपंचको कल्पना हटेको छैन। द्वैत विना मुक्तको भावना हुँदैन, कल्पना-प्रपंच त यसमा रहेकै छ। यो देह सहित जगत त छदैंछ,-यसमा भानको मेटिने सम्भावना नै छैन भने कल्पनादेखि रहित कसरी हुने ?

उत्तर- त्यो ब्रह्म न सत छ, न असतै छ, किनभने सर्व रूप सर्व व्यापक पूर्णत्व ब्रह्म रूपमा छ। यही कुरो श्रुतिले पनि भनेको छ "नेह नानास्ति किञ्चन" अर्थात् मायारूपी मल रहित चित्स्वरूप भएको हुँदा यसमा कल्पनाको भावना हुन आउँदैन"

शरीरं स्वर्ग नरकौ बन्धमोक्षौ भयं तथा ।
कल्पना मात्रमेवैतत्किं मे कार्यं चिदात्मनः ॥२०॥

भाषा

शरीर-स्वर्ग-नरक बन्ध-मोक्ष तथा भय ।
कल्पना मात्र यी खास, चिदात्मा म छुँ निश्चय ॥२०॥

भावार्थः-प्रश्न-यदि सम्पूर्ण प्रपंच मिथ्या हो भने, ब्राह्मणादि वर्ण मनुष्यादि जाति पनि अवास्तविक हुनु पर्ने। वर्ण जातिको अर्थ प्रवृत हुने विधि निषेध शास्त्र पनि अवास्तविक हुनु पर्छ। वर्णन गरिएका स्वर्ग-नरक विषयमा स्वर्गमा सुख, नरकमा दुःख, पनि त अवास्तविक हुनु पर्ने, तथा बन्ध, मोक्ष पनि अवास्तविककै कुरो हुन आएको छ ?

उत्तर-देह, स्वर्ग, नरक, बन्ध, मोक्ष, तथा भय त देहाभिमानीलाई नै हुने हुन्छ। ज्ञान प्राप्त ज्ञानीमा न देहको भान हुन्छ, न स्वर्ग, नरक। यी सबै अज्ञानावस्थामा मात्र हुन्छ, ज्ञानीमा हुँदैन।

अहो जन समूहेऽपि न द्वैतं पश्यतो मम ।
अरण्यमिव संवृत्तं क्व रतिं करवाण्यहम् ॥२१॥

भाषा

प्राणी-समूहमा वस्दा पनि देख्दिन द्वैत म ।
अरण्य-तुल्य यो तन्मा, गरूँ के रति ? लौ भन ॥२१॥

भावार्थः- यो संसार जसमा स्वर्ग, नरक, देश-विदेश, जगल मैदान, ग्राम, सहर, राष्ट्र आदि जुन जन समूह छन्, ती यी देहकै कल्पनामा रहेको छ । आत्मा खास म मा रहेको कल्पना रहित शुद्ध भएको हुँदा कल्पित संसारमा मेरो प्रीति के हुन सक्छ र ? ॥

नाहं देहो न मे देहो जीवोनाहमहं हि चित् ।
अयमे वहिमे बन्ध आसीद्या जीविते स्पृहा ॥२२॥

भाषा

मेरो देह पनि छैन देह-जीव म होइन ।
इच्छा पनि कुनै छैन म हूँ ब्रह्म सनातन ॥
बाच्ने इच्छा हुनाले नै अघि बन्धनमा थिएँ ।
आशा-इच्छा हटेकोले, जीवन्मुक्त पनि भएँ ॥२२॥

भावार्थः- प्रश्न- देहमै सबै व्यवहार हुने भएको हुँदा, देहमा ममता त राख्नै पर्दछ, यदि देहमा ममता नरहेमा कुन साधनबाट अमरत्वमा पुग्ने हो ?

उत्तरः यो देह पंच भूतात्मकबाटै बनिएको, यो देहसार छैन । देह भिन्न र बाहिर रहने जुन वस्तु छ, त्यही खास चित्स्वरुप आत्मानै म हुँ, त्यसो हुँदा, म मा देहको भान छैन, तसर्थ म मा न बन्ध छ, न मोक्ष छ । शुद्ध चैतन्य स्वरूपको छ ॥२२॥

अहो भुवन कल्लोलैर्विचित्रै र्द्राक्समुत्थितम् ।
मय्यनन्तमहाम्भोधौ चित्त वाते समुद्यते ॥२३॥

भाषा

चित्तको वायु चल्नाले आत्मानन्त-समुद्रमा ।
उठेका-छालद्वारा नै राग देखिन्छ दृष्टिमा ॥२३॥

भावार्थः- अधिष्ठान रूप आत्माको जब ज्ञान हुन्छ, त्यो ज्ञानीले यही भन्दछ कि, अहो ! बडो आश्चर्यको कुरो छ कि, म खास चैतन्य स्वरुपको छुँ । ममा चित्त रुपि वायुको योगले नाना प्रकारका ब्रह्माण्ड रूपि जुन तरङ्गहरू छन्, ती सबै मेरै अज्ञानबाटै कल्पित भएको रहेछ । यी सबै मायाबाटै कल्पित भएको हुँदा ब्रह्माण्ड म देखि भिन्न छैन, तर म भिन्न छुँ ॥२३॥

मय्यनन्तमहाम्भोधौ चित्त वाते प्रशाम्यति ।
अभाग्याज्जीव वणिजो जगत्पोतो विनश्वरः ॥२४॥

भाषा

चित्त-वायु शान्त हुँदा आत्मानन्त समुद्रमा ।
जीव व्यापार नाशिन्छ जगतडुंगा कहाँ त्यहाँ ॥२४॥

भावार्थः- अब प्रारब्ध कर्महरूको नाशको अवस्था देखाई श्री अष्टावक्र मुनिज्यू भन्नु हुन्छः- "म सर्व व्यापक चैतन्य स्वरुप समुद्र छुँ, ममा चित्त वायु जुन छ, त्यो शान्त भएमा अर्थात संकल्पादिरहित भएमा जीवात्मारूप व्यापारीमा हुने भाग्य, अभाग्य जुन छन्, ती देह आदि रथको समूह नाश त्यसै हुने हुँदा प्रारब्ध भन्ने कुरो त्यसमा कहाँ के छ र के हुन्छ ॥२४॥

मय्यनन्त महाम्भोधा वाश्चर्यं जीव बीचयः ॥
उद्यंति घ्नंति खेलन्ति प्रविशन्ति स्वभावतः ॥ २५ ॥

भाषा

जीवका छाल उर्लन्छन् आत्मानन्त-समुद्रमा ।
संघर्ष गर्छन् खेल्छन् ,यी स्वयं मिल्छन् अनन्तमा ।।२५।।

भावार्थः- अब संपूर्ण प्रपंच जुन छन् ती सबै मिथ्या जानेर भन्नु हुन्छः- अहो आश्चर्य, नीष्क्रिय, निर्विकार, म चैतन्य सागरको विचमा अविद्या काम कर्मरूप स्वभाववाटै जीव रूप तरंग उत्पन्न हुन्छन्, साथै परस्पर शत्रु भित्र भाववाटै ताडना गर्दै रहन्छन् साथै क्रीडा खेले। अविद्या नाशमा यी तरङ्गहरू मेटिई सागरमा भिन्न जसतै जीव आत्मैमा लय हुन्छन् । त्यही त मुख्य ज्ञान हुन् ।"

यसरी श्री अष्टावक्रजीले बताउनु भएको ब्रह्मविद्याको
सान्वय भाषा सहित आत्मानुभव उल्लास
द्वितीय प्रकरण सकियो

—०—

श्रीः

अष्टावक्र गीता

आत्मोपदेश

तेस्रो शुरू हुन्छ

अविनाशि नमात्मानमेकं विज्ञाय तत्त्वतः ।
तवात्मज्ञस्य धीरस्य कथमर्थार्जने रतिः ॥१॥

भाषा

आफुलाई अविनाशि जानेका तिमीले किन ?
लगाउँछौं अझले झैं विषयानन्दमा मन ॥
विषयासक्त व्यक्ति नै अर्थसंचयमा मन ।
लगाउँछ सदाकाल सुकाई व्यर्थमा तन ॥१॥

भावार्थः– आत्म ज्ञानको अनुभव भएकाहरू पनि विषयमा लागेका देखिन्छन् किन ? त्रिकालमा सत्य स्वरूप आत्मालाई देशकालको भेद रहने कुरो छैन । यसतो जानेका धैर्यवान् पुरूष विषयमा आसक्ति रहित कर्ममा लागेको मात्र हुन आउँछ । व्यावहारिक अर्थको संग्रह गर्नामा प्रीति, त्यसमा कुनै प्रकारको भावना देखिन आउँदैन । केवल अज्ञानी मात्र विषयमा लीप्त सकाम गर्ने हुन्छन् ॥

आत्माज्ञानादहो प्रीति र्विषय भ्रम गोचरे ॥
शुक्ते रज्ञानतो लोभो यथा रजत विभ्रमे ॥२॥

भाषा

न हुँदा आत्मको ज्ञान, हुन्छ विषयमा रति ।
सिपिमा चाँदि देख्नाले वुझ्न है हुन्छ दुर्गति ॥ ॥

भावार्थः–विषयमा प्रीति आत्मालाई न जानेर नै हुन्छ । यस् कुरोकं पुष्टि दिदै युक्ति पूर्वकको दृष्टान्त दिएर भन्नु हुन्छ–जसरी सिपिम अज्ञानलेनै चाँदिको भावना हुन्छ । त्यसतै आत्मा विषयमा अज्ञानकं भ्रान्तिले विषयमा प्रीति हुने हुन्छ । जसमा शुद्धज्ञान प्राप्त गर्ने हुन्छ उसलाई स्वयं प्रकाश आत्माको साक्षात्कार हुने हुन्छ र विष सरि खराब सम्झेर त्याग गरि दिने हुन्छ ।

विश्वं स्फुरति यत्रेदं तरंगा इव सागरे ।
सोऽहमस्मीति विज्ञाय किं दीन इव धावसि ॥३॥

भाषा

तरंग झैं समुद्रमा स्फुरेका विश्व यो मन ।
'म' भन्न खास यो जानी दीन झैं दौडिने किन?॥३॥

भावार्थः– जसरी सागरमा अनेक तरंग ज्वार भाटा चल्ने हुन्छ, त्यस्तै अज्ञानबाट यो विश्व संसारको रचनामा मोह मै फस्ने हुन्छ । आखिर ज्वार भाटा तथा तरंगहरू सागरैको पानीमै शान्त भै मिल्ने हुन्छ । त्यस्तै ज्ञान प्राप्ति भएमा आत्माबाटै भ्रान्तिले भएको विषय रचना आत्मामै शान्त भै मिल्ने हुन्छ । त्यस्तो जीवनको धनी भएर व्यर्थै दीन हीन भै आनन्द शून्य असार विषयमा मानिसहरू मरीमेटी रहने हुन्छन्, किनः–

श्रुत्वापि शुद्ध चैतन्यमात्मानमति सुंदरम् ।
उपस्थेत्यंत संसक्तो मालिन्यमधि गच्छति ॥४॥

भाषा

शुद्ध चैतन्यनै मै हूँ भन्ने जानीकनै पनि ।
उपस्थमा रमाउँछौ किन अज्ञ सरी बनि ॥४॥

भावार्थः– यसतो महान् वाणी जुन शुद्ध आत्माको दर्शन गरिने योगको वर्णन श्रुति वेदान्त तथा गुरुहरूले सरल तरिकाबाट सम्झाइएका ज्ञान जुन हुन्छ, ती ज्ञान प्राप्त भएका विद्वान् जन कहिल्यै पनि विषयमा रम्दैन तर किन हो ? शास्त्र विद्या पढ़ेर पनि सुनेर पनि विषयैतिर दौडी रहन्छन् ? धन्य हो मायाको प्रबलता !!

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।
मुनेर्जानत आश्चर्यं ममत्वमनुवर्तते ॥५॥

भाषा

सबैको देहमा बस्ने देही आत्मा बुझिकन ।
विषयानन्दमा रम्नू, अहो ! अज्ञान लक्षण ॥
सबैमा एक आत्मा छ आत्मामा सब भूत छन् ।
भन्ने, कर्म नगर्ने ती अहो! ज्ञानी विचित्र छन्॥५॥

भावार्थः– ज्ञान प्राप्त भएका व्यक्ति पनि विषयमा प्रीति गरिने जो छन् त्यसको निन्दा गरी भन्नु हुन्छ-ब्रह्मादेखि लिएर तृण पर्यन्त सम्पूर्ण प्राणीहरूमा अधिष्ठान रूपले आत्मा विद्यमान छ र सम्पूर्ण प्राणीहरू आत्मामै अध्यस्त छन् । जसरी डोरीमा सर्प कल्पित हुन्छ, त्यसतै जानेर पनि मानिसहरू विषयमा ममता राख्दछन् । बडो आश्चर्यको कुरो छ, यही त मूर्खता हो । भनाई छ, नपढेका मूर्ख भन्दा पढेका मूर्ख भयानक हुन्छन् ।

आस्थितः परमाद्वैतं मोक्षार्थेऽपि व्यवस्थितः ।
आश्चर्यं कामवशगो विकलः केलिशिक्षया ॥६॥

भाषा

अद्वैतमा वसेका ती मोक्षार्थी पनि हेर लौ ।
मुक्तिको कामना गर्छन् कामकै वशमा परी ॥
विषयी जननै निन्दा राग-द्वेषादि गर्दछन् ।
कामोपभोग रतिमै परमानन्द मान्दछन् ॥६॥

भावार्थः- आत्मताको ज्ञान भएका तर अभ्यास नगरिएका ढोंगीहरूको निन्दा गर्दै भन्नु हुन्छः- परम अद्वैत अर्थात सजातीय स्वगत भेद शून्य जुन ब्रह्म हो, त्यसको आश्रय र मोक्ष रूपि सच्चिदानन्द स्वरूप विषयमा निवास गरिने पुरुष मोहवश नाना प्रकारका क्रीडाको लालच मोहमा परेर, विषय आदिमा रमेर, द्वेष रागादिलाई अपनाएर जीवन त्यसै खेर फाल्दै बिताई रहेका हुन्छन्, यही त बडो आश्चर्यको कुरो छ ।

उद्भूतं ज्ञानदुर्मित्रमवधार्यति दुर्बलः ।
आश्चर्यकाममाकांक्षेत्कालमंतमनुश्रितः ॥७॥

भाषा

कालको भर क्यै छैन आज हो या त भोलि हो ।
जानु पछे गेह छोडी बसेको देह यो अहो ! ॥
ज्ञानको शत्रु हो काम कामारिः शिव हौ स्वयम् ।
"तत्त्वमसि" वाक्य बुझी भेद बुद्धि किन द्वयम् ? ॥७॥

भावार्थः- नाना प्रकारका जुन भोग विलास हो, कहिल्यै पनि न अघाइने नित्य लोभ बढ्दै उत्पन्न हुने जुन विषय हो, महा शत्रुज्ञानलाई ढाकने अनर्थकारी जानेर पनि विषयमा लुब्ध भै रहन्छन् । बडो आश्चर्यको कुरो छ । जीवन आज छ भोली छैन । त्यस्तो जानेर विषय तृष्णा छोडेर आनन्द प्राप्तिमा अभ्यास गर्नु पर्ने हुन्छ ।

इहामुत्रविरक्तस्य नित्यानित्यविवेकिनः ।
आश्चर्यं मोक्षकामस्य मोक्षादेव विभीषिका ॥८॥

भाषा

विरक्तको भय छैन नित्यानित्य विवेकको ।
भय त्यहीं बसेको छ जहाँ काम छ भोगको ॥
विरक्तिको विवेकीको निंति भय कहाँ छ र ?
पूर्ण-ब्रह्म-शेष आफै, भिन्न के छ, तिमी भन ॥८॥

भावार्थः- संसार अनित्य छ, आत्मा नित्य छ भन्ने जानेर पनि यो न रहने देह तथा परिवारको संझनाबाट भयभीत भै रहने हुन्छन् । बडो आश्चर्यको कुरो छ, स्वप्नामा अनेक प्रकारका सुख सामग्री पाएको देखिन्छ, तर जागे पछि नाश हुन्छ । त्यसतो विषय सुख छ, कहिल्यै न नाशिने जुन छ, त्यसको खोजी गर्दैनन् । असत वस्तु धन जन परिवारमा मोह ग्रस्त भै वियोगमा शोक गरी रहन्छन् । जुन वस्तु सत्य छ कहिल्यै न नाशिने, जसमा शोक, अशोक, योग, वियोग देखि रहित पूर्ण ब्रह्ममा के शोक गर्नु पर्दथ्यो ?

धीरस्तु भोज्यमानोऽपि पीड्यमानोऽपि सर्वदा ।
आत्मानं केवलं पश्यन्तुष्यति न कुप्यति ॥९॥

भाषा

न मात्तिन्छ न आत्तिन्छ सुखमा दुःखमा कदा ।
रिसाउँछ न त हुन्छ खुशी-धीर सुखी सदा ॥
हर्ष, शोक, क्षुधा, प्यास, जन्म-मृत्यु विवर्जित ।
आत्मा देख्दछ सर्वत्र देहै भित्र प्रतिष्ठित ॥९॥

भावार्थः- ज्ञानीमा हर्ष-शोक कुनै पनि हुँदैन नाना प्रकारका भोग सुख प्राप्ति भएमा पनि ज्ञानी हर्ष गर्दैन, साथै जसतो सुकै दुःख पीड़ा परे पनि शोक गर्दैन। किनभने सुख, दुःख रहि नित्यानन्द आत्मा रमि रहने हुन्छ ॥९॥

चेष्टमानं शरीर स्वं पश्यत्यन्यशरीरवत् ॥
संस्तवे चापि निन्दायां कथं क्षुभ्येन्महाशय ।१०॥

भाषा

जरामरणले वास गरेको देहमा पनि ।
प्रेम के गरला ज्ञानी, गुणातीत छ जो मुनि ॥
अस्थिर आफ्नो देह देखेर कुन धीर त्यो ।
निन्दा स्तुत्यादिमा कैल्ये क्षुब्ध होला र वीर त्यो ॥१०॥

भावार्थः- हर्ष-शोकको हेतु जुन-स्तुति, निन्दा आदि छन्, ती सबै शरीरका धर्म हुन्। देह देखि आत्मा भिन्न छ। त्यसो हुँदा ज्ञानी आत्म स्वरूपमा मिलेको हुँदा हर्ष शोक भन्ने-कुरो केहि पनि लागु हुन आउँदैन। अज्ञानी मात्र देहको भानमा सुख दुःख तथा मान अपमानमा हर्ष, शोक, सुखी दुःखी-खेदमा प्राप्त हुने हुन्छन् ॥१०॥

मायामात्रमिदं विश्वं पश्यन्विगतकौतुकः ।
अपि सन्निहिते मृत्यौ कथं त्रस्यति धीरधीः ॥११॥

भाषा

मायाको कार्य यो विश्व जानेका धीरले सबै ।
कालको रूप देखेर तर्सिएला र त्यो कबै ? ॥
संसार-रंगशालामा दृश्य छन् रंग-रंगका ।
द्रष्टा स्वयं तिमी हेर लीला श्रीकृष्णचन्द्रका ॥११॥

भावार्थः- मायाद्वारा विश्व संसारको एउटा नाटक रचने रंगभूमि हो । यहाँ अनेक नाच भैरहेकै हुन्छन् , अनेक स्वांगी नाच भैरहेकै हुन्छन् । कहिले आउने, कहिले जाने, नट-नटीहरू, कोही राजा, कोही प्रजा, नदी, पाहाड, जंगल, भवन, वाग वगैचा आदिको सिर्जना हुन्छन् , साथै नाश पनि हुन्छन् । कोहि हाँसने, कोही रुने, यस्तै नाट्यशालामा आ-आफ्नो कौतुक कलाद्वारा मोहित पारी अलमल्याई विसर्जन पनि हुने हुन्छन् । ज्ञानी त्यसमा रमाउँदैनन् । परै वसेर मायाको रचना बुझेर नित्यवस्तु आत्मैमा स्थित भै रहेको हुन्छ ॥

निःस्पृहं मानसंयस्य नैराश्योऽपि महात्मनः ।
तस्यात्मज्ञानतृप्तस्य तुलना केन जायते ॥१२॥

भाषा

नैराश्य कसरी होला इच्छारहित चित्तमा ।
ज्ञानले तृप्तआत्माको तुलना के छ विश्वमा ? ॥
जसको छ भावना दृढ त्यसको पूर्ण मनोरथ ।
जसबाट हुन्छ कल्याण तिमी जाऊ त्यही पथ ॥१२॥

भावार्थः- ज्ञानी जनमा दृढ भावना हुन्छ, त्यही भावनाले सबै मनोरथ पूर्णतामा प्राप्ति हुन्छ । अर्थात स्वयं मोक्ष पदमा पुग्ने हुँदा मोक्ष भन्ने कुराको अभिलाषा पनि हराउँदै जान्छ । ज्ञानी समान सुखी अरू कुनैपनि हुन आउँदैन ।

स्वभावादेव जानाति दृश्यमेतन्न किञ्चन ।
इदं ग्राह्यमिदं त्याज्यं स किं पश्यति धीरधीः ॥१३॥

भाषा

दृश्य यो क्यै पनि हैन स्वभावैबाट जान्दछ ।
यो त्याज्य अथवा ग्राह्य, धीरको निति के छ र ? ॥१३॥

भावार्थः- ज्ञानी पुरुष केवल एकमात्र आत्म सत्ता मानिने हुँदा दृश्यमान द्वैत, प्रपंच मिथ्या रूप जगत कल्पितमा के ग्रहण त्यागको व्यापार भावना हुन्छ र ? अर्थात् न सत मान्दछ, न असतै मान्दछ । त्यसोहुँदा ग्रहण त्यागको भावना विद्वान ज्ञानीमा कहिल्यै पनि हुन आउँदैन ॥

अन्तस्त्यक्तकषायस्य निर्द्वन्द्वस्य निराशिषः ।
यदृच्छया गतो भोगो न दुःखाय न तुष्टये ॥१४॥

भाषा

अन्तःस्करण जस्को छ इच्छा शून्य अमत्सरः ।
सुख दुःखादि क्यै छैन पर्छ जो भाग्यको भर ।।१४॥

भावार्थः- राग-द्वेष, सुख दुःखादि, अन्तस्करणमै हुने हुन्छ । विशुद्ध भावना भएका ज्ञानीमा अन्तस्करण आत्मैको प्रतिविम्वको साधन जड वस्तुको भान हुने हुँदा जड वस्तुमा रमने भावै हुँदैन । अर्थात् सप्त द्वन्द रहित तथा विषयादि रहित शुद्ध आत्ममा रमण गर्ने ज्ञानीमा वाहिरको वस्तुमा के ममता हुन्छ र ? हुदैन । शान्त, सुन्दर शिवमा मिली परम ब्रह्म मिल्ने हुन्छ ।

यसरी श्री अष्टावक्र मुनिज्यूले वताउनु भएको
ब्रह्मविद्याको भाषा भावार्थ सहित
आक्षेपोद्गार उपदेश नामको
तेस्रो प्रकरण सकियो

—०—

श्रीः

अष्टावक्र गीता

तुरीय प्रकरण वर्णनम्

चारौ प्रकरण शुरू हुन्छ

हन्तात्मज्ञस्य धीरस्य खेलतो भोगलीलया ।
न हि संसारवाहीकै मूढैः सह समानता ॥१॥

भाषा

संसार– भार वोकेका अज्ञानीसंग धीरको ।
समानता कहाँ हुन्छ जड–चेतन तत्त्वको ? ॥
"आफैले ने वनाएको खेल यो भव–चक्रको" ।
भन्ने वुझेको ज्ञानीले भोग गर्दछ भाग्यको ॥१॥

भावार्थः- अव शिष्य विचार पूर्वक गुरूको तत्त्वको उपदेशद्वारा मनन साधनवाट परिपक्वभै आत्मतत्त्वमा रमेर भन्नु हुन्छः–ज्ञानी संपूर्ण व्यवहारलाई मिथ्या जानेर प्रारब्धानुकूल नाना प्रकारका भोगहरूलाई पनि आत्मविलासै मान्दछ, कारण यहि हुन्छ के संपूर्ण जगतको अधिष्ठानभै आत्मा छ । त्यस्तो जानेका धीर विद्वान कुनैमा पनि आसक्ति राख्दैन । प्रारब्धको अनुसार प्राप्त भएका विषयहरूलाई क्रीडा जसतै सम्झेर संसारमा देह देखि अलग रहेर आत्मैमा रमी रहने हुन्छ । अरु अज्ञानी भैं विषयमा आसक्ति राख्दैन, सोहि कुरो श्री भगवान कृष्णजी गीतामा अर्जुनजीलाई सम्झाई भन्नु हुन्छः–

"तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्ते इति मत्वा न सज्जते ॥"

"अर्थात् आत्मज्ञानी सबै व्यवहारहरूमा रहेर कुनै कार्यको अभिमा गर्दैनन् । किनकि गुण गुणैको विषयमा लागु हुने हुँदा कुनै मेरो हा गर्दैन, म त केवल साक्षी छुँ" ॥

यत्पदं प्रेप्सवो दीनाः शक्राद्याः सर्वदेवताः ।
अहो तत्र स्थितो योगी न हर्ष मुपगच्छति ॥२॥

भाषा

स्वर्गादि पद पाएका पनि इन्द्रादि दीन छन् ॥
हर्ष शोकादिले शून्य, अहो ! ती धीर धन्य छन् ॥२॥

भावार्थः- प्रश्नः- ज्ञानी पदमा पुगेका तत्त्ववित् पुरुष अ संसारी नर-नारी जस्तो किन हुँदैन ?

उत्तरः- यही त आश्चर्यको कुरो छ । इन्द्रादि देवताहरू आत्मपद प्राप्तिको लागि इच्छा गर्दछन्, तर आत्मपद प्राप्त गर्न नसकी दीन भैं नित्य दुःखी सुखी भै भ्रमणमा परीरहेका छन् । सच्चिदानन्द स्वरूप आत्मपदमा स्थित अर्थात् तत्त्वम् पदार्थको ऐक्य ज्ञानबाट आत्मपदमा पुगेका जीवनसार रूपमा स्थित ज्ञानी पुरुषमा विषय सुख नाश भएता पनि शोक मोहमा पर्दैनन् ॥

तज्ज्ञस्य पुण्यपापाभ्यां स्पर्शो ह्यन्तर्न जायते ॥
न ह्याकाशस्य धुमेन दृश्यमानोपि संगतिः ॥३॥

भाषा

सुख दुःखादिको स्पर्श पुग्न सक्दैन धीरमा ।
धुँवाले व्याप्त आकाश देखिए भैं छ व्यर्थमा ॥३॥

भावार्थः- "तत्त्वम्" पदार्थको एकता भन्ने बुरो जानेका योगी ज्ञानीमा पाप-पुण्य, धर्म, अधर्मको भावनाहरू हुँदैन । अन्तस्करणको धर्म हो पाप-पुण्य वेदोक्त विधि निषेधको बन्धनमा पर्ने भन्ने कुरो ज्ञानीमा आउँदैन । किन भने अन्तःकरणमा पाप-पुण्य सम्बन्ध छैन, जसतो धुँवा आकाशसंग सम्बन्ध हुँदैन । गीतामा श्रीभगवान कृष्णजी अर्जुनमा भन्नु हुन्छः- "ज्ञानाग्निः सर्व कर्माणि भस्मसात् कुरुते तथा" अर्थात् ज्ञान रूप अग्निले सबै कर्महरूलाई भस्म गराई दिने हुन्छ ॥

आत्मैवेदं जगत्सर्वं ज्ञातं येन महात्मना ।
यदृच्छया वर्तमानं तंनिषेद्धुं थमेतकः ॥४॥

भाषा

आफैबाट भएका ती विश्व जानेर धीरले ।
अनाशक्त भई भोग गर्दछन् बुद्धि योगले ॥
आत्मज्ञ देख्दछन् सारा वासुदेवमयं जगत् ।
स्वेच्छा पूर्वक आएको भोग्दछन् भोग ती फगत् ॥४॥

भावार्थः- ज्ञानी पनि संसारमै रहेर कर्म गरी रहेको हुन्छ त त्यसलाई पाप-पुण्यको स्पर्श किन हुँदैन ? यो दृष्यमान जगत आत्मैबाट भएकोछ भन्ने ज्ञानीले जानेको हुन्छ । तदन्तर प्रारब्ध वशीभूत भएर नाटकको पार्ट झैं क्रीडा गरी आत्मपदमा मिल्ने हुन्छ । वेद वचनले पनि ज्ञानीलाई रोक्न सामर्थ्य छैन, किन भने "प्रबोधनीय एवासौ सुप्तौ राजेव वंदिभिः" अर्थात जसरी वंदी (भाट) राजाको चरित्र बयान गर्दछ, त्यस्तै वेदले पनि आत्म ज्ञानीको वर्णन गरी रहने हुन्छ ।

आब्रह्मस्तम्बपर्य्यन्ते भूतग्रामे चतुर्विधे ।
विज्ञस्यैव हि सामर्थ्यमिच्छानिच्छा विसर्जने ॥४॥

भाषा

इच्छामा या अनिच्छामा रहेको भूत ग्राम छ ।
इच्छानिच्छा दुवै देखि ज्ञानीको स्थान छुट्ट छ ॥५॥

भावार्थः-"ज्ञानी आफ्नो इच्छा अनुसार हिंड्दछ कि देव इच्छामा चल्दछ ?"

"ब्रह्मा देखि तृण पर्यन्त चारै प्रकारका प्राणीहरूले भरीएका ब्रह्माण्डमा इच्छा अनिच्छा यी दुइवाट अलग हुनसक्तैनन् । तर ज्ञानीमा यस्तो सामर्थ्य भरीएको हुन्छ की इच्छा, अनिच्छालाई जीतेको हुन्छ' ।

आत्मानमद्वयं कश्चिज्जानाति जगदीश्वरम् ।
यद्वेत्ति तत्सकुरुते न भयं तस्य कुत्रचित् ॥६॥

भाषा

आत्मज्ञ जो छ त्यो साक्षात् बुझ्न हो जगदीश्वर ।
सच्चिदानन्दमा पुग्ने ज्ञानीमा भय के छ र ? ॥६॥

भावार्थः- ज्ञानी पुरुष सर्वसम्पन्न आत्म रूप धन प्राप्त भएका धनी हुन्छ । त्यसो हुँदा द्वैत प्रपंच देखि रहित विश्व संसारै आफ्नै सम्पतिवान ज्ञानीमै हुन्छ । उहाँलाई डर कसैमा पनि हुन आउंदैन । अद्वितीय आत्मस्वरूपको ज्ञान रूपि धन जो छ, कहिल्यै पनि न नासिने अपूर्व शक्ति ज्ञानीमा सदा सर्वदा सहयोगी हुन्छन् । निर्भय आत्मज्ञानी साक्षात् आत्मै हुन् । त्यसमा लोक परलोकको भय हुँदैन ।

यसरी अष्टावक्र मुनिवाट रचिएको यो ब्रह्मविद्या
भाषा तथा भावार्थ सहितको भाव उल्लासको
चारौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

लय प्रकरण

पाँचौं प्रकरण शुरू हुन्छ

नते संगोऽस्ति केनापि किं शुद्धस्त्युमिच्छसि ।
संघातविलयं कुर्वन्नेवमेव लयं व्रज ॥१॥

भाषा

गर्दछौ त्यागको इच्छा किन शुद्ध भईकन ?।
कसैसंग पनि छैन तिम्रो संगति यो भन ॥
गुणलाई गुणैमा नै मिलाई निर्गुणी वन ।
देहाभिमान त्यागेर वश शान्ति लिई कन ॥१॥

भावार्थः- आत्म शुद्ध बुद्ध स्वरूप छ, त्यसमा अहंकारादिसंग सम्बन्ध हुँदैन, साथै ग्रहण त्यागेको भावना छैन । त्यस कारण संघात निषेध गर्दै ज्ञानी आत्मामा लय भैसकेको हुन्छ । अर्थात देहादि सम्पूर्ण जगतका वस्तुहरू जड हुन्, त्यस्तो मिथ्या वस्तुदेखि अलग रहेको हुन्छ ।

उदेति भवतो विश्वं वारिधेरिव बुद्बुदः ।
इति ज्ञात्वैकमात्मानमेवमेव लयं व्रज ॥२॥

भाषा

आफैबाट निस्किएको तरंग भै समुद्रको ।
विलीन हुन्छ आत्मैमा देखिने विश्व जो छ यो ॥२॥

भावार्थः- यो जगत आफ्नै भावनाले रचिएको छ । अर्थात् जसरी जलबाटै तरंग, फोका, भुमरी बुल बुल उत्पन्न हुन्छ, आखिर जलैमा बिलाउँछ । त्यस्तै यो संसार आत्मैमा लय हुने हुन्छ । आत्मा एक छ, एकत्वमा नै शक्तिको प्रादुर्भाव हुन्छ ।

प्रत्यक्षमप्यवस्तुत्वाद्विश्वं नास्त्यमले त्वयि ।
रज्जु सर्प इव व्यक्तमेवमेव लयं व्रज ॥३॥

भाषा

प्रत्यक्ष देखिने विश्व डोरीमा सर्पवत् बुझ ।
निर्मलात्मा तिमी शुद्ध विश्वका हौ प्रकाशक ॥३॥

भावार्थः- "प्रत्यक्ष हारमा सर्प आदिको भेद प्रतीत हुन्छ भने कसरी लय हुन सक्छ ?"

"डोरी मालामा सर्पको प्रत्यक्ष प्रतीत हुने हुन्छ,तर त्यहाँ वास्तवमा सर्प छैन । त्यसतै प्रत्यक्ष प्रतीत हुने यो जगत निर्मल आत्मामा हुन सक्तैन । यसै गरी जगत र आत्माको लयभाव जानीने कुरो छ ।

सम दुःख सुख पूर्ण आशानैराश्योः समः ।
सम जीवित मृत्युः सन्नेवमेव लयं व्रज ॥४॥

भाषा

सुख-दुःख, जन्म-मृत्यु, आशा-नैराश्यमा सम ।
पूर्ण-ब्रह्म-शान्त-तेज-विश्वात्मा तिमीमा नमः ॥४॥

भावार्थः- आत्मानन्दमा डुबेका ज्ञानीमा प्रारब्ध वश प्राप्त भएका सुख दुःखहरूमा सम दृष्टि राखी आशा, निराशामा समता, तथा जीवनमरणमा सम दृष्टिले हेरी ब्रह्म दृष्टि गरी आत्मैमा लय हुने हुन्छ ।

यसरी अष्टावक्र गीता ब्रह्म विद्याको भाषा
टीका सहित लय नाम गरिएको
पाँचौं प्रकरण सकियो

सर्वसुलभ

श्रीः

अष्टावक्र गीता

आत्म–निरूपण

छैठो प्रकरण शुरू हुन्छ

आकाशवदनन्तोऽहं घटवत्प्राकृतं जगत् ।
इति ज्ञानं तथैतस्य न त्यागो न ग्रहो लयः ॥१॥

भाषा

मृत्तिका-कार्य घट भैं, प्रकृति-कार्य विश्व छ ।
आकाश भैं छुँ अनन्त त्याग–ग्रहण-वर्जित ॥१॥

भावार्थः- आत्मा आकाश भैं सबैमा व्याप्त भैरहेको छ । अनंत रूप छ । प्रकृति कार्य जगतको घट, जसतो माटोबाट भाँडो, सुनबाट गहना, भिन्नता हुँदैन । त्यस्तै यो विश्व ब्रह्माण्ड आत्मादेखि भिन्न छैन । त्यसो हुँदा आत्मा न त्यसमा आउँछ, न ग्रहणमा हुन्छ, न लय नै हुने हुन्छ ।

महोदधिरिवाहं स प्रपंचो वीचिसन्निभः ।
इति ज्ञानं तथैतस्य, न त्यागो न ग्रहो लयः ॥२॥

भाषा

महोदधि म हूँ जान, प्रपञ्च छाल हो बुझ ।
त्याग–ग्रहण क्यै छैन, न ता मेरो छ त्यो लय ॥२॥

भावार्थः- आत्मा सागर समान छ । प्रपंच त्यसैको तरंग समान छन् । यही अनुभव सिद्ध ज्ञानमा आत्माको ग्रहण, त्याग, र लय हुने संभव हुन आउँदैन ।

अहं सशुक्तिसंकाशो रुप्यवद्विश्वकल्पना ।
इति ज्ञानं तथैतस्य न त्यागो न ग्रहो लयः ॥३॥

भाषा

चाँदी समानको विश्व म हूँ शुक्ति समानको ।
सिपिमा चाँदिको भान, जस्तै ममा छ विश्वको ॥
आत्म जाने पछि हुन ग्रहण त्याग साधना ॥३॥

भावार्थः- जसरी सिपिमा चाँदिको कल्पना हुन्छ, त्यस्तै आत्मा यो विश्व ब्रह्माण्ड कल्पित भएकोछ । यसरी वास्तविक ज्ञान भए आत्माको त्याग, ग्रहण तथा लय भन्ने कुरो कहाँ हुन आउँछ र ।

अहं वा सर्वभूतेषु सर्वभूतान्यथोभयि ।
इति ज्ञानं तथैतस्य न त्यागो न ग्रहो लयः ॥४॥

भाषा

म नै छूँ सब प्राणीमा, सबै भूत म मा स्थित ।
आत्मवान म छूँ ऐले, त्याग-ग्रहण वर्जित । ४॥

वा

सबै प्राणीमहाभित्र म आत्मा शुद्ध व्यापक ।
ज्ञानीमा आत्म पूर्ण छ, ग्रहण-त्याग के लय ॥४॥

भावार्थः- सम्पूर्ण प्राणीमा म चेतन रूप आत्मा व्यापक भैरहें हुँदा आत्माको ग्रहण, त्याग, लयको भावना हुन आउँदैन । आत्म सत्ताको रूपले सबैमा स्थित भै रहकै छ ।.४॥

यसरी अष्टावक्र मुनिज्युले वताउनु भएको
ब्रह्मविद्याको आत्मा व्यापक वर्णनको
छैठो प्रकरण सकियो

—०—

श्रीः

अष्टावक्र गीता

अचल आत्मा

सातौं प्रकरण शुरू हुन्छ

* मय्यनन्तमहाम्भोधौ विश्वपोत इतस्ततः ।
भ्रमति स्वांतवातेन न ममास्त्यसहिष्णुता ॥१॥

भाषा

वायु चल्दा समुद्रमा डुँगा चल्छ यताउता ।
कतै चल्दैन त्यो सिन्धु, लिई वस्छ सहिष्णुता ॥
मनै अनन्त सिन्धुमा विश्वको पोत चल्दछ ।
मनै अनन्त सिन्धुले आकीट ब्रह्म ढाक्दछ ॥१॥

वा

अनन्त सागरैभित्र वायुका वेगले मन ।
घुमेको हुन्छ त्यो पृथ्वी म मात्र स्थिर आसन ॥१॥

भावार्थः— म चैतन्यमय अनन्त सागर छुँ । म मा संसार रूपि जहाज जुन मन छ, ती मन राग-द्वेष रूपका वायुका वेगले चारौं तर्फ घुमि रहेको छ । संसार रूपि जहाजको भ्रमनवाट म आत्मा सागर चलायमान छैन । कारण जहाज पो यताउति दौड्दछ, सागर त ज्योंका त्यो स्थित भएझैं आत्मामा म स्थित छुँ ।

मय्यनन्तमहाम्भोधौ जगद्वीचिः स्वभावतः ।
उदेतु वास्तु मा यातु नमे वृद्धिर्न च क्षतिः ।२॥

भाषा

मनै अनन्तसिन्धुमा, संसार छाल चल्दछ ।
उदयास्त स्वयं हुन्छ आत्मालै विश्व व्यापक ॥
क्षति-वृद्धि कुनै छैन गुणाती त अनन्त छुँ ।
अखण्ड-सच्चिदानन्द, वासुदेव स्वय म छुँ ॥२॥

वा

संसार सागरैमित्र तरंग चल्छ वस्दछ ।
लाभ, हानी, म मा छैन म छुँ आनन्द सागर ॥२॥

भावार्थः-संसारको व्यवहारमा आत्मालाई न लाभ हुन्छ न हानी नै हुन्छ । सागरमा तरंग ज्वार भाटा आदि उठछ, वस्दछ तर म सागर रूपी आत्मा सदा स्थिरत्वमा छुँ । म आत्माम न वढने हुन्छ न त घटने नै हुन्छ, सदा पूर्णत्वमा छुँ । म सर्वव्यापी हुँदा मेरो नाश कहिल्यै हुँदैन, अविनाशी छु ।

मय्यनन्तमहाम्भोधौ विश्वं नाम विकल्पना ।
अतिशांतो निराकार एतदेवाहमास्थितः ॥३॥

भाषा

मनै अनन्त सिन्धुमा विश्वको हुन्छ कल्पना ।
अति शान्त निराकार म छुँ आफ्नो स्वरूपमा ॥३॥

भावार्थ.— अनन्त रूप महासागर मैं मेरो रूपमा यी जगत कल्पना मात्र भएकोछ, सत्य छैन, । म शान्त, विकार रहित तथा निराकार केवल साक्षी रूप आत्म ज्ञानमा आश्रित छुँ ।

नात्मा भावेषु नो भावस्तत्रानन्ते निरञ्जने ।
इत्यसक्तोऽस्पृहः शान्त एतदेवाहमास्थितः ॥४॥

भाषा

आत्मामा छैन त्यो भाव देहादि जन्य वस्तुतः ।
असक्तः अस्पृहः शान्त, म छुँ एकत्वमा स्थितः ॥४॥

भावार्थः— देह इन्द्रियादि पदार्थहरूबाट बनेका जुन पदार्थहरू छन्, ती कुनै पनि सत्यपना छैन । किन भने यो जगत् सबै उत्पन्न हुन्छ साथै नाश पनि हुन्छ । देह इन्द्रियादि जगतको उपाधि आत्मामा लाग्न आउँदैन । किन भने आत्मा अनन्त र निरञ्जन छ । त्यसो हुँदा 'म' इच्छा रहित शान्त तथा तत्त्वज्ञानमा आश्रित छुँ ॥४॥

अहो चिन्मात्रमेवाहमिन्द्रजालोपमं जगत् ।
अतो मम कथं कुत्र हेयोपादेय कल्पना ॥५॥

भाषा

मायाद्वारा सबै कार्य रचिएको छ भौतिक ।
त्याग-ग्रहणले शून्य, म चैतन्य अलौकिक ॥५॥

भावार्थः— यो जगत सारा मायाद्वारा इन्द्रजाल सरी न भएको वस्तु भएको जसतो भान भै रहेकोछ । यसमा के लिनु के दिनु, अर्थात लिनु, दिनु व्यवहारै केहि छैन । म त शुद्ध अलौकिक चैतन्य रूप मात्र छुँ ॥५॥

यसरी अष्टावक्र मुनिज्युले बताउनु भएको
ब्रह्म विद्याको अचल आत्माको
सातौं प्रकरण सकियो

—०—

श्रीः

अष्टावक्र गीता

वन्ध मोक्षको वर्णन

आठौं प्रकरण शुरू हुन्छ

ततो वन्धो यथा चित्तं किञ्चिद् वाञ्छति शोचति ।
किञ्चिन्मुञ्चति गृह्णाति किञ्चिद् धृष्यति कुप्यति ॥१॥

भाषा

लिन्छ-दिन्छ गर्छ इच्छा, केही शोच्छ खुसाउँछ ।
रिसाउँछ यदा चित्त वन्धमा तव पर्दछ ॥१॥

भावार्थः— आत्मामा ग्रहण, त्यागको भावना हुँदैन । त्याग गर्ने ग्रहण गर्ने, प्रसन्न हुने तथा रिसाउने, थी सवै अज्ञानीमा हुन्छ यसैवाटै जीव वन्धनमा पर्ने हुन्छ ।

* तदा मुक्तिर्यदा चित्तं न वाञ्छति न शोचति ।
न मुञ्चति न गृह्णाति न हृष्यति न कुप्यति ॥ २ ॥

भाषा

इच्छा गर्दैन, शोच्दैन दिदैन क्यै लिदैन त्यो ।
रिसाउन्न, खुसाउन्न तव यो मुक्त हुन्छ त्यो ॥२॥

भावार्थः— जव चित्तले इच्छा गर्दैन, शोक गर्दैन, वस्तुको त्याग, ग्रहण गर्दैन, न प्रसन्न छ, न कोपै छ, यसतो सम भावमा पुगेका जीव मात्र अमरत्व मुक्ति-पदमा पुगेका हुन्छन्, अर्थात आत्मत्वमा मिलेका हुन्छन् ।

तदा बन्धो यदा चित्तं सक्तं कास्वपि दृष्टिषु ।
तदा मोक्षो यदा चित्तमसक्त सर्वदृष्टिषु ॥३॥

भाषा

चित्त आसक्त जस्मा छ त्यस्वेला चित्त बद्ध छ ।
अनासक्त चित्त सदा संसारबाट मुक्त छ ॥३॥

भावार्थः— जब चित्त, न भएका वस्तुमा मायाद्वारा रचिएका वस्तुहरूमा आसक्ति भै रम्ने हुन्छ, त्यसैमा बन्धनको कारण हुन्छ । केही पनि नभएको मायाजाल जुन विश्व कल्पित वस्तु भनेर जानी आसक्त हुँदैन अनि मात्र मोक्षको द्वार खुल्ने हुन्छ ।

यदा नाहं तदा मोक्षो यदाहं बन्धनं तदा ।
मत्वेति हेलया किञ्चिन्मा गृहाण विमुञ्च मा ॥ ४ ॥

भाषा

अहंभाव जहाँ छैन त्यहाँ मोक्ष सुशोभित ।
त्यहीं छ बन्धको पासो, अहंभाव जहाँ स्थित ॥
त्याग-ग्रहणको इच्छा जे जती मन, फुर्दछ ।
देहाभिमानको भाव त्यागी ज्ञानी-सुखी बन ॥४॥

भावार्थः- साधन संपत्ति भएका पुरुषमा अहंकार हुँदैन । यदि साधन परिपक्वता छैन, त्यसमा अहंभाव भै नै रहने हुन्छ । तसर्थ, जगत मिथ्या छ भन्ने साधन चतुष्टय सम्पत्तिद्वारा वैराग्य प्राप्तिमा ज्ञान हुन्छ । ज्ञान भएपछि मुक्ति-पदको प्राप्त त्यसै मिल्ने हुन्छ । म देह हूँ भन्ने जहाँ सम्म अभिमान रहन्छ, ताहाँसम्म संसारमा बन्धन रहने हुन्छ । तसर्थ देहाभिमान रहितमा नै ज्ञान प्राप्त भै संसार बन्धनबाट मुक्तिप्राप्त हुने हुन्छ ।

यसरी श्री अष्टावक्र मुनिले बताउनु भएको
बन्ध-मोक्षको वर्णन नामक
आठौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

त्याग कसरी हुन्छ

नवौं प्रकरण शुरू हुन्छ

कृताकृते च द्वन्द्वानि कदा शान्तानि कस्य वा ।
एवं ज्ञात्वैह निर्वेदाद्भव त्यागपरो व्रती ॥१॥

भाषा

शान्त कैले भएका छन् सुख-दुःखादि द्वन्द्व यी ।
जानी यो राग छोडेर बस त्यागी व्रती बनी ॥१॥

भावार्थः- कृत, अकृत, अर्थात यो गर्नु पर्ने वा नगर्नु पर्ने इत्यादि अभिनिवेश, सुख दुःख, शीत उष्ण आदि द्वन्द्वहरूबाट अलग भै रहेका त्यस्ता विरक्त निष्कामीबाटै संसारका पदार्थहरू त्याग्न सक्ने क्षमतामा पुगेका वीर धीर पुरुष एक निष्ठाव्रतको पालना गर्नेमा हुन आउँछन् ।

कस्यापि तात धन्यस्य लोकचेष्टावलोकनात् ।
जीवितेच्छा बुभुक्षा च बुभुक्षोपशमं गताः ॥२॥

भाषा

चित्तको धर्म त्याग्ने ती वैरागी कोहि-कोही छन् ।
जीवितेच्छा नहुने ती विरलै छन् ती धन्य छन् ॥
भोग-प्यास हटेका ती आशा-इच्छादि शून्य ती ।
देखिने लोकको चेष्टा एकान्त-पान्थ धन्य ती ॥२॥

भावार्थः– चित्तको धर्महरूलाई त्याग्ने वैरागी कोही कोहि होलान्, सबैमा त्याग हुने सक्तैन। त्यो धन्य पुरुष हो, जसले यो संसारको उत्पत्तिका साथै नाश हुने जीवन, इच्छा र भोग, तथा अनित्य पदार्थहरूबाट निवृत्ति भै परम पदमा इच्छा रहित भै स्थित रहने हुन्छ।

अनित्ये सर्वमेवेदं तापत्रितयदूषितम् ।
असारं निन्दितं हेयमिति निश्चित्य शाम्यति ॥३॥

भाषा

त्रिताप दोषले युक्त जगत् जानी अनित्यको।
असार-निन्दित त्याज्य संझी बस अपारको॥
यस्तो निश्चयले देख्ने विश्वासी मधु प्युँदछन् ।
आत्मानन्द तलाउमा विरति साथ रम्दछन् ॥३॥

भावार्थः-सम्पूर्ण जगतको जुन प्रपंच हो ती सबै इन्द्रजाल मायाको खेल मात्र हो। यसमा कुनै सार वस्तु छैन। त्यसो हुँदा यो अनित्य छ, केवल, चैतन्य आत्माको सत्तावाट स्फुरित भएको छ। वास्तवमा कल्पना मात्र छ। त्रिताप दोषहरूले युक्त दुःखले भरीएको छ। त्रिताप यो होकि आध्यात्मिक, आधिदैविक र आधिभौतिक। यी तीन कुरोको दुःखहरूवाट अज्ञानीहरू भौतारोएका हुन्छन्। अर्थात् त्यस्ता तुच्छ, झूठोलाई ज्ञानीले टाढैवाट वैराग्य रूपि शुभ खड्ग लिएर शान्त भावमा रहेका हुन्छन्।

कोऽसौ कालो वयः किं वा यत्र द्वन्द्वानि नो नृणाम्।
तान्युपेक्ष्य यथा प्राप्तवर्ती सिद्धिमवाप्नुयात् ॥४॥

भाषा

जहाँ छैन कुनै द्वन्द्व, पुग्दैन कालको गति ।
यस्तो जानेर रामैमा लगाऊ आफनो मति ॥

सुख दुःख, लाभ हानी प्रारब्ध कर्मको वश ।
घुमेको कालको चक्र वुझेर शान्त भै वस ॥४॥

भावार्थः- प्रारब्धकर्मको भोग जुन सुख, दुःख हुन्छन्, ती पूर्व जन्ममा गरिएका शुभ-अशुभ कर्मको संचित अर्थात् जंमा भै रहेका हुन्छन्, त्यो हटाउन कसैले सक्तैन । अर्थात् संसारमा जन्म लिएपछि काल-चक्रको वशमा पर्नु नै पर्ने हुन्छ । त्यस्तो वुझेर ज्ञानीले सुख.दुःखादि भोगहरू आसक्ति रहित कर्ममा लागेर भोगेर सिध्याउने हुन्छ ।

नानामतं महर्षिणां साधुनां योगिनां तथा ।
दृष्ट्वा निर्वेदमापन्नः को न शाम्यति मानवः ॥५॥

भाषा

नाना मतहरू जो छन्, महर्षि-साधु वर्णितः ।
धन्य ती मानव शान्त रहेका एकमा स्थित ॥
नाना मतहरू जो छन्, महर्षि-साधु योगिको ।
पन्छाई एक आत्मैमा रम्छ बुद्धि विवेकको ॥३॥

भावार्थः- आ-आफ्ना मतका भावहरू अनेक ऋषि मुनिहरू मन्तव्यस्थानमा पुगेका भाव ग्रन्थहरूमा कोरिएर छाडी गएका छन् । ती सबै अध्ययन गरेर यो कुरो ठीक हो वा वेठीक हो भन्ने विवेक बुद्धिद्वारा छानेर आफ्नू नित्य वस्तुमा स्थित रहनु नै शान्त मुक्तको मार्ग पहिल्याउने मानवमा नै हुने हुन्छ, अरूमा हुँदैन ।

कृत्वा मूर्तिपरिज्ञानं चैतन्यस्य न किं गुरूः ।
निर्वेदसमतायुक्त्या यस्तारयति संसृतेः ॥६॥

भाषा

शुद्ध चैतन्यमा पुग्ने जो छ साधु त्यही गुरू ।
जसले संसार तारेर खाइदिन्छ मुरू-मुरू ॥

कृया कुसलतावाट गुणातीत हुनेहरू ।
रति-विरति त्यागेका राजयोगी तिनै गुरू ॥
मूर्ति-स्वरूप थापाई चैतन्य रूपको स्वयम् ।
संसार पार त्यो तार्छ जो भएको छ अद्वयम् ॥६॥

भावार्थः- देह लिएर आएपछि पूर्व-कर्मानुसारका भोग भोग्नु पर्दछ, भन्ने भावनाले सबैमा आत्मदृष्टि राखेर युक्तिद्वारा विषयादि-देखि घेरै रहेर युक्तिद्वारा अर्कालाई सेवा-परोपकार आदि अति विनम्रता दीनमाथि दयाको कर्तव्य मार्गमा लागेर, कसैको आश्रय न लिएर स्वतंत्रतासंग जीवन यापन गर्दै आत्म शुद्धमा मिल्ने साधुले आफ्नो साथ साथ अरूलाई समेत सद्गतिमा लैजाने हुने हुन्छन् ।

पश्य भूतविकारांस्त्वं भूतमात्रान् यथार्थतः ।
तत्क्षणाद्बन्धनिर्मुक्तः स्वरूपस्थो भविष्यति ॥७॥

भाषा

पृथ्वी-अप् वायु आकाश, तेजका पञ्चतत्त्वले ।
बनेको विश्व यो हेर, देह हेर विवेकले ॥
सहसा मिल्छ त्यो मुक्ति द्वन्द्वातीत भई बस ।
आफ्नै चैतत्य रूपैमा मन बुद्धि तिमी कस ॥७॥

भावार्थः- यो देह जुन पंचतत्त्वादिबाट खडा भएका छन्, यसैका संसर्गमा जगत संसार जो जति छन्, ती सबै जड रूपका छन् । त्यही जड रूपमा चैतन्यता भावमा अनेक चित्र विचित्रका नर-नारी, पशु-पंछी, नदी-नाला पर्वत-समुद्र आदि प्रतिबिम्बको रूपमा सत्यताको आभास छर्दै रहेको जुन विद्वान जनले आत्ममा स्थित रहेर हेरी रहेको हुन्छ, त्यही वर्णन वेद--शास्त्रादिमा उचित भाव अनुसार लेखिएका छन् । त्यही ग्रन्थहरू मनन अध्ययन तथा विचार आदिद्वारा मुमुक्षु जन विद्वानपदमा प्राप्त गर्ने हुन्छन् ।

वासना एव संसार इति सर्वा विमुञ्चताः ।
तत्त्यागो वासना त्यागात्स्थितिरद्य यथा तथा ॥८॥

भाषा

वासनामा छ संसार रहेको वासना त्यज ।
संसार–वासना त्यागदा देखिन्छ स्वान्तमै अज ॥
संसार–वासना इच्छा त्यागनुनै शान्तिदायक ।
कर्तव्य कर्म नै हेर अन्त्यमा सुखदायक ॥८॥

भावार्थः– विषयहरूमा आसक्ति भै कर्ममा रहनु नै संसारमा बन्धन हुने हुन्छ, त्यसकारण यस्तो अनित्य संसारको साथै जुन देह धारण गरिएकोछ, त्यो देह निर्वाह मात्र कर्तव्य-कर्ममा लागी अनाशक्ति योगमा रत रही अर्थात वासना, इच्छा, कामना छोडेर मानव–कल्याणको मार्गमा अघि बढदै जानु नै आत्माको स्थितिमा पुगी शान्त हुने हुन्छ ।

यसरी अष्टावक्र मुनिज्यूले जनक राजामा
सुनाउनु भएको त्याग कसरी हुन्छ भन्ने
कुरोको नवौं प्रकरण सक्यिो

श्रीः

अष्टावक्र गीता

उपशम (तृष्णा त्याग)

दशौं प्रकरण शुरू हुन्छ

विहाय वैरिणं काममर्थं चानर्थसङ्कुलम् ।
धर्ममप्येतयो र्हेतुं सर्वत्रानादरं कुरु ॥१॥

भाषा

काम नै छ बली शत्रु अनर्थ गर्छ अर्थले ।
कामार्थ धर्म छोडेर बस यहाँ विवेकले ॥१॥

भावार्थः- ज्ञानको मुख्य शत्रु जुन कामना हुन्छ, त्यसलाई टाढैबाट त्याग्न, पर्ने हुन्छ । किन भने, ती धन प्राप्त गर्नालाई कष्ट छ । प्राप्त भए पनि रक्षा गर्नामा कष्ट छ, खर्च गर्नामा दुःख, हराएमा त झन अति कष्ट छ । यस्तो अनर्थकारी वस्तुलाई अनादरसाथ त्याग गर्नुपर्ने हुन्छ । यी संसारी नाश हुने वस्तुहरूमा आसक्ति हुनु, आफैं अज्ञानमा चक्कर काटी रहनु पर्ने हुन्छ । विद्वान जनहरू यस्ता वस्तुहरू देखि अलग्गै रहने हुन्छन् ॥

स्वप्नेन्द्रजालवत्पश्य दिनानि त्रीणि पंच वा ।
मित्र-क्षेत्र-धनागार दार-दायादिसम्पदा ॥२॥

भाषा

स्त्री-पुत्र-मित्र-क्षेत्रादि धन रूपादि सम्पदा ।
स्वप्न जस्तै, जादू जस्तै बुझ क्षणिक सौख्यदा ॥२॥

भावार्थः- ४।५ दिन मात्र रहने यी स्त्री-पुत्र बाबु, आमा, दाजु भाइ, घर, खेत, तथा वस्तुहरू स्वप्नको इन्द्रजालसरी अनित्य जानेर त्यस देखि ममता रहितभै अलग्गै वस्तु नै विद्वानको बुद्धिमानी हुने हुन्छ ॥

यत्र यत्र भवेत्तृष्णा संसार विद्धि तत्र वै ।
प्रौढवैराग्यमाश्रित्य वीततृष्णः सुखी भव ॥३॥

भाषा

जहाँ जहाँ छ यो तृष्णा संसारै छ त्यहाँ त्यहाँ ।
प्रौढ-वैराग्य लिएर बस वितृष्ण भै यहाँ ॥
विषयानन्दको तृष्णा संसार जान हैं सब ।
त्रिगुणी राग जे जे छन त्यागेमा सुख संभव ॥३॥

भावार्थः- संसारी वस्तुहरूमा अनादरका साथ दृष्टि हुनु पुरुषार्थ बाटै हुन्छ । विषयमा अनेक प्रकारका आशा तृष्णाबाटै अनेक जन्मको कारण हुने हुन्छ । ती असत् वस्तुमा मोहभै बन्धनमा पर्ने सकामीहरू नै तृष्णाको जालमा परी नै रहने हुन्छन् । न भएको वस्तुमा मोहित हुने कुनै बुद्धिमानी होइन । भएको वस्तुमा चित्त रमाउनु बुद्धिमानको कार्य हुने हुन्छ ॥

तृष्णामात्रात्मको बन्धस्तन्नाशो मोक्ष उच्यते ।
भवासंसक्तिमात्रेण प्राप्ति तुष्टिर्मुहुमुहुः ॥४॥

भाषा

तृष्णाको केवल बन्ध, तृष्णाको त्याग मोक्ष हो ।
संसार-राग त्याग्नाले मात्र मिल्दछ तुष्टि त्यो ॥४॥

भावार्थः- तृष्णै छ एक ठूलो बन्धन जुन फुकाउनु अति कठिन पर्ने हुन्छ । त्यसो हुँदा पुरुषार्थबाटै तृष्णाको बन्धन फुकाउन सकिने

हुन्छ । संसारको आशक्ति त्याग भएमा मोक्षको पदमा पुगी आत्म-दर्शन हुने हुन्छ । आत्म-ज्ञानैले परम सतोष द्रव्यप्राप्ति हुने हुन्छ ।

त्वमेकश्चेतनः शुद्धो जडं विश्वमसत्तथा ।
अविद्यापि नकिञ्चित्सा का बुभुत्सा तथापि ते॥५॥

भाषा

तिमी शुद्ध चेतना हो विश्व यो हो असत् जड ।
दृश्य जो छ अविद्या हो, भोग इच्छा महा खल ॥
अविद्या-भावना-विश्व यस्मा लाग्नु अति दुःख ।
पूर्णताको शुद्धताको इच्छा हुनु अति सुख ॥५॥

भावार्थः–यो संसारमा आत्मा, जगत र अविद्या यी तीने पदार्थहरु-देखि, तिमी त खास ब्रह्म स्वरूप अद्वितीय, चेतन, र शुद्ध छौ । पूर्णरुप चैतन्य आफ्नो स्वरूपमा स्थित हुने इच्छालाई तृष्णा भनिदैन । किन भने आत्मा बाहेक अरुमा चित्तवृत्ति लै जानु नै तृष्णा हुने हुन्छ । नभएको वस्तुमा प्रीति गर्दा दुःख पाइने मात्र हुन्छ । तसर्थ पूर्ण ब्रह्म ईश्वरको प्राप्त गर्नु नै पुरुषार्थ हुन आउँछ । त्यसैबाट परम आनन्द अति सुखी हुने हुन्छ ।

* राज्यं सुताः कलत्राणि शरीराणि सुखानि च ।
संसक्तस्यापि नष्टानि तव जन्मनि जन्मनि ॥६॥

भाषा

राज्य–पुत्र–कलत्रादि शरीर–सुख साधना ।
जो थिए नष्ट छन् ऐले, संसक्त पूर्व जन्ममा ॥
राज्य–स्त्री–पुत्र–गेहादि सुखादि भान मात्र छ ।
जन्म–मृत्यु सुखं दुःखं संसार भावना बुझ ॥६॥

भावार्थः- राज्य घर परीवार धन अर्थात् स्त्री पुत्र अरु कुटुम्ब जन जुन हुन्छन्, ती यो देह रहेसम्म मात्र क्षणिक आनन्द दिने पदार्थ मात्र हुन् । जन्म-मृत्यु, प्राप्ति, नाश, सुख, दुःख, दिन रात यो घुमिरहने नै यसका स्वभाव हुन्छ । त्यसो हुँदा यी क्षणिक सुखको मोह ममतालाई छाडेर, आत्मा जो छ, कहिल्यै न नाशिने चैतन्य रूपमा लाग्नु नै परम पुरुषार्थ हुन आउँछ ।

अलमर्थेन कामेन सुकृतेनापि कर्मणा ।
एभ्यः संसारकान्तारे नविश्रान्तमभून्मनः ॥७॥

भाषा

अर्थले कामले व्यर्थ सुकृत कर्मले सब ।
संसार-वनमा घुम्दा विश्रान्ति पाउला कब ॥
धर्म अर्थ तथा काम प्राप्तिमा हुन्छ के सुख ।
शान्ति संतोषले तीन संसार पिंजरा बुझ ॥७॥

भावार्थः- अर्थ, धर्म र काम रूप त्रिवर्गका इच्छा हुनु यही त भव-बन्धन संसारचक्र हुन् । यसैमा मानिसहरू भ्रममा परी घुमि रहेकाछन् । आज एक थोक पदार्थमा संतुष्ट छ त भोली अर्कैमा इच्छा हुन जान्छ । तृप्ति भन्ने कुरो कुनै पदार्थमा हुन आउँदैन । एक न एक वस्तुमा इच्छाले मन आकुल गराइनै रहने हुन्छ । यही त हो संसार-बन्धन ।

कृतं न कति जन्मानि कायेन मनसा गिरा ।
दुःखमायासदं कर्म तदद्याप्युपरम्यताम् ॥८॥

भाषा

मन वाणी देहद्वारा गर्‍यौ कर्म कति कति ।
दुःख मात्रै सदा पायौ, त्याग दुस्कर्म छन् जति ॥

आशा-इच्छा रहित भै प्रारब्ध फल भोगनू ।
अनासक्त भई नित्य एक कर्तव्य साधनू ॥८॥

भावार्थः- महा-क्लेशको साथ दुःख प्राप्त गराउने कर्म मन काया वाचाले कत्ति जन्म देखि गरी आई रहेको, अर्थात् अनेक जन्म जन्ममा गर्दै आई रहेका छौ । तैपनि तिमीलाई सुखको बाटो भेटीएनौ । अब पूर्व जन्मको पुण्य फलले यो मन्त्र तिमीले पायौ । जुन विचार पूर्वक मनन गरेमा त्यसता दुःख देखि पार हुने छौं । त्यसो हुँदा यसता असत् पदार्थमा मोह ममताको कर्मलाई छोडिनै देऊ ।

यसरी अष्टावक्र गीता ब्रह्मविद्या प्राप्तिको
तृष्णा-त्यागको दसौं प्रकरण
सकियो

श्रीः

अष्टावक्र गीता

ज्ञान–उपदेश

एघारौं प्रकरण शुरू हुन्छ

भावाभावविकारश्च स्वभावादिति निश्चयी ।
निर्विकारो गतक्लेशः सुखेनैवोपशाम्यति ॥१॥

भाषा

भावभावविकारादि जति छन् वुझ प्राकृत ।
शोक–विकारले शून्य त्यही सुखी छ निर्वृतः ॥
मायावाटै रचिएको अभाव–भाव निश्चयः ।
जानेको तुष्ट योगी त्यो शान्त मुक्त छ निर्भय॥१॥

भावार्थः- भाव, अभाव, अर्थात् कुनै वस्तुको प्राप्ति भएमा भाव र लोप भएमा अभाव ! कहिल्यै देखिने, कहिल्यै हराउने, यसलो मायाको रचना जुन छ, पूर्व जन्मको संसारवाट अनेक रचना कल्पना भोग भै रहेको यसलो विवेक विचारवाट मनन गर्ने योगीमा पूरा ज्ञान प्राप्त भै मायाको रचना देखि परै वसेर शान्तिमा स्थित भएर वसेको हुन्छ।

ईश्वरः सर्वनिर्माता नेहान्य इति निश्चयी ।
अन्तर्गलितसर्वाशः शान्तः क्वापि न सतेज्ञ ॥२॥

भाषा

सारा विश्व वनाउने एक ईश्वर मात्र छ ।
निश्चयी त्यहिं नै शान्त, आशेच्छा शून्य पात्र छ ॥२॥

भावार्थः–सम्पूर्ण जगत मायालाई पनि सृष्टि गर्ने उनै एक ईश्वर छ। जीव ईश्वरकै अंश हो। यसैको प्रभावले चेतनताबाट चेतन प्रकाश झैं चली रहेको छ। तृष्णा माया के चेतन हो, यस्तो भावनाबाट निश्चल चित्त भएका ज्ञानीमा कुनै कुराको आसक्तिपना हुदैन।

आपदः सम्पदकाले दैवादेवेति निश्चयी ।
तप्तः स्वस्थेन्द्रियो नित्यं न वांछति न शोचति॥३॥

भाषा

सुख दुःखादिको चक्र दैवले नै चलाउँछ ।
तृप्त स्वस्थेन्द्रिय जो छ, न शोच्छ न चिताउँछ॥
योगक्षेम भएको छ, ईश्वरैबाट निश्चय ।
इच्छा-चिन्ता त्यागगर्ने, त्यहीनै स्वस्थ-इन्द्रिय॥३॥

भावार्थः– पूर्व जन्मका कर्मानुसार कसैलाई सुख, कसैलाई दुःखका भोगहरू मायाद्वारा ईश्वरले दिई रहनु भएकोछ। त्यसतो भित्री योगबाट जान्ने योगी कुनै विषयहरूको प्रलोभनमा नपरी, कुनै कुरोको इच्छा तथा शोच गर्दैनन्। नष्ट हुने वस्तुहरूमा प्रीति राख्दैनन्।

सुखदुःखे जन्म–मृत्यू दैवादेवेति निश्चयी ।
साध्यादर्शी निरायासः कुर्वन्नपि न लिप्यते॥४॥

भाषा

सुखदुःख–जन्म–मृत्यु ईश्वरैबाट आउँछ ।
निर्लिप्त कार्यमा रत अवश्यै शान्ति पाउँछ॥
सुख–दुःख जन्म–मृत्यु दैवाधिनै छ निश्चय ।
अलिप्त भै त्यसै भोग प्रारब्ध कर्म–संचय॥४॥

भावार्थः–आफ्नो कर्मको जुन फल हुन्छ, त्यही कर्मको फलहरू जुन सुख, दुःख, रूप, जन्म, मृत्यु प्रारब्ध अनुसार भै नै रहनै हुन्छन् । तो प्रारब्धानुसारको कर्ममा कत्ति पनि राग योगीहरू राख्दैनन् । कुनै कुराको इच्छा नगरी त्यो विषयदेखि परै अलिप्तभै आफ्नै आत्मामा स्थित भै बसेका हुन्छन् ।

॥ चिन्तया जायते दुःखं नान्यथेहेति निश्चयी ।
तया हीनः सुखी शान्तः सर्वत्र गलित स्पृहः ॥५॥

भाषा

दुःखकी जननी चिन्ता, आत्मजा ल्केशदायिनी ।
चिन्ता–इच्छा दुवै त्याग्ने, सुखी शान्त त्यही धनी ॥५॥

भावार्थः– चिन्ता, अर्थात् विषय सुखमा चिन्ता मात्रै बढ्ने हुन्छ । त्यही चिन्ताले मानिसलाई दुःखी बनाइ राख्दछ । त्यसो हुँदा विषय सुखको चिन्ता छाडेर आत्मामा स्थिर हुने धीर वीर योगी नै परम शान्ति प्राप्त गरिने हुन्छ ।

॥ नाहं देहो न मे देहो बोधोऽमिति निश्चयी ।
कैवल्यमिव संप्राप्तो न स्मरत्यकृतं कृतम् ॥६॥

भाषा

न हूँ देह, न यो देह, मेरो हो, बोध रूप छुँ ।
कृताकृत म सम्झन्न कैवल्य पदमा म छुँ ॥
म हूँ बुद्ध म छूँ शुद्ध मेरो देह कहाँ छ र ।
यस्तो निश्चयले चल्ने सुखी हुन्छ अमत्सर ॥६॥

भावार्थः– म खास ज्ञान स्वरूप चैतन्य आत्मा छुँ, म देहदेखि यी संसारका पदार्थले कुनै पनि लुब्ध गराउन सक्तैन । कारण म अलिप्त

छुँ, तथा अभिमान शून्य छुँ । त्यस कारण म मा देह र जगतको भान छैन ।

आब्रह्मस्तम्बपर्यन्तमहमेवेति निश्चयी ।
निर्विकल्पः शुचिः शान्तः प्राप्ता प्राप्त विनिर्वृतः॥७॥

भाषा

ब्रह्मादेखि कीटसम्म मै नै चेतन एक छुँ ।
निर्विकल्प-शुचि- शान्त, प्राप्ताप्राप्त निवृत्त छुँ ॥
यस्तो निश्चयमा हिड्ने ज्ञानी त्यो वीर धन्य छ ।
संसार-चक्रको व्यूह त्यो धीर अतिबन्ध छ ॥७॥

भावार्थः-ब्रह्मादेखि तृण पर्यन्त सम्पूर्ण जगत् म मा नै व्याप्त रहेको छ । तसर्थ म मा प्राप्त अप्राप्त भन्ने कुरो यसमा केही पनि छैन । संकल्प-विकल्प रहित विषयासक्त रहित निश्चल समाधि योग आरूढमा म शान्त स्थिरत्त्वमा छुँ ।

नानाश्चर्यमिदं विश्वं न किंचिदिति निश्चयी ।
निर्वासनः स्फूर्तिमात्रो किञ्चि दिति शाम्यति ॥८॥

भाषा

आश्चर्यमय यो विश्व देखिन्छ तर स्वप्नवत् ।
ज्ञानीको दृष्टिमा एक वासुदेवमयं जगत् ॥८॥

भावार्थः-- अधिष्ठान रूप ब्रह्मको साक्षात्कार भएमा अर्थात् ज्ञान भएमा सारा विश्व कल्पित प्रतीत हुन लाग्दछ, साथै यो नाना रूप भएका जगत पनि ज्ञानको आत्मरूपै प्रतित हुने हुन्छ कि, सम्पूर्ण जगत उनै ईश्वरको सत्तावाट स्फुरित भएर रहिएको निश्चय भावना हुने हुन्छ । ज्ञानीमा कार्य--कारण-रूप उपाधि पनि नाशै हुने हुन्छ । ज्ञानीमा

लोक व्यवहार मायाको इन्द्रजाल चटक सरी स्वप्नवत् भान हुने हुन्छ तथा सम्पूर्ण भावना वासना मय लोप हुन्छ र चैतन्य रूप मात्र प्रकाश आउने हुन्छ ।

यसरी श्री अष्टावक्र मुनिज्युले श्रीजनक
राजामा सुनाउनु भएको ज्ञान-रूप
दर्शन योग एघारौं प्रकरण
सकियो

श्रीः

अष्टावक्र गीता

आत्मरूप ज्ञानाष्टक वर्णन

बाह्रौं प्रकरण शुरू हुन्छ

काय कृत्या सहः पूर्वं ततो वाग्विस्तरा सहः ।
अथ चिंता सहस्तस्मादेवमेवाहमास्थितः ॥१॥

भाषा

कायिक-वाचिक कर्म अघि जो गरियो सब ।
संकल्प-कामना छोडी आत्मैमा रम्दछु अब ॥१॥

भावार्थः- ज्ञान सम्पन्न साधक ब्रह्म सिद्धिमा पुगेका शिष्य गुरुका सामु विनम्रतासाथ बोल्दछन् कि, प्रथम मैले तपाईका कृपाले कायिकबाट हुने क्रियाहरूलाई छाडें । त्यसपछि, वाणीको जप रूप कर्महरू त्यागें । साथै कारण रूप मन जो छ त्यसबाट हुने संकल्प विकल्पी रूप कर्मलाई पनि त्याग गरें । संसारिक जुन व्यवहारहरू छन्, ती सबै त्यागेर केवल चैतन्य स्वरूप आत्माको आश्रयमा स्थित भएको छुँ ।

प्रीत्यभावेन शब्दादेरदृश्यत्वेन चात्मनः ।
विक्षेपैकाग्रहृदय एवमेवाहमास्थितः ॥२॥

भाषा

शब्दादिमा छैन प्रीति आत्मा देखिन्न बाहिर ।
विक्षेप त्यागी, एकाग्र-स्थित छुँ भित्र-अन्तर ॥

कायिक-वाचिक त्यस्तै मानसादि क्रियाफल ।
सुख, दुःखादिका दाता नाशवान् छन् यी आखिर ॥२॥

भावार्थः- उपरोक्त तीन प्रकारका कायिक, वाचिक र मानसिक आदि व्यापारहरूलाई किन त्याग्नु पऱ्यो भन्ने कारण सोधिएमा यी केवल नाश हुने वस्तुहरूको मात्रै फल प्राप्ति गराउने हुन् । तथा शब्दादि मोहक विषयमा आसक्तिपना हटाउनालाई नै त्याग्नु पर्ने हुन्छ । किन भने यी आत्मामा सकेसम्म वादल लगाउने धुवाँ वा धूलोका मसीना कणहरू हुन् । जसवाट आत्म-दर्शनमा वाधा पुऱ्याउने हुन्छन् । त्यसकारण यी विक्षेपहरू आत्म प्रकाश-पुरुषमा केही पनि काम लाग्ने वस्तु होइनन्, अतः यसता वस्तुहरू देखि अलग्ग आत्म स्वरूपमा स्थित छुँ ।

समाध्यासादिविक्षिप्तौ व्यवहारः समाधये ।
एवं विलोक्य नियममेवमेवाहमास्थितः ॥३॥

भाषा

समाधि-व्यवहारादि ममा छैन म शुद्ध छुँ ।
कर्ता-भोक्तापना भाव ममा छैन म बुद्ध छुँ ॥
अध्यास-व्यवहारादि विक्षिप्त नाम यी सब ।
समाधि व्याधि देखेर, आत्मैमा स्थित छुँ अब ॥३॥

भावार्थः- कर्तृत्व भोक्तृत्वको जुन अध्यास रूप विक्षेपहरू हुन् ती ममा छैन । अर्थात् म भोक्ता हूँ इत्यादि जुन मिथ्या अध्यास रूप विक्षेप हुन्, ती सबै अध्यास 'म' मा छैन । त्यसो हुँदा समाधि व्यवहार पनि 'म' मा छैन 'म' त शुद्ध चैतन्य आत्मा छुँ ।

हेयोपादेयविरहादेवं हर्षविषादयोः ।
अभावादद्य हे ब्रह्मन्नेवमेवाहमास्थितः ॥४॥

भाषा

त्याग-ग्रहणमा दुःख, दुःखः हर्ष विषादमा ।
सबै अभावमा दुःख देखी, रम्छू म आँफूमा ॥४॥

भावार्थः- म शुद्ध चिद् धन आनन्द रूप आत्मा छुँ । त्यसो हुँदा 'म' मा त्याग-ग्रहण, निन्दा, स्तुति भन्ने कुरै केही पनि छैन । साथै न कसैसंग वियोगमा शोकै गर्नु पर्ने हुन्छ, न मिलनमा हर्षै गर्नु पर्ने हुन्छ । 'म' आत्म स्वरूप सदा प्राप्त आत्मामा स्थित छुँ ।

आश्रमानाश्रमं ध्यानं चित्तस्वीकृतवर्जनम् ।
विकल्पं मम वीक्ष्यैतैरेवमेवाहमास्थितः ॥५॥

भाषा

मन-बुद्धिदेखि पर आत्मामा म छुँ संस्थित ।
वर्णाश्रम-धर्म-ध्यान म मा लाग्दैन निश्चित ॥
संकल्प र विकल्पादि विक्षेप चित्त-धर्म हुन् ।
म ता छुँ सबको साक्षी मदेखि विश्व भिन्न छम् ॥५॥

भावार्थः- 'म' मन र बुद्धिदेखि पनि परै छुँ । यस कारण 'म' मा वर्णाश्रमादि विहित ध्यानादि कर्महरू लाग्दैन । तथा मनबाट हुने जुन संकल्प-विकल्पहरू हुन्, त्यस्ले मलाई केही पनि अल्मल्याउन सक्तैन । किन भने 'म' सबैका साक्षी स्वरूप आत्ममा स्थित छुँ ।

कर्मानुष्ठानमज्ञानाद्यथैवोपरमस्तथा ।
बुद्ध्वा सम्यगिदं तत्त्वमेवमेवाहमास्थितः ॥६॥

भाषा

प्रवृति निवृत्ति जो हुन् दुवै अज्ञान लक्षण ।
विवेक चक्षुले हेर्दा, म हूँ आत्मा निरंजन ॥

अनुष्ठान कर्मका जो छन् अज्ञानै भावमा सब ।
तत्त्व एकै सदा बुद्ध, आत्मैमा स्थित छुँअब ॥६॥

भावार्थः- कर्महरूको अनुष्ठानको साथै कर्म-त्याग, ग्रहण पनि अज्ञानैमा हुने हुन्छ । आत्मामा त्याग-ग्रहण भन्ने कुरो कुनै पनि वस्तु दैन, किन भने 'म' एक रस आत्म परिपूर्ण साक्षी रूपमा स्थित भएको छुँ।

अचिन्त्यमानोऽपि चिन्तारूपं भजत्यसौ ।
त्यक्त्वा तद्भावतं तस्मादेवमेवाहमास्थितः ॥७॥

भाषा

अचिन्त्यको चिन्तनाले चिन्ताको रूप ल्याउँछुँ ।
अतः ध्यानादि छोडेर वस्नाले शान्ति पाउँछुँ ॥
ध्यानको भावना छोडी म बस्छुँ शान्ति साथमा ।
अचिन्त्यमा मिलेको छुँ, मिलेको छुँ अनन्तमा ॥७॥

भावार्थः- अचिन्त्य जुन ब्रह्म छ, त्यसमा चिन्ता भन्ने कुरो कहाँ छ र ? चिन्ताको भाव पनि अज्ञानावस्थैमा हुने हुन्छ । 'म' त खास अचिन्तन पूर्ण आत्मा स्वरूपमा स्थित छुँ ।

एवमेव कृतं येन स कृतार्थो भवेदसौ ।
एवमेव स्वभावो यः स कृतार्थो भवेदसौ॥८॥

भाषा

बुद्धि-विवेकको कर्मद्वारा नै सुख लभ्य छ ।
श्रद्धा-विश्वासद्वारा नै आत्मस्थ-ईश प्राप्य छ ॥
यही नै साधनाद्वारा संसार-पार गर्दछ ।
यस्तो स्वभाव जसको छ कृतार्थ धीर बन्दछ ॥८॥

भावार्थः– जुन पुरुषले साधनहरूद्वारा मन, बुद्धि तथा विवेक ज्ञानको अनुष्ठानको साथ शुद्ध ज्ञान धन, आत्म स्वरूपमा जुन पुरुषस्थित हुने हुन्छ, त्यसको लागि त्रैलोक्य–राज्य, ऐश्वर्य, वैभव पनि न गण्य हुने हुन्छ । आत्म ज्ञानी पुरुष स्वयं परमेश्वर पर-ब्रह्म, सर्व–मान्य जगतको हितकारी धन्य–धन्यको भागी उत्तम पुरुष ज्ञानी पूर्ण कृतार्थता प्राप्त हुने हुन्छ ।

यसरी श्री अष्टावक्र मुनिज्युले ज्ञानाधिकारी पुरुष
जनक राजामा सुनाउनु भएको
ब्रह्म–विद्या आत्मस्थितिको
बाह्रौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

आसक्ति त्याग सुखको वर्णन

तेह्रौं प्रकरण शुरू हुन्छ

अकिञ्चनभवं स्वास्थ्यं कौपीनत्वेऽपि दुर्लभम् ।
त्यागादाने विहायास्मा दहमासे यथा सुखम् ॥१॥

भाषा

अकिंचनत्वमा सुख, संसारभाव दुर्लभ ।
त्यहाँ दुःख बसेकैछ, सानै चिन्तामह पर ॥
कौपीन मात्रमा सक्त हुन् पनि छ है दुःख ।
दानादान जहाँ छैन त्यहाँ आत्मत्वको सुख ॥१॥

भावार्थः- सम्पूर्ण विषयादि सामानको मात्र त्याग गरेर सुखी बनिदैन । कारण देहाभिमान जो छ, त्यो भयङ्कर आसक्तिपनाको जरी छ, कौपीनमात्रको राग राखेमा पनि आत्मत्वको दर्शन पाईदैन । विना मनलाई वशमा नलिई त्यागको भावना स्थिरता हुन आउँदैन । संकल्प-विकल्प उठाउने जो मन छ, त्यसैलाई वशमा लिई, देहको अभिमानलाई त्याग्नुनै त्याग्नु हो । त्यसो हुँदा यदि स्थिर चित्त गराई आत्माको साक्षात्कार गर्ने हो भने देहाभिमानलाई छाडी चित्त स्थिर गरी आत्मत्वको भावमा लीन हुनु पर्छ । 'म' सदा स्थिर चित्तमा सुखी छुँ ।

कुत्रापि खेदः कायस्य जिह्वा कुत्रापि खिद्यते ।
मनः कुत्रापि तत्त्यक्त्वा पुरुषार्थे स्थितःसुखम्॥२॥

भाषा

व्रतादिले देह दुःखी, जीभ्रो दुःखी जपादिले ।
सबैको त्यागमा सौख्य, मन दुःखी समाधिले ॥
देहाभिमान छोडेर अकर्तापनमा म छुँ ।
इच्छा-आशा मेरेकोले परमानन्दमा म छुँ ॥२॥

भावार्थः- यदि व्रत तीर्थादिको सेवन मात्र गरीयो भने शरीरमा दुःख हुने हुन्छ । गीता भागवत आदिको स्तोत्रहरू मात्र पाठ गर्नाले घाँटि जीभ्रो सुक्दछ । ध्यान मात्रै गरेमा पनि मनलाई खेद हुने हुन्छ । त्यस कारण यी तीनै कुराको दुःख हुने जो छन्, कर्तापनको अहंकार-लाई त्यागेमा मात्र सुखी हुने हुँदा, म देहाभिमान रहित तीनै कारण देखि रहित आत्मस्वरूपमा सुखी छुँ ।

कृतं किमपि नैव स्यादिति सचिन्त्य तत्वतः ।
यदा यत्कर्तुमायाति तत्कृत्वासे यथा सुखम् ॥३॥

भाषा

कर्तापन जहाँ छैन त्यहाँ आनन्द शाश्वत् ।
आफ्नो स्वरूपमा वस्छुँ बुझि रहस्य तत्वतः ॥
जहिले जे जसो पर्छ त्यो म गर्छु असंग भै ।
देहाभिमान छाडेर इच्छा-निच्छा रहित भै ॥ ३ ॥

भावार्थः- मन, वाणी र शरीर यी तीनैको व्यापार नाशिएमा त तत्काल देहावसान भैहाल्छ । अन्न जल त्याग गरिएमा प्राण नरहे देह त्यसै पात हुने हुन्छ । देहादि कर्महरू यी आत्माको होइन, विचार-पूर्वक कर्महरूमा अहँकार रहित अर्थात् कर्तापनको अभिमान-लाई त्यागी आत्म स्वरूपमा स्थित हुनुपर्छ । 'म' यी कर्तापन देखि रहित आफूमा स्थित छुँ ।

कर्म-नैष्कर्म्य-निर्बन्ध-भावा देहस्थयोगिनः ।
संयोगायोगविरहादहमासे यथा सुखम् ॥४॥

भाषा

कामना भावको कर्म या त निष्काम भावको ।
जो गरिन्छ सबै त्यो हो देहाभिमानि योगिको ॥
कर्म-निष्कर्मको कार्य देहाभिमानि गर्दछ ।
संयोग र वियोगादि रहित आत्मभाव छ ॥४॥

भावार्थः- कममा निष्ठा राख्ने, निष्कर्म मार्गमा भावना राखिने यी दुवै कुरो एकै पल्ट हुनै सक्दैन, कर्म र निष्कर्मको कार्य त देहाभिमान लाई मात्र हुन्छ । 'म' त संयोग वियोग देखि पर आत्म स्वरूपम स्थित भएको छुँ ।

अर्थानर्थौ न मे स्थित्या गत्या न शयनेन वा ।
तिष्ठन्, गच्छन्, स्वपन्, तस्मादहमासे यथा सुखम् ॥५॥

भाषा

स्थितिमा-गतिमा त्यस्तै निन्द्रामा जो क्रियादि छन् ।
देहेन्द्रिय-मन-बुद्धि-द्वारा नै सब चल्दछन् ॥
अर्थानर्थ कुनै छैन मेरो निंति यसै अब ।
जग स्वप्न-समानै छ, तत्त्व जाने सुखैसुख ॥ ॥

भावार्थः- लौकिक व्यवहार जुन छन्, खानु, सुत्नु, हाँसनु, रुनु जो जति देहादि कर्महरू छन्,ती आफ आफै इन्द्रिय म द्वारा चालित संसार स्वप्नवत् छ । त्यसो हुँदा यो देहवाट भएका क्रिया-कर्म देखि वर 'म' रूप जुन् तत्व छ त्यही तत्वमा स्थित छुँ ।

स्वपतो नास्ति मे हानिः सिद्धिर्यत्नवतो न वा ।
नाशोल्लासौ विहायास्मादहमासे यथा सुखम् ॥६॥

भाषा

सुत्दा मेरो छैन हानि न यत्नैबाट सिद्धि छ ।
नाश-उल्लास छोडेर, वसेमा आत्म-वृद्धि छ ॥
उद्योग-कर्मको मान सिद्धि यत्न सबै सब ।
संग्रह-त्यागको भाव 'म' मा के हुन्छ लौ अब ॥६॥

भावार्थः—चाहे उद्योगमा सफल होउँ, चाहे प्रयत्नहरू विफल होउन्, यसमा मेरो केही पनि हानि लाभ छैन, । कारण, संग्रह-त्यागको भावना 'म' मा छैन त्यसो हुँदा म अति सुखी आत्माराम छुँ ।

सुखादिरूपा नियमभावेष्वालोक्य भूरिशः ।
शुभाशुभे विहायास्मादहमासे यथा सुखम् ॥७॥

भाषा

सुखादि-रूप-नियम भावमा मात्र देख्दा ।
शुभाशुभ दुवै छोडी आत्मामा स्थित छुँ सदा॥७॥
नियम सुख दुःखादि धर्म सारा असार छ ।
शुभा शुभ कर्मभावी छाडेमा सुख आत्म छ ॥७॥

भावार्थः- लोकको भाव जुन भैरहेका छन् , ती सबै सुख दुःख, धर्म, अधर्म, दिन, रात, शुभ, अशुभ सबै कर्मका भानहरू हुन् । ती धर्महरू देखि पर रहेको जुन छ, त्यो आत्मरूप सुखको सारमा 'म' तत्वमा लीन भएको छुँ। अर्थात धर्माधर्म शुभ-अशुभका जुन लोक कार्य-फल देखि पर रहेको आत्मत्व अमरत्त्वमा म स्थित छुँ ।

यसरी अष्टावक्र मुनिज्युले जनक राजामा
सुनाउनु भएको ब्रह्मविद्या यथा
सुख सप्तक नामको
तेह्रौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

शान्ति लाभ

चौथौं प्रकरण शुरू हुन्छ

प्रकृत्या शून्य चित्तोयं प्रमादाद्भावभावनः ।
निद्रितो बोधित इव क्षीणसंसारणो हि सः ॥१॥

भाषा

स्वभावैले शून्य चित्त गर्छ जो प्रेरणा-वश ।
निन्द्राबाट विउँझेको असंसारी सरी बुझ ॥
स्वभावैले शून्य चित्त भएको धीर जो यहाँ ।
इच्छा नभै कन त्यस्तै बाध्यभै कर्ममा त्यहाँ ॥१॥

भावार्थः- आत्म-स्वभावमा स्थित भएका पुरुषमा यो विचार हुने हुन्छ कि-स्वभावबाट भएका धर्महरू यी सबै प्रारब्धकर्महरूको वशीभूत भएर अज्ञानीहरूको झैं संकल्प-विकल्पको भावना गर्दछ। जसतो सुख पूर्वक निंदाइरहेका व्यक्तिलाई उठाएर अर्कैले काम लगाए झैं संसारको व्यवहारका काम-काजहरू गरी रहेको मात्र हो। आफै आफ्नो खुसीले काम गरिएको होइन। ज्ञानी पुरुष त संसार देखि अलग्गै बसेका हुन्छन्।

क्व धनानि क्व मित्राणि क्वमे विषयदस्यवः ॥
क्व शास्त्रं क्व च विज्ञानं यदा मे गलिता स्पृहा ॥२॥

भाषा

धन-मित्र-पुत्र दारा सबै विषय-चोर हुन् ।
सबै इच्छा गलेकोमा सबै शास्त्र असार छन् ॥
विषय धन र इच्छा शास्त्र मित्र कहाँ छ र ?
आसक्ति शब्दनै के छ ? कस्ले मलाई हुन्छ र ? ॥२॥

भावार्थः-विषय-वासनादेखि रहित भएका ज्ञानी पुरुषमा इच्छा भन्ने कुरै हुँदैन भने धन, मित्र, घर, शास्त्रमा केको ममता हुने हुन्छ र ? यीता विषयी देहाभिमानीलाई मात्र हुने हुन्छ । आसक्ति हीन-पुरुषमा केवल आत्म-तत्वमा मात्र लीन भएको हुन्छ ।

विज्ञाते साक्षिपुरुषे परमात्मनि चेश्वरे ।
नैराश्ये बन्ध-मोक्षे च न चिन्ता मुक्तये मम ॥ ३ ॥

भाषा

चिन्ता- आशा र नैराश्य इच्छा-निच्छा रहितमा ।
बन्ध-मोक्ष दुवै छैन, साक्षी पुरुष ईशमा ॥
अनन्तमा मिलेको छुँ अनन्त रूपको म छुँ ।
आद्यन्त मध्यले हीन आत्मा व्यापक एक छु ॥ ३ ॥

भावार्थः- देह इन्द्रिय र अन्तःकरणका साक्षी सर्व शक्तिमान परमात्माको ज्ञान भै सकेका पुरूषमा, बन्ध मोक्ष, आशा भनेको कुनै पनि चिन्ता हुन आउँदैन, किन भने सर्व शक्तिमान ईश्वर हुनुहुन्छ ।

अन्तर्विकल्पशून्यमावहिः स्वच्छन्दचारिणः ।
भ्रान्तस्येव दशास्तास्तास्तादृशा एव जानते ॥४॥

भाषा

भित्र विकल्पले शून्य स्वच्छन्द चारिवाहिर ।
भ्रान्तको झैं अवस्था त्यो ज्ञानीले मात्र जान्दछ ॥

विकल्प-भावना शून्य स्वतन्त्र-चारि लोकमा ।
रमन्ता धीरको हुन्छ सच्चिदानन्द स्वान्तमा ॥४॥

भावार्थः- अन्तःकरणमा संकल्प विकल्प भावना शून्य वाहिर अरुले लाए अह्राए वलोजि अर्कैको निमित्त काम गर्ने स्वतन्त्रता प्रिय ज्ञानीको स्वभाव ज्ञानीले मात्र जानेको हुन्छ । अरुले जान्दैन ।

यसरी श्री अष्टावक्रगीतामा ब्रह्म-विद्याको
शांति चतुष्टय नामको
चौधौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

तत्त्व उपदेश

पन्ध्रौं प्रकरण शुरू हुन्छ

यथा तथोपदेशेन कृतार्थः सत्वः बुद्धिमान् ।
आजीवमपि जिज्ञासुः परस्तत्र विमुह्यति ॥१॥

भाषा

सत्व बुद्धि भएकोमा तत्त्वोपदेश लाग्दछ ।
लाग्देन रजस्तममा बन्धन मोह मात्र छ ॥
सत्व वृद्धि भएकोमा एकै शिक्षा प्रशस्त छ ।
रागी-जीवन पयर्न्त, अरुवों पनि व्यर्थ छ ॥

भावार्थः- यो आत्म तत्त्वको ज्ञानको उपदेश कठिनताले मात्र जानिने कुरो छ । आत्म तत्त्वको ज्ञान बराबर अध्ययन मनन निदिध्यासन गरी रहनु पर्ने हुन्छ । अधिकारी सात्विक पुरुषमा सजिलै संग भावमयता संग बुझिने हुन्छ । राजसभा देहाभिमानको मात्रा हुँदा देहको अभिमान न हटे सम्म आत्मतत्त्वको ज्ञान हुन आउँदैन । तामसमा त झन अन्धकारै भयो । तामसी बुद्धिवालाले कठिन तत्त्वको के बुझन सकने हुन्छ र के गर्न सक्त छ ?

मोक्षो विषय वैरस्यं बन्धो वैषयिको रस ।
एतावदेव विज्ञानं यथेच्छसि तथा कुरू ॥२॥

भाषा

विषयमा प्रीति हुनु पिजरा भित्र पर्नु हो
विषयेच्छा न हुनुनै मोक्षको पद मिल्नु हो ॥
विषय-प्रीतिमा मोह बन्ध दुःख छ मत्सर ।
आसक्ति त्यागमा सौख्य, जे इच्छा छ त्यही गर ॥२॥

भावार्थः- विषयहरूको आसक्तिपना न हुनु नै मुक्तिको मार्ग खुल्ने हुन्छ । विषयहरूमा आसक्तिपना हुनु बन्धनको कारण हुन आउँछ । खास कुरो वेदान्त शास्त्रहरू र गुरुवाट यही उल्लेख भएको छ, कुरो पनि यथार्थ यही हुन्छ, सही कुरो बताये अनुसार तिम्रो जो रुचि छ सोही तिमी गर ।

* वाग्मि प्राज्ञ महद्योगं जनं मूकजडालसम् ।
करोति तत्त्ववोधो ऽयमतस्त्यक्तो बुभुक्षुभिः॥६॥।

भाषा

बुद्धिमान बन्छ जड वाचाल मूक बन्दछ ।
उद्योगि आलसी बन्द, आत्म बोध विचित्र छ ॥
विषयी जनले त्यक्त, आत्म बोध पवित्र छ ।
ज्ञानीले अपनाएको तत्वबोध सचित्र छ ।३॥

भावार्थः- तत्त्व ज्ञान विना कुनै अरू लाखौ उपाय गरेतापनि विषयासक्ति नाश हुन सक्तैन । प्रसिध्द तत्त्व ज्ञानी पुरुष शान्त मूक भावमा स्थित भै रहने हुन्छ, पण्डितलाई भवमस्त जड बनाई दिने हुन्छ । परम उद्योगीलाई शान्त अचल अवस्थामा पारीदिने हुन्छ, किन भने मनको प्रत्यगात्मामा लाग्नाले ज्ञानीको वाणी मन र देहको वृत्तिहरू नाश हुन जान्छन्, त्यसैले विषयीहरू ज्ञानीहरूको भाव बुझ्न नसकी आत्म-ज्ञानको अनादर गर्ने हुन्छन् ।

न त्वं देहो न ते देहो भोक्ता कर्ता न वा भवान् ।
चिद्रुपोऽसि सदा साक्षी निरपेक्षः सुखं चर ॥४॥

भाषा

न देह हौ न यो देह तिम्रो नै हो छौ द्वयम् ।
न कर्ता हौ न भोक्ता हौ, चिद्रुप साक्षी हौ स्वयम् ।
देहको न गरी चिन्ता आफ्नो स्वरूपमा वस ।
रुजा हुंन्त्री चिदानन्दा साथमा छिन् पिऊ रस ॥४॥

भावार्थः- न आत्मा देह रूपमा छ, आत्मा चैतन्य रूप छ । कर्मको कर्ता भोक्ता, कर्मको फल भोग्ने आत्मा होईन । कर्म किन भने गर्ने फल भोगिने यी सबै मन र बुद्धिको धर्म हुन् । आत्मा त मन बुद्धिको साक्षी मात्र छ । जसरी घटलाई हेर्ने घट देखि अलग रहन्छ, त्यस्तै आत्मा यो देह इन्द्रिय जगत देखि अलग साक्षी रूपमा रहेकोछ । त्यसो हुँदा,स्त्री पुत्रादि धनदेखि उदासीन भएर सुखपूर्वक रहू।

राग द्वेषौ मनो धर्मो न मनस्ते कदाचन ।
निर्विकल्पोऽसि बोधात्मा निर्विकार सुखं चर॥५॥

भाषा

राग-द्वेष, हर्ष-शोक मनका धर्म केवल ।
तिमी मन पनी ह्वैनी एक हौ बोध निर्मल ॥
निर्विकल्प-निराकार-बोधात्मा तिमी हौ स्वयम् ।
स्वान्तस्थ-शुद्ध चैतन्य-परमानन्द-अव्ययम् ॥५॥

भावार्थः-राग, र द्वेषबाटै संसारको अनेक परिपंच गराउने जो छ, ती मनकै धर्म हुन्छ । त्यसो हुँदा मन-संग सम्बन्ध न राखेर शुद्ध आत्मामा रमन गर ।

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।
विज्ञाय निरहंकारो निर्ममस्त्वं सुखी भव ॥६॥

भाषा

सबैमा आफू देखेर, आफूमा सब देखनु ।
ममता र अहंकार त्यागी शान्त सुखी हुनु ॥
देहादि सबमा बस्ने आत्मा केवल चेतन ।
जानेर त्यागी ममता-अहंकार, सुखी बन ॥६॥

भावार्थ- सबै प्राणीहरूका हृदय कमलमा आत्मा नै विराजमान भएको छ । सबै इन्द्रियलाई रोकेर त्यो आत्मालाई दर्शन गर्न सकेमा आनन्द सुखी हुने हुन्छ ।

* विश्वं स्फुरति यत्रेदं तरंगा इव सागरे ।
तत्त्वमेव न सन्देहश्चिन्मूर्ते विज्वरो भव ॥७॥

भाषा

जस्मा ब्रह्माण्ड देखिन्छ तरंग झैं समुद्रमा ।
त्यो तिमि, छैन सन्देह, रमा-रमण स्वान्तमा॥७॥

भावार्थः-जसतो सागरको पानीमा तरंगहरू हुन्छन्, त्यस्तै यो विश्व कल्पित भएको छ भन्ने कुरो कत्ति पनि सन्देह न लेऊ । चैतन्य शुद्ध आत्मा तिमीमा रमी रहेको छ । त्यसो हुँदा कुनै कुराको दुःख न लेऊ, सन्ताप रहित भएर आत्मामा रमी रहू ।

श्रद्धस्व तात श्रद्धस्व नात्र मोहं कुरूष्व भोः ।
ज्ञानस्वरूपो भगवानात्मा त्वं प्रकृतेः पर ॥८॥

भाषा

श्रद्धा विश्वासले युक्त छाडी मोहादि बन्धन ।
आत्मको रूप ज्ञानै छ, त्यसैको गर चिन्तन ॥

श्रद्धा-विश्वास-अग्निले मोहान्धकार संहर ।
ज्ञान रूप तिमी आत्मा, ईश्वर-प्रकृति पर ॥८॥

भावार्थः- गुरु वेदान्तको महा वाक्यलाई श्रद्धा विश्वास मानेर आत्म स्वरूप जुन ज्ञानको ज्योति छ, त्यसलाई अंगालेमा यी शंकालु मायालु मोह बन्धन अज्ञानपना हटिने हुन्छ । यस्ता झंझट साया ममता तर्फ न लागेर शुद्ध आत्मामा लाग ।

गुणैः संवेष्टितो देहस्तिष्ठत्यायाति याति च ।
आत्मा न गन्ता नागन्ता किमेनमनुशोचसि ॥९॥

भाषा

गुण समूहका देह, बस्छ जान्छ र आउँछ ।
आत्मा गन्ता न आगन्त अचल एक व्यापक ॥
गुणैले नै सबै घुम्छन् विश्व ब्रह्माण्ड चेतन ।
आत्मा एकै सदा स्थिते,न जन्मन्छ न घुम्दछ॥९॥

भावार्थः- इन्द्रियादिसंग वेष्टित भएका गुण रूप जुन देह छन्, ती देहै संसारमा आउँछन्, जान्छन् । आत्मा न आउँछ, न जाने नै गर्दछ, त्यो नित्य स्थित वस्तु छ । त्यसो हुँदा 'म' न त जन्मने हुन्छ, न त मरण नै हुने हुन्छ । देहको धर्मलाई लिएर आत्माको भावनामा शोक गर्नु पर्ने कुनै छैन, किन भने आत्मा त सर्व व्यापी र नित्य रूप छ ।

देहस्तिष्ठतु कल्पान्तं गच्छत्वद्यैव वा पुनः ।
क्व वृद्धि क्व च वा हानिस्तव चिन्मात्ररूपिणः ॥१०॥

भाषा

रहोस देह कल्पान्त चलोस अहिले यहाँ ।
फिक्रि त्यसमा केको हुन्छ ? चिन्मात्र रूप छ यहाँ ॥१०॥

भावार्थः- यो देह चाहे कल्पान्तसम्म रहोस् वा आजै नै नष्ट होस्, यसमा मेरो केही हानी, लाभ छैन, न त वृद्धि नै छ । किन भने 'म' त खास केवल चैतन्य स्वरूप छुँ ।

त्वय्यनन्तमहाम्भोधौ विश्ववीचिः स्वभावतः ।
उदेतु वास्तमायातु न ते वृद्धिर्न वा क्षतिः ॥११॥

भाषा

अनन्त- सिन्धु तिमीमा विश्वका छाल यी स्वतः ।
उदाउँछन् अस्त हुन्छन् तिमी आत्मा सदा स्थिर ॥
अनन्त सागर बीच तरंग विश्व-भाव छ ।
आत्म नित्य सदा स्थिर न बढ्छ न त घटदछ ॥११॥

भावार्थः-आत्मा चैतन्य अनंत स्वरूपको छ । जसतो समुद्रमा तरंगहरू उत्पन्न हुन्छन् फेरि विलाउन्छन् । त्यसतै यो संसार विषयहरू उत्पति हुन्छन् लय हुन्छन् । यसमा हानी पनि छैन, लाभ पनि छैन, नित्य स्थित पूर्णत्व आत्मा परमात्मा रूपमा छ ।

तात चिन्मात्र रूपोऽसि न ते भिन्नमिदं जगत् ।
अतः कस्य कथं कुत्र हेयोपादेयकल्पना ॥१२॥

भाषा

मन कस्तो कहाँ के छ ? त्याग-ग्रहण-कल्पना ।
तिमी भिन्न जगत् छैन तिमी छौ शुद्ध चेतना ॥
चिन्मात्र रूप छ व्याप्त छैन भिन्न जग सब ।
ग्रहण-त्याग बन्दैन, कल्पना व्यर्थ गर्दछ ॥१॥

भावार्थः-आत्मा चैतन्य चिन्मात्र स्वरूपको छ, जगत् यो देखि भिन्न छैन । यसमा ग्रहण गरीने, त्याग गरीने, कुरै केही छैन । कसको हुन सक्तछ, कसको केमा हुन सक्तछ । केवल, कल्पना मात्र छ ।

एकस्मिन्न व्यये शान्ते चिदाकाशेऽमले त्वयि ।
कुतो जन्म, कुतो कर्म कुतोऽहङ्कार एव च ॥१३॥

भाषा

स्वच्छ अकाश झै तिम्रो अव्यय शान्त चित्तमा ।
कहाँ जन्म ? कहाँ कर्म ? अहंकार पनि कहाँ ॥
अनाशी शान्त चैतन्य निर्मलाकाश छौ तिमी ।
जन्म मृत्यु अहंकार कहाँ के छ यसै पनि ॥१३॥

भावार्थः- आत्मा अविनाशी, एक शान्त, चैतन्याकाश रूप र निर्मल आकाश स्वरूप छ । यसको जन्म छैन, न मृत्यु नै छ, न अहंकारै हुन्छ, किनकि तिमी अद्वितीय छौ । शुद्ध रूपमा तिमी स्थित छौ ।

* यत्त्वं पश्यसि तत्रैकस्त्वमेव प्रतिभाससे ।
किं पृथक् भासते स्वर्णात्कटकांगद नूपुरम् ॥१४॥

भाषा

तिमी जो देख्दछौ त्याहाँ देखिन्छौ तिमी एक नै ।
वाजु-नूपुर देखिन्छ वनेको सुनबाट नै ॥
आत्मैबाटै जन्मिएका देख्नेछौ विश्व यो सब ।
मोहान्धकार भाग्ने छ चेतना आउँछिन जब ॥१४॥

भावार्थः- जसतो सुनको चूरी, वाजू, गलाको हार, नूपुर जो जति गहना वन्दछन्, धातुकै वस्तुबाट वन्दछन् । त्यस्तै यी सारा विश्वको वस्तु मानिस, पशु, पंक्षी, वृक्ष, फल, आत्मैबाट कल्पिएको छ ।

अयं सोऽहमयं नाहं विभागमिति सन्त्यज ॥
सर्वमात्मेति निश्चित्य निःसंकल्पः सुखी भव ॥१५॥

भाषा

यो त्यो र म तिमी भिन्न भन्ने यस्तो विभाजन ।
न गरी वस आत्मामा जहाँ छ शुद्ध चेतन ॥
संझी आत्मा वासुदेव वासना वासुदेव कै ।
रमा-रमण आफैमा रम नित्य निःशंक भै ॥१५॥

भावार्थः- यी जुन सम्पूर्ण देह आदि पदार्थहरु छन्, तौ सबका साक्षीरूप आत्म छुँ । देह, इन्द्रिय आदि रूप 'म' होइन । 'म' अहंकार होईन भन्ने भेद भावलाई छाडेर सम्पूर्ण जगतमा व्यापक रूपमा 'म' आत्म रूप ईश्वर छुँ । यसतो जानेर व्यर्थ मनमा संकल्प-विकल्पहरुलाई छोड ।

तवैवाज्ञानतो विश्वं त्वमेकः परमार्थतः ।
त्वत्तोऽन्यो नास्ति संसारी ना संसारी च कश्चन ॥१६॥

भाषा

तिम्रै अज्ञानबाटै यो विश्व देखिन्छ वास्तव ।
तिमीनै एक छौ अन्य को होला र यहाँ अब ॥
असंसारी र संसारी देखिन्छौ तिमीनै अतः ।
जस्तो आफ्नो भावना छ फल मिल्दछ वाञ्छित ॥१६॥

भावार्थः-अज्ञानबाटै यो सारा संसार भासि रहेको देखिएकोछ । वास्तवमा संसार कुनै छैन, सबै आत्म रूपको छ । परमार्थस्वरूप अद्वितीय वस्तु एकै आत्मा जानेर संसारी असंसारीको कुनै भावना यसमा लिनु ठिक पर्दैन ।

भ्रान्तिमात्रमिदं विश्वं नकिञ्चिदिति निश्चयः ।
निर्वासनः स्फूर्तिमात्रो नकिञ्चिदिव शाम्यति ॥१७॥

भाषा

देखिने सब संसार भ्रान्ति मात्रै छ केवल ।
वासना शून्य त्यो शान्त स्फूर्ति मात्र छ निर्मल ॥
असार यो छ संसार यो दृष्य भ्रान्तिमात्र छ ।
वासना रहला कैले, जो सदानन्द रूप छ ॥१७॥

भावार्थः- यी विश्व भ्रान्ति मात्रले कल्पित भएकोछ । वास्तव किंचिनमात्र पनि सत्यता छैन । जुन साधक साधुमा यस्तो निश्चय हुने हुन्छ, त्यस पुरुषमा वासना रहितको साथै प्रकाश रूप ज्ञान चैतन्य स्वरूपमा शान्ति प्राप्त हुने हुन्छ ।

एक एव भवाम्भोधावासीदस्ति भविष्यति ।
न ते बंधोऽस्ति मोक्षो वा कृत कृत्यः सुखं चर ॥१८॥

भाषा

भव सागरमा एकै हुनेछ., छ र यो थियो ।
बन्ध मोक्ष कुनै छैन सुखी छुँ, मोह भ्यो गयो ॥
त्रिकाल भूत आदिमा नित्य आत्मा सदा स्थिर ।
बन्ध-मोक्ष कहाँ के छ, ? सुख दुःख कहाँ छर ? ॥१८॥

भावार्थः- भूत, भविष्य र वर्तमान रूप त्रिकालमा पनि यो संसार सागरमा तिमी थियौ र फेरि रहने छौ । अर्थात यो त्रिकालमा पनि आत्मा रूप ईश्वर छदै छ, कहिल्यै न नाशिने स्वरूप तिमीमा यसतो जानेर पनि म मोक्ष चाहन्छुँ, बन्ध चाहन्न भन्ने भावना हुँदै हुँदैन ! तिमी स्वयं ईश्वर आत्मा भएको कुरा जानेर कृतार्थभै सुखी रहु ।

म ासंकल्पविकल्पाभ्यां चित्तं क्षोभय चिन्मय ।
उपशाम्य सुखं तिष्ठ स्वात्मन्यानन्दविग्रहे ॥१९॥

भाषा

शुद्ध चैतन्य छौ तिमी, आत्मानन्द-स्वरूप छौ ।
संकल्प र विकल्पादि उपाधि देखि भिन्न छौ ॥
चित्तलाई न हल्लाऊ संकल्प र विकल्पले ।
स्वात्मानन्द रूपमा नै वस सुख र शान्तिले ॥१६॥

भावार्थः- आत्मा खास चैतन्य स्वरूप छ । संकल्प-विकल्पको भावना त्यसमा छदै छैन । केवल तिम्रो चित्त नै कमजोरीपनामा चंचलतामा संकल्प विकल्प उठेको मात्र हो चित्तलाई शान्त आत्मामा मिलाई सुखी भएर स्वच्छन्द होऊ ।

त्यजैव ध्यानं सर्वत्र मा किञ्चिद्धृदि धारय ।
आत्मात्वं मुक्तएवासि किं विमृश्य करिष्यसि ॥२०॥

भाषा

मुक्त आत्मा तिमी एक कसको ध्यान गर्दछौ ।
जहाँ जाऊ तिमी हेर आफ्नो रूप देख्दछौ ॥
ध्यानको भावना के छ ? भित्र वाहिर के छ र ?
सदा स्थिर रहेको छ आत्मा व्यापक ईश्वर ॥
न हाल चित्तमा केही वितर्क छाल आउने ।
ध्यानलाई पनि छोड सदा विक्षेप ल्याउने ।
रमा-रमण आफै छौ, राम-आल्हादिनी रमा ।
शुद्ध चैतन्यकी दाता चेतना छन स्वान्तमा ॥२०॥

भावार्थः- यो रूपमा छ, त्यो रूपमा छैन, भित्र छ वाहिर, छैन भन्ने यसतो ध्यान त्यसमा लाग्दैन । ईश्वर सर्व व्यापक भित्र वाहिर, कुना कुनामा, कण कण, अणु परमाणुमा व्याप्त भएको हुँदा तिमी खास आत्म रूप छौ । ध्यानको विचारको फल तिमीमा के लाग्न आउँछ र ? ॥

यसरी अष्टावक्र गीताको तत्त्व-उपदेशको
पन्ध्रौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

भेद नगर्नु नै मुक्तिको मार्ग

सोह्रौं प्रकरण शुरू हुन्छ

आचक्ष्व शृणुयात् वा तान्नानाशास्त्राण्यनेकशः ।
तथापि न तव स्वास्थ्यँ सर्वविस्मरणादृते ॥१॥

भाषा

शिक्षा देऊ यात सुन नाना शास्त्र अनेकन ।
तै पनि स्वास्थ्य पाउन्नौ विस्मृतिमा नगैकन ॥
आशा–नैराश्य–इच्छा र अनिच्छा चिन्तना सब ।
त्याग- ग्रहणको भाव, विर्सी होऊ सुखी अब ॥१॥

भावार्थः-तत्त्व ज्ञानको उपदेशबाट नै सारा प्राणीहरूमा रहेको जुन आत्म स्वरूप छ, त्यसैलाई समभाव देख्नु नै मुक्ति भनिन्छ र साथै तृष्णाको नाश हुनु पर्दछ । नाना प्रकारका शास्त्रको अध्ययन अरू पुरूषार्थ जुन बराबर गरिन्छ, ती सबै मन स्वच्छ पार्नालाई मात्र हुन्छ। वस्तुहरूको भेद जुन गरीने हुन्छ, ती भेदले आत्म चिनिन्दैन । भेद देखि रहित सबैमा समभाव राख्नु नै परमेश्वरको साक्षात्कार हुने हुन्छ, किन भने परमेश्वर सबैमा व्याप्त छ। भेद दृष्टि गर्न भूल्नु पर्दछ । अर्थात् विषयभावमा मुक्ति छैन । समभावमा मात्र मुक्ति हुन्छ ।

भोगं कर्म समाधिं वा कुरु विज्ञ तथापि ते ।
चित्तं निरस्तसर्वाशमत्यर्थं रोजयिष्यति ॥२॥

भाषा

कर्मको भोग वा त्याग समाधि ध्यान जो गर ।
सर्वाशा शून्य मनले प्राप्त गर्दछ ईश्वर ॥२॥

भावार्थः– सारा प्राणीमा एउटै आत्मा जानेर समभावमा रही आफू नित्य कर्म शरीर निर्वाहको लागि विशुद्धता साथ निष्काम कर्म द्वारा अथवा चाहे ध्यान समाधि परोपकार जुन हुन्छ, जसमा लोक कल्याणमा लाग्ने पुरुष मात्र ईश्वर प्राप्त हुने हुन्छ । अर्थात् आशा रहित आत्मा स्वरूपमा रमी रहनु नै ईश्वर प्राप्ति हुने हुन्छ ।

आयासात्सकलो दुःखी नैनं जानाति कश्चन ।
अनैनेवोपदेशेन धन्यः प्राप्नोति निर्वृतिम् ॥३॥

भाषा

प्रयासबाटै जन्मन्छन् सुख दुःखादिका कण ।
तत्त्वोपदेश बुझ्ने यो धन्य त्यो विरलै जन ॥
आत्म-कल्याणको मार्ग फेला पार्ने महाजन ।
निष्काम-भावले गर्छन् जो काम परि आउँछ॥३॥

भावार्थः– प्राणीमात्रमा विषयको परिश्रम जुन हुन्छ, त्यसले मनै लाई दुःख दिने हुन्छ । ती कुरा न जानेर विषयमा सुख मानी रहने हुन्छन् । भाग्यमानी पुरुष सद् गुरुको उपदेशले मन स्थित गरी आत्म कल्याणको मार्ग पहिल्याउने हुन्छन् ।

* व्यापारे खिद्यते यस्तु निमेषोन्मेषयोरपि ।
तस्यालस्य धुरीणस्य सुखं नान्यस्य कस्यचित् ॥४॥

भाषा

आलस्यमा पराकाष्ठा पुगेका धीर छन् जहाँ ।
आँखा खोल्दा चिम्लदामा पनि दुःख अहो त्यहाँ ॥

अल्छीको जो छ आनन्द कसरी बुद्धिमानले ।
पाउला काम पूर्तिमा चल्ने त्यो यत्नवानले ॥४॥

भावार्थः– इन्द्रियहरू सबै आफ आफै गुणहरूको वशमा परी काम गर्ने हुन्छन, अर्थात हेर्नु, देख्नु, लिनु, खानु, चल्नु आदि व्यापार चली रहेकै हुन्छ । त्यसमा आलस्यता भन्ने कुरो केही पनि छैन भन्ने स्थिरत्वलाई साधेर निष्क्रिय भै रमनेले नै सुख प्राप्ति गर्ने हुन्छ ।

इदं कृतमिदं नेति द्वन्द्वैर्मुक्तं यदा मनः ।
धर्मार्थ-काम-मोक्षेषु निरपेक्षं तदा भवेत् ॥५॥

भाषा

यो गरें, गर्न बाँकी यो यस्तो द्वन्द्व हटे पछि ।
धर्मार्थ काम मोक्षेच्छा, कहाँ मन, मरे पछि ॥५॥

भावार्थ– यो गर्नु पर्छ, यो गर्न हुँदैन भन्ने मनको जुन द्वैत हुन्छ, त्यो हटाउनु पर्ने हुन्छ । साथै कुनै कुरामा पनि प्राप्तिको इच्छा नगर्ने अर्थात् धर्म, अर्थ, काम र मोक्षको पनि प्राप्तिको इच्छा नगर्ने परम योगीनै जीवन मुक्त अवस्थामा प्राप्त हुने हुन्छ ।

विरक्तो विषयद्वेष्टा रागी विषयलोलुपः ।
ग्रहमोक्षविहीनस्तु न विरक्तो न रागवान् ॥६॥

भाषा

विषय-द्वेष जो गर्छ वैरागी कहलाउँछ ।
विषय-लोभ जो गर्छ त्यो रागी कहलाउँछ ॥
त्याग-- ग्रहणले हीन वैरागी हो न रागी हो ।
शम्भु हौं सच्चिनानन्द मुकुन्द वासुदेव हो ॥६॥

भावार्थः– विषयमा द्वेष गर्ने विरक्ति भनाउँछ, विषयमा लुब्ध हुनेलाई कामी भनाउँछ, तर जुन पुरूष, ग्रहण, त्यागको भावना

शून्य पुरुषनै ज्ञानी कहलाउने हुन्छ, किन भने, न विषयमा राग नै गर्ने हुन्छ, न द्वेषनै गर्ने हुन्छ । प्रारब्ध योगानुसार समभावमा रही आफ्नै आत्मामा रमि रहने हुन्छ ।

हेयोपादेयता तावत्संसारविटपांकुरः ।
स्पृहा जीवति यावद्वै निर्विचारदशास्पदम् ॥७॥

भाषा

त्याग-ग्रहणको भाव रहे सम्म त चित्तमा ।
भव-बीज परमाणु काम वस्दछ स्वान्तमा ॥
इच्छा बाँचि रहुन्जेल विचार-शून्य हुन्न है, ।
इच्छाले हीन ज्ञानिमा अनिच्छा पनि हुन्न है ॥७॥

भावार्थः-प्रश्नः-ज्ञानीहरुमा पनि संसारमा आफ्नू स्वभाव अनुसार ग्रहण त्यागको भावनामा अर्थात् व्यवहार गरी रहेका देखिन्छन् किन? उत्तरः- अज्ञान दशाको निवास स्थान रूप जुन इच्छा छ, त्यसैमा ग्रहण त्यागको भावना हुन्छ । संसार रूपि नाटय-शालामा नाटकीय स्वांग समान गरी, ज्ञानी समान व्यवहार गरी जीवन यापन गर्ने हुन्छ। किनभने ज्ञानीमा त्याग ग्रहण भन्ने कुराको इच्छै हुँदैन ।

* प्रवृत्तौ जायते रागो निवृत्तौ द्वेष एव हि ।
निर्द्वन्द्वो बालवद्धीमानेवमेव व्यवस्थितः ॥८॥

भाषा

प्रवृत्तिमा राग हुन्छ द्वेष हुन्छ निवृत्तिमा ।
द्वन्द्वातीत बाल जस्तै बुद्धिमान् वस्छ आत्ममा ॥
शुभा-शुभ कर्मफल प्रारब्धैले दिलाउँछ ।
भोग्य-भोग सकिएमा जीवनी यो हराउँछ ॥

ज्ञानीले नाटकी ढंग, रच्चेको हुन्छ बाहिर ।
चैतन्य साथ आत्मामा रमेको हुन्छ भीतर ॥८॥

भावार्थः- यदि विषयहरूमा-प्रीति गरेमा दिन पर दिन प्रीति बढ्ने हुन्छ । यदि विषयमा द्वेषगरेमा द्वेष दिन दिनै बढ्ने हुन्छ । त्यसोहुँदा ज्ञानीमा शुभ, अशुभ जुन विचार छन्, त्यो हुँदैन । अर्थात शुभ, अशुभ रहित बालकको समान राग द्वेष देखि रहित हुने हुन्छ । प्रारब्ध कर्मानुसारको भोगमा राग द्वेष रहितभै स्वतन्त्र जीवन विताउने हुन्छ ॥

हातुमिच्छति संसारं रागी दुःखजिहासया ।
वीतरागो हि निर्मुक्तस्तस्मिन्नपि न खिद्यति ॥९॥

भाषा

संसार त्याग्नको इच्छा दुःखले रागी गर्दछ ।
प्रसन्नता साथ भोग्छ वैरागी न त शोच्दछ ॥
प्रारब्ध कर्मको भोग ज्ञानी भोग्छ प्रसन्न भै ।
अज्ञानी त्याग्न चाहन्छ भयले अप्रसन्न भै ॥९॥

भावार्थः-- विषयासक्त पुरुष अत्यंत दुःख पाएर दुःख निवारण हुने इच्छा गर्ने हुन्छ । अविषयी वैरागी ज्ञानीमा सदा सुखी हुने हुँदा संसारमा प्रसन्नता साथ विना खेद आफ्नो जीवन विताउने हुन्छ ।

यस्याभिमानो मोक्षेऽपि देहेऽपि ममता तथा ।
न च ज्ञानी न वायोगी केवलं दुःखभागसौ ॥१०॥

भाषा

देहमा ममता जस्तो रहेको छ भने पनि ।
मोक्षाभिमानी अथवा दुःखकै भागि त्यो पनि ॥१०॥

भावार्थः- जुन मानिसभा अभिमान छ, त्यो न मुक्त हुनु सक्तछ न त्यागी नै हुन सक्तछ । शरीरलाई कष्ट उपवास गर्दैमा कष्ट मेटिने होइन । अभिमानीमा देहको, घरको, परिवार तथा द्रव्य धातुका टुकडाहरुमा ममत्व हुने हुँदा, त्यो सदा दुःखीनै भएर वस्दछ । सुखको एक लेश पनि त्यसले पाउँदैन ॥

हरो यद्युपदेष्टा ते हरिः कमलजोऽ पि वा ।
तथापि न तव स्वास्थ्यं सर्व विस्मरणाद्दते ॥११॥

भाषा

उपदेश गरुन् शंभु-हरि-ब्रह्मादि धन्यभै ।
तथापि स्वास्थ्य पाउन्नौ नविर्सि चित्तले सबै ॥
उपदेष्टा हउन् तिम्रो ब्रह्मा-विष्णु-महेश्वर ।
तथापि स्वास्थ्य पाउन्नौं, छ भने यदि मत्सर ॥११॥

भावार्थः- यदि भगवान विष्णु, महेश र ब्रह्माजीले पनि ममता भएका मानिसलाई उपदेश दिएपनि लाग्न सक्तैन । त्यसो हुँदा प्राकृत, अनित्य वस्तुहरूमा विस्मृति विना चित्त शान्ति हुने होईन । त्यसकारण यदि सुख नै चाहन्छौ भने इच्छा रहित समभावमा रहने गरे सुख प्राप्त हुने हुन्छ ।

यसरी श्री अष्टावक्र गीता ब्रह्मविद्याको
विशेष-उपदेश नाम गरिएको
सोह्रौं प्रकरण सकियो

श्रीः

अष्टावक्र गीता

तत्त्व–उपदेश

सत्रौं प्रकरण शुरू हुन्छ

तेन ज्ञानफलं प्राप्तं योगाभ्यासफलं तथा ।
तृप्तः स्वच्छेन्द्रियो नित्यमेकाकि रमते तु यः ॥१॥

भाषा

योगाभ्यास–फल पायो त्यसैले ज्ञानको पनि ।
तृप्त स्वच्छेन्द्रिय त्यै हो बस्छ जो स्वान्तमा रमी॥
योगाभ्यास–ज्ञान फल त्यसैले खान्छ निश्चय ।
स्वच्छेन्द्रिय जो छ तृप्त, एकान्त रमण–प्रिय ॥१॥

भावार्थः– तत्त्व ज्ञानीमा हुने गुणको वर्णन गर्नु हुन्छः– जो मानिस इन्द्रियहरूको विषयहरूलाई हटाएर आफ्नो स्वरूपमा नै तृप्त भएर विषय संयोग विना एकलै आत्मामा रमण गरी रहने हुन्छ, त्यही हो, ज्ञान–योगको फल । अर्थात नित्य आत्मानन्दमा रमी रहने हुन्छ ।

न कदाचिज्जगत्यस्मिंस्तत्त्वज्ञो हन्त खिद्यति ।
यत्र एकेन तेनेदं पूर्णं ब्रह्माण्डमण्डलम् ॥२॥

भाषा

तत्त्वज्ञ, खिन्न त्यो हुन्न जगमा कहिल्यै पनि ।
एकै तिमीले यो व्याप्त पूर्ण–ब्रह्म–स्वयं तिमी ॥

खेद भन्ने कहाँ के छ ? आत्मा–र मणमा भन ।
तिमीले व्याप्त ब्रह्माण्ड, तिमी पूर्ण सनातन ॥२॥

भावार्थः– आत्म तत्त्व जान्ने योगी कुनै कुरोको खेद गर्दैन, किन भने एउटै आत्मा ब्रह्माण्ड मण्डलमा पूर्णताले भरिएको छ । सोहि कुराको पुष्टि श्रुतिमा पनि गरिएको छ । "द्वितीयाद्वै भयं भवति" ।

* न जातु विषयाः केऽपि स्वारामं हर्षयन्त्यमी ।
सल्लकीपल्लवप्रीतमिवेभं निम्वपल्लवाः ॥ ३ ॥

भाषा

आत्मामा रमने जो छ शुद्ध चैतन्य पाउँछ ।
आत्मानन्द तलाउको रसै प्युन रूचाउँछ ॥
विषयानन्द पीएर प्रसन्न हुन्न धीर त्यो ।
अमृत–फल छोडेर विषको–फल लिन्छ को ! ॥
विषयानन्द मीठो छ वाहीर मात्र केवल ।
परिणाम न मीठो छ सन्ताप प्रद आखिर ॥
सल्लाको पात खाने त्यो हात्तिले निम्वपल्लव ।
कहिल्यै त्यो रूचाउला ? परिणाम दुःखै प्रद ॥३॥

भावार्थः– आत्मामा रमने जो ज्ञानी छ, त्यो सदा आनन्द मस्तानो आत्माराम भनाउने हुन्छ । ती आत्माराम योगीलाई जगतको कुनै वस्तुले प्रसन्न गराउन सक्दैन । जसतो महा मदोन्मत्त हात्ती वनमा हजारौं हस्तिनीहरूको दफामा विहार गर्दछ र परम मधुर स्वाद भएको सल्लकि नाम गरेका नरम पातहरू प्रेम पूर्वक स्वतन्त्रता साथ खाने गर्दछ । तीतो नीमको पातमा कसले आँखा लगाउँछ र ?, त्यस्तै विष तित्तोलाई छाडेर मधुर आत्मा रूपि आँपको स्वाद ज्ञानी योगीले लिने हुन्छ ।

यस्तु भोगेषु भुक्तेषु न भवत्यधिवासिता ।
अभुक्तेषु निराकांक्षी तादृशो भव दुर्लभः ॥४॥

भाषा

भोगेका भोगमा इच्छा नगर्ने वीर थोर छन् ।
अभुक्त भोगमा इच्छा नगर्ने धीर न्यून छन् ॥४॥

भावार्थः– जुन मानिसमा भोगी सकिएका विषयहरूमा फेरि भोग्ने आसक्ति हुदैन, भोगी अर्थात् भोग्ने अभिलाषा पनि नहुने–यसता पुरूष संसारमा दुर्लभै हुन्छ । हजारौं करोडौमा एक हुन आउला ।

वुभुक्षुरिह संसारे मुमुक्षुरपि दृश्यते ।
भोग–मोक्ष–निराकांक्षी विरलो हि महाशयः ॥५॥

भाषा

वुभुक्षु र मुमुक्षु यी देखिन्छन् जगमा कुनै ।
भोग–मोक्ष दुवै इच्छा न हुने धीर छन् कमै ॥५॥

भावार्थः– विषय सुखको चाहने भोगीहरू अनेक देखिन्छन्, साथै मोक्षको कामना गर्ने पनि देखिन्छन् तर विषयको भोगको साथै मोक्षको इच्छा नगर्ने निष्कामी विकलै पाइने हुन्छ । पूर्ण ब्रह्म आत्मको अन्तःस्करणमा रमि रहने कुशल योगी कमै पाइने हुन्छ । यही कुरो भगवानले गीतामा अर्जुनलाई भन्नु भएकोछ। "यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः" ॥

धर्मार्थ–काम–मोक्षेषु जीविते मरणे तथा ।
कस्याप्युदारचित्तस्य हेयोपादेयता न हि ॥६॥

भाषा

मनुमा र जन्मनुमा धर्मार्थ--काम–मोक्षमा ।
त्याग–ग्रहण क्यै हुन्न उदार--धीर--चित्तमा ॥

धर्म-अर्थ-काम-मोक्ष यसको बल इच्छुक ।
जनता बन्धनै भित्र निष्कामी बन्छ पावक ॥६॥

भावार्थः- चार फल (धर्म-अर्थ-काम र मोक्ष) यी सबैमा इच्छा बनीनै रहने हुन्छ । यही हो जन्म मरणको चक्कर । सुखको साथ दुःख अवश्यै आउँछ । दुःखको साथ सुखपछि लाग्ने नै हुन्छ । यो भयबाट कहिल्यै भक्त हुने हुन आउँदैन । त्यसो हुँदा सुख र दुःखको चाहनाबाट मुक्त हुने ज्ञानी कमै पाइने हुन्छ ।

वाञ्छा न विश्वविलये न द्वेषस्तस्य च स्थितौ ।
यथा जीविकया तस्माद् धन्य आस्ते यथा सुखम् ॥७॥

भाषा

विश्व-विलयको इच्छा, न गर्छ स्थिति-द्वेषनै ।
प्रारब्ध मात्र त्यो भोग्छ न डग्छ दुःखले कुनै ॥७॥

भावार्थः- ज्ञानीमा न विश्वको नाशको इच्छा हुन्छ, न विश्वको स्थितिबाट द्वेष नै हुन्छ । सदा सर्वत्र एकै ब्रह्म प्रकाश भैरहेको देख्दछ । केवल प्रारब्ध कर्मानुसारको देहको धारण गरेर समान रूपमा रहने ज्ञानी पुरुष धन्य हुन्छ ।

कृतार्थोऽनेन ज्ञानेनेत्येवं गलितधीः कृती ।
पश्यन्, शृण्वन्, स्पृशन्, जिघ्रन्नश्नन्नास्ते यथा सुखम् ॥८॥

भाषा

देख्दा,-सुन्दा, छुँदा सुँघ्दा, खाँदा जो व्यवहारमा ।
अनासक्त भई बस्छ, रम्छ, आफ्नो स्वरूपमा ॥८॥

भावार्थः- तत्त्व ज्ञानी योगी आफ्नै तत्त्वमा कृतार्थ भएर रमी रहने हुन्छ । अर्थात् "तत्वमसि" ज्ञानका महावाक्यबाटै कृतार्थ भएर

जसको बुद्धि देहादिको अभिमान नाश भएको हुन्छ । त्यस्ता ज्ञानी हेरेर, सुनेर, छोयेर, सुँघेर तथा खाएर सुख पूर्वक आत्ममा स्थित हुने हुन्छ

शून्या दृष्टि र्वृथा चेष्टा विकलानीन्द्रियाणि च ।
न स्पृहा न विरक्तिर्वा क्षीणसंसार--सागरे ॥६॥

भाषा

इच्छा छ न विरक्ति छ, संसार-राग शून्यमा ।
शून्य-दृष्टि, वृथा-चेष्टा, व्यापार वन्द चित्तमा ॥६॥

भावार्थः- ज्ञानीमा यी संसार असारको भावनाले क्षीण हुँदै गए भोगको कामना नाश हुदै जाने हुन्छ। त्यसो हुँदा संसार रहे पनि खुशि छैन, नरहे पनि विस्मात छैन, । मनको व्यापार जुन संकल्प-विकल्प हुन्, त्यो मनैको धर्म सम्झेर फल इच्छा रहित भै निस्पृह भै निर्भयता साथ जहिले जस्तो अवस्था परे पनि समान रूपमा रहने हुने हुन्छ । श्रीभगवानले अर्जुनजीलाई गीतामा भन्नु भएको छः-

यस्मिन् जाग्रति भूतानी सा निशा पश्यतो मुने ।"

* न जागर्ति न निद्राति नोन्मीलति न मीलति ।
अहो परदशा कापि वर्त्तते मुक्तचेतसः ॥१०॥

भाषा

खोल्छ आँखा न चिलिन्छ जागा हुन्छ न सुत्दछ ।
ब्रह्मभूत-प्रसन्नात्मा, मुक्तावस्था विचित्र छ ॥
जागा हुन्छ न ता सुत्छ नेत्र व्यापार वन्दछ ।
सर्वत्र ब्रह्म नै देख्छ जो सदा तुष्ट मुक्त छ ॥१०॥

भावार्थः- न जागानै रहने हुन्छ, न शयनै गर्ने हुन्छ अहो ! न नेत्रपलकै खोल्ने हुन्छ न आँखानै मिच्ने हुन्छ । अर्थात् सम्पूर्ण

विषयहरुलाई ब्रह्म रूपै देखिने जुन आत्म-ज्ञानी सदा सर्वदा मुक्त-भावना अति सुखी अवस्थामा रहने हुन्छ ।

सर्वत्र दृश्यते स्वस्थः सर्वत्र विमलाशयः ।
समस्तवासनामुक्तो मुक्तः सर्वत्र राजते ॥११॥

भाषा

स्वस्थ देखिन्छ सर्वत्र सदा छ विमलाशय ।
संपूर्ण वासना मुक्त धन्य ज्ञानी महाशय ॥११॥

भावार्थ – जिवन मुक्त ज्ञानी सर्वत्र पूर्णत्व आनन्दघन परमात्मा-सबैमा देखि रहने हुन्छ । अर्थात् सुख-दुःख तथा शत्रु-मित्रमा समभाव निर्मल अंतस्करण भएका समदर्शी वासना-शून्य, निश्चय आत्म स्वरूपमा स्थित रहने हुन्छ ।

पश्यन् शृण्वन् स्पृशन् जिघ्रन्नश्नन्गृह्न्वदन् व्रजन् ।
ईहितानिहितै मुक्तो मुक्त एव महाशयः ॥१२॥

भाषा

देख्दा, सुन्दा, छुँदा- सुँघ्दा-खाँदा-लिंदा र बोलदा ।
हिड्दा गर्दा सबै काम, असंग मुक्त त्यो सदा ॥
ब्रह्ममा चित्त जोडेका ज्ञानी छन् ती महासुखी ।
विषयानन्दमा चित्त जोडने अज्ञ महादुःखी ॥
मीठो भोजन गर्दा या कर्म गर्दा ती पारखी ।
राममा चित्त जोडेका ज्ञानी जन सदा सुखी ॥१२॥

भावार्थः- देखेर, सुनेर, स्पर्श गरेर, सुँघेर, ग्रहण गरेर, हिंडेर, बोलेर, जस्तो अवस्थामा पनि इच्छा द्वेष रहित जुन ज्ञानी छ, त्यो ब्रह्ममा लय भएका योगी सदा मुक्तै छ ।

न निंदति न च स्तौति न हृष्यति न कुप्यति ।
न ददाति न गृह्णाति मुक्तः सर्वत्र नीरसः ॥१३॥

भाषा

निन्दा स्तुति न हर्षै, छ न रीस हुन्छ धीरमा ।
लिने, दिने कहाँ के छ ? सबमा सब भावना ॥१३॥

भावार्थः- जीवन-मुक्त ज्ञानीमा, न कुनै वस्तुमा प्रेम हुन्छ, न रीसै हुन्छ, न राग हुन्छ, न त कसैको निन्दा नै हुन्छ, न त दानदिने हुन्छ, न लिने नै हुन्छ, सबै प्राणीमा एकता-भावयुक्त प्रेमी हुने हुन्छ । अर्थात् विश्वमय भगवान् परिपूर्णत्व भावमा लय भएको हुन्छ ।

सानुरागां स्त्रियं दृष्ट्वा मृत्युं वा समुपस्थितम् ।
अविह्वलमनाः स्वस्था मुक्त एव महाशयः ॥१४॥

भाषा

अनुरागवती नारी अथवा कालसंमुख ।
देख्दा विह्वल हुन्न जो, त्यही स्वस्थ त्यही सुख ॥
प्रेमी रूपवती स्त्रीमा, आएको काल सर्पमा ।
देख्छ एकै भाव त्यस्ले रम्छ जो स्वस्थ चित्तमा ॥१४॥

भावार्थः- विषय-प्रेमी रूपवती नव यौवना महिलालाई देखेर, मोहित हुँदैन, साथै भयङ्कर काल सर्प उपस्थित भए पनि डर मान्दैन । धैर्ययुक्त आत्मज्ञानी आत्मैमा स्थित भएको हुन्छ ।

सुखः दुःखे नरे नार्यां सम्पत्सु च विपत्सु च ।
विशेषो नैव धीरस्य सर्वत्र समदर्शिनः ॥१५॥

भाषा

सुखः- दुख तथा स्त्रीमा संपत्ति र विपत्तिमा ।
विशेषता कुनै छैन ज्ञानी त्यो समदर्शिमा ॥१५॥

भावार्थः- स्त्रीविलासमा आनन्द, रोग-व्याधिमा दुःख, संपत्ति-प्राप्तिमा हर्ष र हराएमा खेद तथा विपत्ति परेमा भयले कम्पहुने, यी सबैमा देहाभिमानीलाई मात्र हुने हुन्छ । आत्म-ज्ञानीमा कहिल्यै पनि हुँदैन ।

न हिंसा, नैव कारुण्यं, नोद्वत्यं न च दीनता ।
नाश्चर्यं नैव च क्षोभः क्षीणसंसरणे नरे ॥१६॥

भाषा

न हिंसा छ न कारुण्य चञ्चलत्व न दीनता ।
आश्चर्य-क्षोभ क्यै हुन्न, ज्ञानीमा हुन्छ धीरता ॥१६॥

भावार्थः-जुन पुरुषमा संसार क्षीण हुन जान्छ, अर्थात देहाभिमान हटने हुन्छ, त्यसको जन्म-मृत्यु रूप बंधन फुकेर जाने हुन्छ । ज्ञानीमा मनमा हिंसा, द्रोह, दयालुता, दीनता र क्षोभ हुँदैन, किन भने ज्ञानी एक ब्रह्माकार भै सकेको हुन्छ ॥

न मुक्तो विषयद्वेष्टा न वा विषयलोलुपः ।
असंसक्तमना नित्यं प्राप्ताप्राप्तमुपानुते ॥१७॥

भाषा

विषय-द्वेष गर्दैन छैन जो भोगलंपट ।
यथा लाभ महातुष्ट पुरुष त्यो ब्रह्मको तट ॥
विषयलुप्त त्यो छैन, न ता त्यो द्वेष गर्दछ ।
आसक्तिरहित तुष्ट मिलेको भोग गर्दछ ॥१७॥

भावार्थः– जीवनमुक्त योगी विषयमा राग-द्वेष गर्दैन, आसक्ति पनि लिंदैन । विषय आसक्ति रहित शून्य भावनामा नित्य प्रारब्ध अनुसार प्राप्त र अप्राप्त वस्तुमा संतोष भएर भोगी रहने हुन्छ ।

समाधानासमाधान हिताहितविकल्पनाः ।
शून्यचितो न जानाति कैवल्यमिव संस्थितः ॥१८॥

भाषा

समाधान त्यहाँ छैन असमाधान नै पनि ।
अकल्पना--कल्पना र छैन हिताहितै पनि ॥
चित्त रित्तो भएमात्र हुन्छ ब्रह्म प्रकाशित ।
कैवल्य पद पाएको धीर नै त्यसमा स्थित ॥
शून्य चित्त भएको त्यो जान्दैन केही वास्तव ।
आत्मा आत्मामय हुँदा,के होला र पुनर्भव॥१८॥

भावार्थः– जीवनमुक्त ज्ञानीमा समाधान, असमाधान, हित, अहित कल्पना, अकल्पना समान दशामा रहेको शून्य चित्त भएको मनै ब्रह्माकार भै सकेको हुन्छ । अर्थात् नित्य आत्ममा स्थित भएर रमि रहेको हुन्छ ।

निर्ममो निरहंकारो न किञ्चिदिति निश्चितः ।
अंतर्गलित सर्वाशः कुर्वन्नपि करोति न ॥१९॥

भाषा

ममता र अहंकार सत्य हैनन् यी जादु हुन् ।
यस्तो निश्चयमा बस्ने सर्वाशाशून्य धीर हुन् ।
संसारी सरि देखिन्छ प्रारब्ध भोग भोगदा ।
गरेन पनि गर्दैन ज्ञानी त्यो मुक्त सर्वदा ॥१९॥

भावार्थः- जसतो स्त्री पुत्रादिक विषयमा ममत्त्वको साथ देहाभिमान हटेका हुन्छन्, तथा ब्रह्म वाहेक अरु कुनै वस्तुमा चाहना हुन आउँदैन । यसता ज्ञानी पुरुष विषय-भोग गरेतापनि नगरे समान हुन्छ । अर्थात् निष्कामी पुरुषमा फलको आशा न हुने हुँदा ज्ञानीपुरुष आफ्नो कर्तव्यमा प्रारब्धको भोगको लागी जीवन विताउने हुन्छ ॥१६॥

मनःप्रकाश संमोह स्वप्नजोऽयं विवर्जितः ।
दशां कामपि सम्प्राप्तो भवेद्गलितमानसः ॥२०॥

भाषा

शून्य चित्त जहाँ जात्रोस् सुखमा या त दुःखमा ।
संसार-तीर पुग्दैन गुणातीत सुधीरमा ॥
शुद्ध चित्ताकाशमहाँ ज्ञानको सूर्य आउँदा ।
अँध्यारो मोह भागेर जान्छ चैतन्य पाउँदा ॥
स्वप्ना समानको विप्ना कल्पना यो अदेह छ ।
यिनमा धीर त्यो छैन सदेह भै विदेह छ ॥२०॥

भावार्थः- जुन ज्ञानीमा मोहममता-शून्य हुन्छ, त्यसको ममता अज्ञानरूपि जडत्व निवृत्त भै परम प्रकाशमय ज्ञान उदय हुने हुन्छ । आत्मको आत्मत्व-प्रकाश ज्ञानीमा भावावेश मूकावस्थामा अनिर्वचनीय दशा हुने हुन्छ । अर्थात् आनन्द ज्ञान धनको वयानै हुन सक्तैन ।

यसरी अष्टावक्र गीताको तत्त्वज्ञानप्रकाश-
रूप सत्रौं प्रकरण सकियो

अष्टावक्र गीता

शमप्रकरण

अठ्ठारौं प्रकरण शुरू हुन्छ

यस्य बोधोदये तावत्स्वप्नवद्भवति भ्रमः ।
तस्मै सुखैकरूपाय नमः शान्ताय तेजसे ॥१॥

भाषा

जस्को ज्ञानोदय हुँदा देखिन्छ स्वप्न झैं भ्रम ।
सुख रूप शान्त तेज आत्मालाई नमो नम ॥१॥

भावार्थः– प्रत्यक्ष संसार स्वप्नको समान मिथ्या भासित हुने जुन आत्मज्ञान हो, त्यो सुखरूप प्रकाशमान शान्त संकल्प स्वरूप आत्मा जुन परमेश्वर हो, त्यसलाई हर हमेशा नमस्कार गर्दछु ॥

अर्जयित्वा ऽ खिलानर्थान भोगानाप्नोति पुष्कलान् ।
न हि सर्वपरित्यागमन्तरेण सुखी भवेत् ॥२॥

भाषा

प्रसस्त धन अर्जेर संसार सुखमा रमोस् ।
सर्व त्याग विना शान्ति मिल्दैन इन्द्र नै वनोस् ॥
संसारभरको धनमा के सुख हुन्छ लौ तहाँ ।
भित्र सुखी त्यही ज्ञानी आत्मैमा रम्दछ जहाँ॥२॥

भावार्थः– प्रारब्धानुसार जुन भोग मिल्ने हुन्छ, अर्थात् धन धान्य, राज्य, स्त्री पुत्रादिक केवल भोगको मात्र बाहिरी सुख किञ्चित आभास मात्र हुन्छ, ती भोगहरू नष्ट भएमा पुनः महान् दुःखमा

पर्ने हुदा ती पुत्रादिक धन जो हुन्छन् , दुःखको मूल कारण त्यही, नै हुन्छ । अत एव ती बाहिरी बोक्के सम्पत्ति होईन । मुख्य कहिल्यै पनि न नासिने जुन धन हो, त्यो धनै आत्मा हो । त्यहाँ सुखमा ज्ञानी भित्रै मगन मस्त आनन्दमा रमि रहने हुन्छ ।

कर्तव्यदुःखमार्तण्डज्वालादग्धान्तरात्मनः ।
कुतः प्रशमपीयूषधारासारमृते सुखम् ॥३॥

भाषा

कर्तव्य दुःखको सूर्य-ज्वालाले दग्ध चित्तमा ।
सुख मिल्दैन यो पक्का शान्तिपीयूषले विना ॥३॥

भावार्थः- मिथ्या रूप जुन मनमा संकल्प विकल्प उठी रहन्छ । त्यो उठेका जुन संकल्प आशा रूपलाई तुच्छ न जानेर त्यसैमा रमि रहने मन जो छ, रात-दिन चिन्तना सांसारिक वस्तुमा कल्पी-रहेका अर्थात् चिन्ता रूपि आगोमा पाकि रहेकालाई संकल्प-विकल्पको त्याग रूपी अमृत न पीए सम्म कसरी सुख शान्ति त्यसले प्राप्त गर्नसक्ला ?

भवो ऽ यं भावनमात्रो न किञ्चित्परमार्थतः ।
नास्य भावः स्वभावानां भावा-भावविभाविनाम् ॥४॥

भाषा

भावनामा छ संसार भावना-भावमा कहाँ ?
स्वभावाभाव जनमा भाव-भाव पनि कहाँ ?
भावना मात्रमा भव, छैन यो है यथार्थमा ।
अज्ञाना भावमा मात्र शान्ति मिल्छ स्वरूपमा ॥४॥

भावार्थः- संकल्पमानै संसार खडा भएको छ, वास्तवमा भाव अभावमा कुनै अलिकति पनि परमार्थता ज्ञान हुन आउँदैन ।

अज्ञान जुन छ, त्यो अभाव भएमा भव-पूर्ण जुन आत्मा छ, त्यो अखण्ड रूपले रहेको देखिन्छ ।

न दूरं न च संकोचाल्लब्धमेवात्मनः पदम् ।
निर्विकल्पं निरायासं निर्विकारं निरंजनम् ॥५॥

भाषा

निर्विकल्प, निरायास-निर्विकार-निरंजन ।
आत्मा यो साथमै हुन्छ, अज्ञानदेखि छ पर ॥
शून्य यो छ सदाकाल संकल्प र विकल्पले ।
विना श्रमै प्राप्त हुन्छ, श्रद्धा-विश्वास-भक्तिले ॥५॥

भावार्थः-- आत्माको रूप टाढा छैन, संगै छ, परिपूर्ण छ, संकल्प विकल्प रहित छ । श्रम विनाको प्राप्त वस्तु छ । जन्म, मृत्यु जुन विकार हो, त्यो देखि परै रहेको छ । अर्थात् निर्विकार निरंजन छ, माया-रूप उपाधिरहित छ । जसलो कंठमा धारण गरिएको मणिमाला भूलले अन्त खोज्दा नपाइने हुन्छ त्यसतै आत्मा अज्ञान नाश भै ज्ञान प्राप्त भएमा अति नजिकै ईश्वर आत्मा प्रकाश रूप विद्यमान भैरहेको छ ।

व्यामोहमात्रं विरतौ स्वरूपादानमात्रतः ।
वीतशोका विराजन्ते निरावरणदृष्टयः ॥६॥

भाषा

विवेक-दृष्टि उघ्रेका-शोक-शून्य ती नै जन ।
हटाई मोहको धुँटो विरति संग रम्दछ ॥६॥
मोहले ढाकिएका ती तत्त्व जाने पछि अहा ।
अशोक भावना शुद्ध विराज आफू साथमा ॥६॥

भावार्थः- आत्मा (मा) केवल अज्ञान् मोहले ढाकिएको मात्र हो। सद्गुरुको उपदेशबाट मोहको जालो जुन हो, त्यो हटेता आत्मा झलमल्ल प्रकाश छदै छ ॥

समस्तं कल्पनामात्रमात्मामुक्तः सनातनः ।
इति विज्ञाय धीरो हि किमभ्यस्यति बालवत् ॥७॥

भाषा

सारा यो दृश्य संसार कल्पना मात्र हो वुझ ।
आत्मा सदा मुक्त नै छ भावनामा छ जो सब ॥
ढुंगा,माटो, धुलो, घाँस, खपटा आदि तुच्छमा ।
कल्पेर खान-पानादि रम्दछन् बालखेलमा ॥
त्यस्तै ज्ञानी पनि हेर अनासक्त भईकन ।
भवमा वस्दछन्, गर्छन् , खान-पान अनेकन ॥७॥

भावार्थः- यो सारा संसार कल्पना मात्र हो । आत्मा नित्य मुक्त छ, यसतो जानेका ज्ञानी पनि बालकको खेलौनामा रमे झैं संसार-वस्तुमा रम्दछ र ? अर्थात् ती तुच्छ वस्तुमा आसक्त हुँदैन ।

आत्मा ब्रह्मेति निश्चित्यं भावाभावौ च कल्पितौ ।
निष्कामः किं विजानाति किं ब्रूते च करोति किम् ॥८॥

भाषा

आत्मा आफै ब्रह्म नै हो, अभाव-भाव कल्पित ।
यस्तो निश्चयमा वस्ने ज्ञानी छन् सुखमा स्थित ॥
निष्कामी केहि जान्दैन, न त्यो बोल्छ, न गर्दछ, ।
तर प्रसन्न रूपले दुःखीको दुःख हर्दछ ॥८॥

भावार्थः- ज्ञानको मूल मन्त्र "तत्त्वम्" जुन आत्म प्रकाश हो साक्षात्कार हुन्छ, त्यसमा भाव अभाव रूप सम्पूर्ण घटादि दृश्य-

पदार्थहरू कल्पित भएको संसारलाई छोडेर एकान्त प्रेमी के भन्दछ, के गर्दछ, ? मनको ब्रह्माकार अवस्थामा पुगेकालाई मौन अवस्थामा आत्मैमा मुग्ध भएर रमी रहने हुन्छ ।

अयं सो ऽहमयं नाहमिति क्षीण्यविकल्पनाः ।
सर्वमात्मेति निश्चित्य तुष्णीं भूतस्य योगिनः ॥६॥

भाषा

"सबै आत्मा" भनी मौन लिने ती धीर निश्चयी ।
त -म-को भावना शून्य भई वस्ने महान यी ॥
तँ-म भन्ने द्वन्द्व मर्छ ब्रह्माकार भए पछि ।
आत्मा चिनी मौन हुन्छ विकल्पना गए पछि ॥
निवृत्ति भावमा शान्त आनन्द परमेश्वर ।
ब्रह्ममा नै तदाकार तँ मँ देखि परै पर ॥६॥

भावार्थः- आत्म-ज्ञानबाट सम्पूर्ण संसारको कल्पना जुन छन, ती सबै ब्रह्माकार ब्रह्मरूपै भासिने हुँदा, तँ म. त्यो आदि भावना हुँदैन । पूर्ण ब्रह्म व्यापकमा पूर्णत्वमा नै तदाकारमा रमी रहेको हुन्छ ।

न विक्षेपो न चैकाग्र्यं नाति बोधो न मूढता ।
न सुखं न च वा दुःखं उपशान्तस्य योगिनः ॥१०॥

भाषा

न विक्षेप, न एकाग्रय, न बोध न त मूढता ।
सुख दुःख न ता हुन्छ जसमा छ प्रसन्नता ॥
एकाग्रता र विक्षेप मूढता-बोध धीरमा ।
सुख-दु ख कहाँ के छ ? एकान्त-प्रिय-शान्तमा॥ १०॥

भावार्थः-शान्त स्वभाव भएका योगी ज्ञानीमा संकल्प विकल्प के हुन्छ र, किनभने मनै आत्मामा स्थित भैसकेको हुन्छ । सुख-

दुःख भन्ने भावना तथा सूर्ख ज्ञानी भन्ने भावना त्यसमा हुँदैन, केवल ब्रह्मानन्द स्वरूपमा लय भएको हुन्छ ।

स्वाराज्ये भैक्ष्यवृत्तौ च लाभालाभे जने वने ।
निर्विकल्पस्वभावस्थ न विशेषोऽस्ति योगिनः ॥११॥

भाषा

राज्यमाभैक्ष्य-वृत्तिमा, लाभ र अलाभमा ।
समानता छ ज्ञानीको वनमा र समाजमा ॥
विशेषता कुनै हुन्न निर्विकल्प स्वभावको ।
द्वन्द्वले छानि के गर्ला ? द्वन्द्व-अतीत धीरको ॥
ऐश्वर्य आफ्नो त्यो राज्य जहाँ हेर्छ, उतै सुख ।
भिक्षावृत्ति कहाँ केछ ? अलिप्तै समता बुझ॥११॥

भावार्थः- संकल्प देखि रहित ज्ञानीमा, स्वर्ग राज्य प्राप्तमा प्रारब्ध कर्मानुसारको भोग जन समूहमा मान सम्मानमा, केहि प्रसन्नता हुन आउँदैन, न भिक्षा-वृत्तिमा, न निर्जन स्थानमा, अप्रसन्नै हुने हुन्छ, समान समता रूप ब्रह्माकारमा लवलीन भएको हुन्छ ।

क्व धर्मः क्व च वा कामः क्व चार्थः क्व विवेकिता ।
इदं कृतमिदं नेति द्वन्द्वैर्मुक्तस्य योगिनः ॥१२॥

भाषा

गर्नु पर्ने कुनै छैन द्वन्द्वले मुक्त धीरको ।
प्रयोजन पनि छैन, विवेक-धर्म-कामको ।
धर्म-पाप तथा काम विवेक भावना सम ।
योगीको मन नै शुद्ध ब्रह्ममा लीन आत्म छ॥१२॥

भावार्थः- धर्म, अर्थ मोक्षको कामना वा उपाय योगीमा के हुन् र गर्नु पर्ने पनि के हुन्छ । साधक सिद्ध अवस्थामा पुगेका ज्ञानीको मनै ब्रह्म शुद्ध आत्मा बनी सकेको हुन्छ ॥

कृत्यं किमपि नैवास्ति न क्वापि हृदि रंजना ।
यथा जीवनमेवेह जीवन्मुक्तस्य योगिनः ॥१३॥

भाषा

कर्तव्य कर्म क्यै छैन मनमा रंजना अनी ।
हुँदैन मुक्त-ज्ञानीको जीविका-चिन्तना पनि ॥
मनमा कामना शून्य अनुराग के वन्दछ ?
अदेही देहमा कर्म जीवन मुक्त रम्दछ ॥१३॥

भाषा

भावार्थः- जीवन मुक्त भएका योगीमा कुन कर्म गर्न बाँकि रहन्छ र ? योगीका हृदय कामना शून्यमा के अनुराग हुन सक्तछ र ? तथापि जीवन मुक्त पुरुष जीवनको हेतु अदृष्ट भावनानुसार कर्म गरी रहने हुन्छ ।

क्व मोहः क्व च वा विश्वं क्व तद् ध्यानं क्व मुक्तता ।
सर्वसंकल्पसीमायां विश्रान्तस्य महात्मनः ॥१४॥

भाषा

सबै संकल्पको सीमा नाघेका शान्त धीरमा ।
मुक्तता र ध्यान कहाँ, विश्व-मोह पनि कहाँ ॥
सम्पूर्ण कामना शून्य योगीमा हुन्छ के छ र ?
न त मोह न विश्वै छ न मुक्त बन्ध कारण ॥१४॥

भावार्थः- आत्मज्ञानमा विश्राम लिएका योगीमा न मोह हुन्छ, न विश्वनै हुन्छ, न मुक्त छ, न त बन्धनै छ, किनकि ज्ञानी योगी ब्रह्म-स्वरूपमा मिलेको हुन्छ ।

* येन विश्वमिदं दृष्टं स नास्तीति करोतु वै ।
निर्वासनः किं कुरुते पश्यन्नपि न पश्यति ॥१४॥

भाषा

देखेर पनि संसार छैन संसार भन्दछ ।
वासना-शून्य ज्ञानीमा अनौठा बात गर्दछ ॥
देखेर पनि देख्दैन कामिनी-काञ्चनै सुख ।
भोगेर पनि भन्दैन मलाई भो महा दुःख ॥१५॥

भावार्थः- वासना रहित योगीमा विश्व जुन छ, त्यो म बाट सिरजना हुने हुँदा म हटेमा विश्व त्यसै हराउँछ । देखेर पनि न देखे जस्तो, गरे पनि नगरे जस्तो हुने हुँदा, निश्चल आत्म स्वरूपमा स्थित भएको हुन्छ । अर्थात् संसारको पर्दामा सूत्रधारको आज्ञा बमोजिम नाटकको पार्ट गरी रहन्छ ।

येन दृष्टं परं ब्रह्म सोऽहं ब्रह्मेति चिन्तयेत् ।
किं चिन्तयति निश्चिन्तो द्वितीयं यो न पश्यति ॥१६॥

भाषा

जस्ले छ ब्रह्म देखेको, देख्छ ब्रह्ममयं जगत् ।
चिन्ता-रहित त्यो हुन्छ, आत्मैमा रम्छ जो फगत् ॥
ब्रह्म देख्ने यहि भन्छ "सोऽहं ब्रह्म" अनन्त छुँ ।
अनन्तै घरमा बस्छु पूर्ण छुँ म प्रसन्न छुँ ॥१६॥

भावार्थः- जो ज्ञानी ब्रह्ममा लय भएको हुन्छ ! त्यसलाई विश्वको के चिन्ता हुन्छ ? विश्वै ब्रह्म देखि दोस्रो छदै छैन, न भएको वस्तुमा के देख्छ ? के सुन्छ ।

दृष्टो येनात्मविक्षेपो निरोधं कुरुते त्वसौ ।
उदारस्तु न विक्षिप्तः साध्याभावात्करोति किम्॥ ७॥

भाषा

आफ्नो विक्षेप देख्नेले भाव निरोध गर्दछ ।
साध्याभाव हुनाले नै त्यो उदार पवित्र छ ॥

दमन गर्छ मनको विक्षेप युक्त व्यक्ति नै ।
उदार धीर त्यै वीर विक्षेप शून्य व्यक्ति नै ॥
हुनाले आत्म विक्षेप मात्र संयम गर्दछ ।
विक्षेप-शून्य आत्मामा साधना किन पर्दछ॥१७॥

भावार्थः- अन्तःकरणमा विक्षेप भएमा मन वश गर्नालाई संयम आदिद्वारा रोक्ने उपाय गर्नु पर्ने हुन्छ । सर्वत्र एउटै ब्रह्म देखिने विक्षेप शून्य भएका ज्ञानीमा साधनको के काम छ र ?।

धीरो लोकविपर्यस्तो वर्तमानोऽपि लोकवत् ।
न समाधिं न विक्षेपं न लेपं स्वस्थः पश्यति ॥१८॥

भाषा

विक्षेप-शून्य, त्यो धीर संसारैमा छ तापनि ।
स्वस्थ देखिन्छ सर्वत्र महा संकटमा पनि ॥
समाधिमा न ता वस्छ न पुग्छ लयमा पनि ।
न ता विक्षेप नै हुन्छ, स्वस्थ देखिन्छ जाँ पनि॥१८॥

भावार्थः- धीर ज्ञानी योगीहरूमा संसारको विक्षेपहरूदेखि रहित भएको हुंदा न समाधि, न ध्यान, न अध्ययन,न व्रत हुने हुन्छ । कारण ब्रह्ममा लय भएका पुरूषमा न भएको वस्तुमा आसक्ति के हुन आउंछ र अर्थात् विक्षेप शून्यता ज्ञानी परम शान्ति रूपमा स्थित भैं सकेको हुन्छ ।

भावाभावविहीनो यस्तृप्तो निर्वासनो बुधः ।
नैव किञ्चित् कृतं तेन लोकदृष्ट्या विकुर्वता ॥१९॥

भाषा

अभाव भाव क्यै छैन वासना-शून्य-तृप्तमा ।
गरेको पनि क्यै छैन वसेर पनि लोकमा ॥
अनासक्त भई वस्छ व्यवहारै गरी कन ।
गर्नु पर्ने कर्म गर्छ, अभिमान त्यजीकन ॥१९॥

भावार्थः- जुन योगी ज्ञानी आफ्नै आत्मामा परिपूर्णावस्था रही रहेको हुन्छ, त्यस्ता ज्ञानीमा कसैको स्तुति निन्दा भाव अभाव हुन आउँदैन । लोकहरू देख्दछन् कि-ज्ञानीमा पनि अज्ञानी सरह संसारमा खान पान रहने कर्म हुन्छ । तर ज्ञानीमा कुनै क्रिया कर्ममा आसक्ति-पना हुँदैन, किनकि ज्ञानी अभिमान रहित हुन्छ ।

प्रवृत्तौ वा निवृत्तौ वा नैव धीरस्य दुर्ग्रहः ।
यदा यत्कर्तुमायाति तत्कृत्वा तिष्ठतः सुखम् ॥२०॥

भाषा

स्वभावैले चलेको यो देह-विश्व बुझीकन ।
ज्ञानी त्यो सुखले वस्छ व्यवहार गरीकन ॥
प्रवृत्तिमा-निवृत्तिमा धीरको हुन्न है हठ ।
परेको काम त्यो गर्छ जानेर देह यो मठ ॥
प्रारब्ध कर्मको चाल बुझेर धीर धैर्यले ।
कर्तव्य कर्म त्यो गर्छ वस्छ प्रसन्न चित्तले ॥२०॥

भावार्थः-प्रारब्ध अनुसार प्रवृत्त र निवृत्त कर्म जुन हुन्छ, त्यो इद्रिय मन आदिबाट अनायासै हुने हुन्छ; त्यसमा रतिभर पनि अहंभावपना नभै स्थिरत्त्व हुने धीर ज्ञानीमा कुनै पनि दुराग्रह हुन आउँदैन ।

निर्वासनो निरालम्बः स्वच्छन्दो मुक्तबन्धनः ।
क्षिप्तः संस्कारवातेन चेष्टते शुष्कपर्णवत् ॥२१॥

भाषा

वासनाः-शून्य ज्ञानी ता पतिंगर समान छ ।
संस्कार वायुको भरमा जाँ पुग्छ त्यहिं वस्दछ ॥
ज्ञानी ता हुन्छ स्वच्छन्द मुक्त बन्ध अमत्सर ।
वायुको भरमा चल्ने जस्तै शुष्क पतिंगर ॥

ज्ञानी हुन्छ निरालम्ब उसको रक्षक ईश्वर ।
सर्वत्र व्याप्त आत्मानै साथमा छ अगोचर ॥२१॥

भावार्थः- ज्ञानी वासना रहित हुने हुन्छ, ज्ञानी कसेको आधार लिदैन, स्वाधीन हुने हुन्छ, तथा ज्ञानीमा राग द्वेष हुँदैन । परंतु प्रारब्धको जुन गति हुन्छ त्यै अनुसार चल्ने हुन्छ, गर्ने हुन्छ । जस्तो पृथ्वीमा परेका सुकेका पात कहाँ चल्न सामर्थ्यवाला हुन्छ र जुन दिशा-बाट वायु वहन्छ, त्यही दिशातिर उड्ने हुन्छ, ज्ञानीको पनि त्यस्तै हुने हुन्छ, अर्थात् वासना शून्य ज्ञानीको त्यस्तै अलिप्त भावमा जीवन विताउने हुन्छ ।

असारस्य तु क्वापि न हर्षो न विषादता ।
स शीतलमना नित्यं विरह इव राजते ॥२२॥

भाषा

अससारी जहां जान्छ त्यहाँ हर्ष न शोक छ ।
शान्त चित्त नित्य साथ, विदेह तुल्य वस्दछ ॥
संसार-हेतु संकल्प-विकल्प पनि धीरमा ।
न हुनाले सुखै साथ वीर घुम्दछ लोकमा ॥२२॥

भावार्थः- संसार हेतु संकल्प-विकल्प जो हुन्छन, ती ज्ञानीमा टाढै रहने हुन्छ । ज्ञानीमा न हर्ष नै हुन्छ, न विषादनै हुन्छ । किनभने ज्ञानी शान्त शीतल मन भएका देह देखि पर रहेको हुन्छ, अर्थात् अहं भावपना शून्य हुन्छ ।

कुत्रापि नजिहासस्ति नाशो वापि न कुत्रचित् ।
आत्मारामस्य धीरस्य शीतला हृतरात्मन ॥२३॥

भाषा

शुद्ध आत्मा, शान्त चित्त, आत्मा- रमण धीरको ।
इच्छा पनि कुनै हुन्न, हुन्न त्यो भय नाशको ॥

राग-द्वेष जहाँ छैन अभिमान पनि कुनै ।
आनन्द-सुखको स्वाद त्यही मिल्दछ दिनदिनै ॥२३॥

भावार्थः- जुन ज्ञानी पुरूष सदा आफ्नै आत्मामा रमण गर्ने हुन्छ, त्यस ज्ञानीको अंतःकरण अति पवित्र, शीतल, शान्त स्वभावको हुन्छ । त्यसमा ग्रहण-त्यागको इच्छा जुन छन्, ती शून्य हुन्छन् किन भने राग द्वेष लेश मात्र पनि त्यसमा हुने कुरो छैन । अनर्थको मूल कारण अज्ञान जो छ त्यो ज्ञान रूपि प्रकाशद्वारा हटी सकेको हुन्छ ।

प्रकृत्या शून्यचित्तस्य कुर्वतोऽस्य यदृच्छया ।
प्राकृतस्येव धीरस्य न मानो नावमानता ॥२४॥

भाषा

स्वभावैले शून्य चित्त ज्ञानी जो कर्म गदछ ।
कर्म प्रभाव पर्दैन जड झैं धीर वन्दछ ॥
मानापमान क्यै हुन्न धीरको जडको सरी ।
संसार-तीरले छुन्न, धीर ज्ञानी अति सुखी ॥२४॥

भावार्थः- स्वभाववाटै जसको चित्त संकल्प-विकल्प रूपका विकारहरू शून्य छन्, र प्रारब्धानुसार प्रवृति-निवृति कर्महरूमा आसक्ति रहित कर्म गर्ने हुन्छ । त्यस्ता ज्ञानी धीर पुरूषमा मान-अपमानको अनुसंधान के हुन सक्छ ? अर्थात् समानभाव अति आनन्द सुखी हुने हुन्छ ।

कृतं देहेन कर्मेदं न मया शुद्धरूपिणा ।
इति चिन्तानुरोधी यः कुर्वन्नपि करोति न ॥२५॥

भाषा

देहलेनै कर्म गर्छ तन्त्रले मैं स्वभावतः ।
शुद्ध-स्वरूप आत्माले गर्दैन कर्म तत्त्वतः ॥

गरेर पनि गर्दैन चिन्ता-रहित त्यो नर ।
भवमा पनि पर्दैन जो सदा छ अमत्सर ॥२५॥

भावार्थः- सम्पूर्ण कर्म क्रियाहरू यही देह इन्द्रियादि द्वारा चली-रहने हुन्छन् । त्यो देखि पर कहेको शुद्ध स्वरूप आत्मा 'म' साक्षी रूपमा छुँ । यसतो भाव ज्ञानीमा हुने हुँदा कर्मको अभिमान तथा रत्तिभर पनि हुन आउँदैन । बन्धन देखि मुक्त स्वच्छन्द हुने हुन्छ ।

अतद्वादीव कुरुते न भवेदपि बालिशः ।
जीवनमुक्तः सुखी श्रीमान् संसरन्नपि शोभते ॥२६॥

भाषा

जीवन् मुक्त सुखी हुन्छ संसारैमा छ ता पनि ।
लोक-कल्याणको लागि गर्छ त्यो जे गरे पनि ॥
परोपकारको निंति परेको कार्य गर्दछ ।
गरेको कार्यले फेरी सबैको दुःख हर्दछ ॥
आएका कर्म जोजो छन् खुसी भै ज्ञानी गर्दछ ।
अलिप्त भावना सुख शान्ति सर्वत्र छर्दछ ॥२६॥

भावार्थः- ज्ञानी पुरूष लोक हितार्थ जुन जुन कर्महरू आई पर्दछन्, ती खुसी साथ गर्ने हुन्छन् । किन भने ज्ञानीको अन्तः करण अति पवित्र शान्त हृदय दयाले भरिएको हुन्छ । संसारको व्यवहारमा रहेतापनि आसक्ति रहित कर्म भएको हुँदा त्यसको मन सदा निर्मल सुखी तथा शोभायमान हुने हुन्छ ।

नानाविचारसुश्रान्तो धीरो विश्रान्तिमागतः ।
न कल्पते न जानाति न शृणोति न पश्यति ॥२७॥

भाषा

न जान्दछ, न कल्पन्छ, न देख्छ न सुन्दछ ।
सबै विचारले शून्य धीरले शान्ति पाउँछ ॥

मनको जो छ व्यापार विक्षेपादि मरेपछि ।
माया-मोहित त्यो हुन्छ मनै राम भए पछि ॥
अनेक भावना तर्क विचार छैन ज्ञानीमा ।
शब्द रूप त्यो के गर्छ व्यापार शून्य भावना ॥२७॥

भावार्थः- नाना प्रकारका संकल्प-विकल्परूप विचार जो छन्, त्यस देखि रहित भएर आत्मैमा विश्राम लिएका धीर ज्ञानीमा मनका व्यापार हुँदै हुँदैन । किन भने ज्ञानी धीर पुरूष शब्द मोहित हुँदैन, अर्थात् इन्द्रियहरूबाट भएका व्यापारमा अहंभाव लिदैन, अभिमान लिदैन ।

असमाधेरविक्षेपान्न मुमुक्षुर्न चेतरः ।
निश्चित्य कल्पितं पश्यन्ब्रह्मैवास्ते महाशयः ॥२८॥

भाषा

मुमुक्षु भन्दा माथिल्लो तहमा धीर वस्दछन् ।
माया-कल्पित संसार-- सुख असार देख्दछन् ॥
समाधि छ विक्षेप, ज्ञानी लिन्न समाधि नै ।
निरोधको निंति वस्छ सामाधिमा मुमुक्षु नै ॥
ज्ञानी स्वयं शुद्ध निरालंब निरंजन ।
परमानन्दमा लीन भई वस्छ अचिन्तन ॥
मुमुक्षु मैं समाधिमा बद्ध छैन ती ज्ञानीमा ।
विक्षेप भावना द्वैत प्रपंच शून्य कामना ॥२८॥

भावार्थः- मुमुक्षु भन्छ-माथिल्लो तहमा पुगेका ज्ञानीमा मुमुक्षु मैं समाधिको अभ्यास गर्नु पर्दैन किन भने द्वैत प्रपंच देखि टाढा भएको हुन्छ । अर्थात् सप्तद्वन्द, जुन राग-देष हो, त्यो देखि पर ब्रह्ममा स्थित भएको हुनाले यो संपूर्ण दृश्यमान जगत कल्पित भएकोले सो कल्पित प्रपंच देखि रहित भएको हुन्छ ।

यस्यान्तः स्यादहङ्कारो न करोति करोति सः ।
निरहंकर धीरेण न किञ्चिद्धि कृतं कृतम् ॥२६॥

भाषा

जसको भित्र अहंकार वसेको हुन्छ त्यो नर ।
गर्दैन वाहिरी कर्म मनले गर्दछ तर ॥
कर्तृत्वको अभिमान हुँदैन भित्र धीरमा ।
गरेर पनि गर्दैन, वसेको हुन्छ शान्तिमा ॥
लोकमा जुन हो कर्म गर्दै त्यो हुन्छ निश्चल ।
अहंता भावना शून्य ज्ञानी शान्त अतिप्रिय ॥२६॥

भावार्थः—जसको अन्तःकरणमा अहंकारको अध्यास हुने हुन्छ त्यो पुरुष लोक-दृष्टिबाट नगरिएको देखिएता पनि संकल्प-विकल्प गरीनै रहने हुन्छ, किन कि उसमा कर्तृत्व अध्यास हुने हुन्छ । अहंकार रहित ज्ञानी पुरुषमा रोक दृष्टिबाट कर्म गरी रहेता पनि आफ्नो दृष्टिबाट गरीएको हुँदैन । किन भने ज्ञानीमा कर्तृत्वको अभिमान हुँदै हुँदैन । अर्थात् अभिमान हुँदै हुँदैन ।

नो द्विग्नं च सन्तुष्टमकर्तृस्पन्दवर्जितम् ।
निराशंगतसन्देहं चित्तं मुक्तस्य राजते ॥३०॥

भाषा

आशा निराशा क्यै हुन्न, शंका हुन्न कुनै पनि ।
न ता संभ्रान्तनै हुन्छ सुखमा दुःखमा पनि ।
त्रिलोक राज्य मिलोस मिलोस दुःख कठोरको ।
निर्विकार चित्त हुन्छ आत्मा-रमण धीरको ॥३०॥

भावार्थः- जीवन मुक्त ज्ञानी पुरुषमा उद्वेग हुँदैन, अर्थात् जस्तो सुकै दुःख आपत परे पनि हडवडाउँदैन । अर्थात् समानतामा थिर

भएको हुन्छ । किनभने ज्ञानीमा कर्तापनको अभिमान लेश पनि हुन आउँदैन साथै आशा तथा संदेह पनि हुन आउँदैन ॥

निर्ध्यातुं चेष्टितुं वापि यश्चित्तं न प्रवर्त्तते ।
निर्निमित्तमिदं किन्तु निर्ध्यायति विचेष्टते ॥३ ॥

भाषा

संकल्प-र विकल्पादि चेष्टा गर्दैन धीरमा ।
संसारी सरि देखिन्छ तर हुन्न प्रपञ्च ता ॥
कसैको ध्यान गर्दैन चेष्टा गर्दैन क्यैपनि ।
ज्ञानीको चित्त अभ्रान्त शान्त हुन्छ जहाँ पनि॥३१॥

भावार्थः- ज्ञानीको चित्त क्रिया रहित स्थित भएको हुन्छ । अथवा-संकल्प विकल्पादि रूप चेष्टा गर्नामा प्रवृतिहुने हुँदैन, तापनि ज्ञानी आत्मरूपमा स्थित भएर बाहिर प्रपंचको व्यवहारादिमा संकल्प-विकल्पको चेष्टा गरेको जस्तो खेल गरेको हुन्छ ॥

तत्त्वं यथार्थमाकर्ण्य मन्दः प्राप्नोति मूढ़ताम् ।
अथवा याति संकोचममूढः को ऽपि मूढवत् ॥३२॥

भाषा

यथार्थ-तत्त्व जानेर शंशयी मूर्ख बन्दछ ।
स्थिरता ल्याउना निंति समाधि पनि वस्दछ ॥
परोपकारी ज्ञानी ता मूर्खको चाल चल्दछ ।
समाधिमा पनि वस्छ देख्दा विषयी-तुल्य छ ॥
तत्त्वको श्रवणादिमा कार्यमा पूर्णता रत ।
लोकको दृष्टिमा वन्छ मूढ भैं निश्चल जन ॥३२॥

भावार्थः- अज्ञानी जनहरू यथार्थ तत्त्व (तत् र त्वम् पदार्थको कल्पित भेद) श्रवण गरेर असंभावना र विपरीत भावनाहरू

द्वारा अर्थात् संशय तथा विपर्यय गरेर मूढतामा आउँछन् , अथवा संकोचन अर्थात् चित्त स्थिर गराउने हेतुले समाधि गर्दछन् । त्यस्तै कुनै ज्ञानी लोकको अकारार्थ वाहिरकै गतिमा रहेर मूढझैं समान व्यवहार गरी रहेको हुन्छ ।

एकाग्रता निरोधो वा मूढैरभ्यस्यते भृशम् ।
धीराः कृत्यं न पश्यन्ति सुप्तवत् स्वपदे स्थिताः॥३३॥

भाषा

अभ्यास मूर्ख नै गर्छ निरोध गर्नु चित्तको ।
एकाग्रता लिन्छ यात ज्ञान गर्न स्वरूपको ॥
आफ्नो सरूपमा वस्ने लिएर नित्य धैर्यता ।
निदाएको व्यक्तिले झैं केही देख्दैन धीरमा ।
मूढ देहाभिमानीमा मन के हुन्छ लौ वश ? ।
ज्ञानी धीरमहा त्यस्तै स्थित आत्ममन वश ॥३३॥

भावार्थः- देहाभिमानी मूर्खमा मनलाई वश गर्न अनेक प्रकारको अभ्यास गरिने हुन्छ । देहको अभिमान न छोडेसम्म मन वश हुन गाह्रो पर्ने हुन्छ । आत्म ज्ञानी धैर्यवान् अभिमान शून्य, भएको ज्ञानीमा स्वभावैले त्यसको मन वश भएको हुन्छ । किन भने अद्वैतात्म स्वरूपको ज्ञानले नै देहाभिमान शून्यता भै मन ब्रह्ममै लीन हुने हुँदा अज्ञानको भ्रम त्यसै निवृत्ति हुन जान्छ ।

अप्रयत्नात्प्रयत्नाद्वा मूढो नाप्नोति निर्वृतिम् ।
तत्त्वनिश्चयमात्रेण प्राज्ञो भवति निर्वृतेः ॥३४॥

भाषा

गरोस् वा नगरोस् यत्न शान्ति पाउन मूढले ।
निश्चय तत्त्व गर्नेले मात्र पाउँछ धीरले ॥

मूर्खमा हुन्न त्यो चित्त निवृति कहिल्यै पनि ।
आत्मदर्शी नर ज्ञानी एकाग्र चित्तका धनि ॥३४॥

भावार्थः- अज्ञानी देहाभिमानी मूर्खमा मन कहिल्यै पनि वशमा आउँदैन । देहको अभिमान न छोडेसम्म जनिसुकै यत्न गरे तापनि मनवशको निवृत्ति सुख प्राप्त हुँदैन । अदेही, अर्थात् अभिमान शून्य ज्ञानी आत्म-रूपमा सदा सर्वदा स्थित भएकोमा परम निवृत्तिको आनन्द प्राप्त गरिने हुन्छ ।

शुद्धं बुद्धं प्रियं पूर्णं निष्प्रपञ्चं निरामयम् ।
आत्मानं तं न जानन्ति तत्राभ्यासपराजनाः ॥३५॥

भाषा

अभ्यासमा मात्र बस्ने देहाभिमानी व्यक्तिले ।
कसरी पाउला शान्ति आफूलाई न चिह्निने ॥
शुद्ध - प्रियपूर्ण - निष्प्रपञ्च - निरामय ।
आत्मालाई न जान्नेले देख्छ सर्वत्र नै भय॥३५॥

भावार्थः- सद्गुरू र वेदान्त वाक्यहरूमा श्रद्धा राखी ईश्वरमा शरण पर्नु नै देह- अभिमान हटाउनु हो । देहाभिमानवाटै जगत-संसारको मिथ्या वस्तुहरूमा आसक्त हुने हुन्छ । त्यसैले आत्मरूप-लाई जान्न सक्दैनन् । आत्मस्वरूप शुद्ध छ, चैतन्य-रूप छ र आनन्द-रूप परिपूर्ण छ । संसारको उपाधि रहित तथा त्रिविध तापरहित छ । देहाभिमानी पुरूषमा ज्ञान हुने कुरै छैन ।

नाप्नोति कर्मणा मोक्षं विमूढोऽभ्यासरूपिणा ।
धन्यो विज्ञानमात्रेण मुक्तस्तिष्ठत्यविक्रियः ॥३६॥

भाषा

अभ्यास-रूपको कर्म गर्नाले मोक्ष मिल्छ र ? ।
अज्ञानको अंध्यारोमा छोपेको रत्न मिल्छ र ?॥

ज्ञान- विज्ञान जानेका देहाभिमान हीन तीं ।
ज्ञानी ता विरलै होलान्, जती छन् धीर धन्य ती॥
निष्काम कर्म गर्नाले देहाभिमान छुट्दछ ।
देहाभिमान छुटनाले मोक्षको फल मिल्दछ ॥
मोक्षको फल खानेले सबैमा आफु देख्दछ ।
आफ्नै स्वरूप संझेर अभय शान्ति पाउँछ ॥३६॥

भावार्थः- जो पुरूष देहाभिमानी छ, त्यसले योगाभ्यास रूप जस्तोसुकै कर्म गरेपनि मोक्ष प्राप्त गर्न सक्तैन । किन भने सकाम कर्मबाट मोक्ष प्राप्त गर्न दुर्लभै हुन्छ । त्यही कुरा श्रुतिमा भनिएको छ"न कर्मणा न प्रजया धनेन त्यागेनैके अमृतत्त्वमानशुः" अर्थात् योगाभ्यास आदि कर्मबाट मोक्ष प्राप्त हुँदैन, सन्तान उत्पन्न गर्नाले मोक्ष छैन, धन प्राप्त गर्नाले मुक्त वस्तु प्राप्त हुन आउँदैन । देहको अभिमान छोडनाले नै मोक्षको रूप दर्शन पाइने हुन्छ । त्यसो हुँदा देहको अभिमान छोड्ने कुनै भाग्यमान विरला कोटि आत्मज्ञानीमा मात्र हुने हुन्छ ।

मूढो नाप्नोति तद् ब्रह्म यतो भवितुमिच्छति ।
अनिच्छन्नपि धीरो हि परब्रह्मस्वरूपभाक् ॥३७॥

भाषा

ब्रह्मप्राप्ति हुँदै हुन रागी अधीर मूढको ।
निष्कामी धीरमा मात्र स्वतः प्राप्ति छ ब्रह्मको॥
ब्रह्म वन्ने कामनाले ब्रह्म वन्दैन निश्चय ।
कामनाले शून्य धीर ब्रह्म स्वरूप वन्दछ ॥
अनायासै ब्रह्म भेटछ देहाभिमान शून्यले ।
आफैमा ब्रह्म त्यो देख्छ सर्वेच्छा शून्य धीरले ३७॥

भावार्थः- मूढ अज्ञानी पुरुषमा योगाभ्यास कर्म गरेर पनि ब्रह्म प्राप्ति गर्न खोज्ने हुन्छन् । तर ब्रह्मको आभाससम्म पनि त्यसले प्राप्त गर्न सक्दैनन् । ज्ञानी मोक्षको इच्छा नगरे पनि अनायासै आत्मा तथा ब्रह्म स्वरूपमा प्राप्त हुने हुन्छ, किनकि ज्ञानीमा देहको अभिमान शून्य भै सकेको हुन्छ

निराधारा ऽऽ ग्रहव्यग्रा मूढाः संसारपोषकाः ।
एतस्यानर्थमूलस्य मूलच्छेदः कुतो बुधैः ॥३८॥

भाषा

अनर्थकारी संसार वृक्षको मूल छेड्ने ।
धीरले ज्योति पाउँछ, अज्ञान-तम भेद्ने ॥
आधार शून्य हठमा बस्ने संसार पोषने ।
धीरले ज्योति पाउँछ अज्ञान-तम भेदने ॥
अज्ञानी गर्दछन काम संसार-पुष्टकारक ।
बन्धन छैन ज्ञानीमा स्वयं मुक्त अकारण ॥३८

भावार्थः- मूढ अज्ञानी पुरुष सद्गुरू र वेदान्त वाक्यहरूको आधार विना नै योगाभ्यास रूप कर्म गरेर बन्धन मुक्त हुन खोज्दछन् । त्यस्तो काम न लाग्ने निरर्थक दुराग्रहगर्नेहरू केवल संसारमा रमाउने पुष्टाई कामको मात्र ध्यान गरिने हुन्छ । ससार असार भन्ने भव अज्ञानीमा अलिकति पनि ज्ञान हुँदैन । ज्ञानी पुरुषमा त जन्म- मृत्यु रूप अनर्थको कारण जुन संसार हो, त्यो ज्ञान द्वारा जरै समेत छेदन गरेर सतर्क भएर बसी रहेको हुन्छ ।

न शान्तिं लभते मूढो यतः शमितुमिच्छति ।
धीरस्त्वं विनिश्चित्य सर्वदा शान्त मानसः ॥३९॥

भाषा

अहंता हुन्न ज्ञानीमा अतः शान्त स्व सर्वदा ॥
अभिमान हुनाले नै अज्ञ-अशान्त छ सदा ॥

इच्छा अज्ञानले गर्छ इच्छा ले शान्ति दिन्न है ।
इच्छानिच्छा गए मात्र प्रशान्त चित्त हुन्छ है ॥
इच्छा अज्ञानले गर्छ, कहाँ त्यो शान्ति पाउँछ ।
ज्ञानी धीर मनशान्त सर्वदा मुक्तमानस ॥३६॥

भावार्थः- देहाभिमानी मूर्ख जस्तो सुकै अभ्यास गरेतापनि त्यसले शांति प्राप्त गर्न सक्तैन । ज्ञानी नित्य शान्त मनैद्वारा सर्वदा स्वरूपमा मग्न भै रहने हुन्छ । कारण यो होकि ज्ञानीमा अलिकति पनि अहंता भाव हुदैन ।

कात्मनो दर्शनं तस्य सदृष्ट भव लम्बते ।
धीरास्तु तं न पश्यन्ति पश्यन्त्यात्मानमव्ययम् ॥४०॥

भाषा

आत्मदर्शन होला के संसार दृश्य-वस्तुमा ।
चर्मको चक्षुले देख्ला कसरी ब्रह्म चित्तमा ? ॥
दृश्य--संसारमा मात्र रम्ने अधीर हुन् सब ।
देख्ला आत्मा भित्र बस्ने अधीर अज्ञले कब ?
धीरता दृश्य संसार स्वप्नाको देश मान्दछ ।
आत्मामा नै न नाशिने सुखको लोक देख्दछ॥४०॥

भावार्थः- अज्ञानी पुरूष केवल संसारमा देखिएका मिथ्या स्वरूप भएका पदार्थहरूमा आसक्तिमै प्रिय मान्दछन् । त्यसमा आत्मदर्शन भन्ने कुरो आउनै सक्तैन । परतु धैर्यवान् पुरूष त्यस्तो मिथ्या-रूप पदार्थमा आसक्ति गर्दैन र सत्य स्वरूप जो छ, अविनाशि आत्माका शान्त निश्चलभाव संग स्थित भएर बसेको हुन्छ ।

क्व निरोधो विमूढो ऽस्य यो निर्बन्धं करोति वै ।
स्वाराामस्यैव धीरस्य सर्वदा सावकृत्रिमः ॥४१॥

भाषा

निरोध गर्न चाहन्छ मूढनै चित्तको सदा ।
निष्क्रिय धीरको चित्त स्वतः शान्त छ सवदा ॥
विषयासक्तको चित्त कहिले स्थिर हुन्छ र ?
आसक्ति हीन ज्ञानीको हुन्छ चित्त सदा स्थिर ॥
आत्मा-रमण गर्ने त्यो धीर नै छ अकृत्रिम ।
निरोध पनि गर्दैन शान्त उस्को सदा मन ॥४१॥

भावार्थः- मूढ देहाभिमानी पुरूष शुष्क चित्त निरोध विषयमा दुराग्रह गरीने हुन्छ, ती मूढको चित्त कसरी निरोध हुन सक्तछ र ? अर्थात् त्यसमा चित्त निरोध कदापि हुन सक्तैन । किन भने समाधि पछि अज्ञानीको चित्त फेरि संकल्प-विकल्पमै रमने हुन्छ । अर्थात् संकल्प विकल्पैमा मन घुमिनै रहने हुन्छ । आत्माराम धीर पुरूषमा चित्त को निरोध स्वभाविकै हुने हुन्छ, किनकि ज्ञानीको चित्त संकल्पादि रहित निश्चलको साथै ब्रह्माकार हुने हुन्छ ।

भावस्य भावकः कश्चिन्न किञ्चिद्भावकोऽपरः ।
उभया भावकः कश्चिदेवमेव निराकुलः ॥४२॥

भाषा

कुनै भन्छन् जगत् सत्य, असत्य भन्दछन् कुनै ।
कुनै भन्छन् जगत् शून्य, अशून्य भन्दछन् कुनै ॥
भावाभाव कुनै हुन्न ज्ञानीको स्वस्थ चित्तमा ।
मिलेको हुन्छ ज्ञानी ता विशुद्धानन्द-सिन्धुमा ॥४२॥

भावार्थः- जगत् सत्य छ भन्ने नैयायिकवादिवाला मान्दछन् । कुनै यो जगत् केही पनि छैन, शून्य छ भन्ने कुरो शून्यवादी मान्दछन । के भाव हुन्छ, के अभाव हुन्छ, यो मान्य अमान्य

हुवै कुरो अनिश्चित न ठमीने कुरो छ । त्यसोहुँदा आत्माको अनुभव गरीरकेका ज्ञानीमा भाव अभाव तर्कको भेद देखि रहित स्वस्थ चित्तमा स्थितभै रहने हुन्छ ॥

शुद्धमद्वयमात्मानं भावयन्ति कुबुद्धयः ।
न तु जानन्ति संमोहाद्यावज्जीवमनिर्वृता ॥४३॥

भाषा

कुबुद्धि देहमा वस्दा चित्त शान्त गराउन ।
शुद्ध-अद्वय-आत्माको ध्यान गर्छन् कुनै जन ॥
इच्छा रहुन्जेल सम्म मोहको अन्धकार छ ।
अँध्यारो न हटुंजेल कसरी सूर्य आउँछ ॥
संमोह नहटे सम्म चित्तमा हुन्छ है दुःख ।
सूर्य-चन्द्र सरी वाँचोस् भोगोस् इन्द्रपुरी-सुख ॥

भावार्थः- मूढ बुद्धि अर्थात् देहाभिमानी पुरूष आत्माको चिन्तन त गर्दछ, तर आत्मालाई चिन्ह सक्तैन । अर्थात् अज्ञानी जनमा आत्माको दर्शनै हुँदैन, किन भने मोहले युक्त पुरूष जनम भर संकल्प-विकल्पमा नै मन डुलाई रहने हुन्छ । त्यसो हुँदा अज्ञानीका मनमा कहिल्यै पनि संतोषको भावना हुँदैन, सधै लोभैगरी रहने हुन्छ ।

मुमुक्षोर्बुद्धिरालम्बमन्तरेण न विद्यते ।
निरालम्बैन निष्कामा बुद्धिर्मुक्तस्य सर्वदा ॥४४॥

भाषा

निष्काम बुद्धि लिएर निरालम्ब भईकन ।
रहने राजयोगी ती वस्दछन् शान्ति लीकन ॥
मोक्षको कामना गर्छन् मुमुक्षु हेर दिन्दिन ।

ज्ञानीमा कामना हुन्न सदा उ छ अकिञ्चन ॥
प्रियमा प्रेम गरने अप्रिय त्याग्न चाहने ।
बुद्धिले पाउला कैले 'ज्ञान त्यो" भय नाशने ॥
स्थिर बुद्धि कहाँ हुन्छ मुमुक्षु मुक्ति साधना ।
निष्कामी ज्ञानीमा हुन्छ आत्माको नित्य भावना॥४४॥

भावार्थः- आत्माको साक्षात्कार न भएका मुमुक्षुमा सधर्मक वस्तुमा अर्थात् कुनै प्रिय वस्तुमा आसक्त हुने हुँदा त्यसको बुद्धि स्थिरता हुन आउँदैन । अदेही भाग्यमान पुरूषमा तदाकार आत्मा सदा सर्वदा रही रहने हुँदा मुक्ति विषयमा पनि ज्ञानी इच्छा रहित भै नित्य स्थितमा रहने हुन्छ ।

* विषयद्वीपिनो विक्ष्य चकिताः शरणार्थिनः ।
विशन्ति झटिति क्रोडं निरोधैकाग्रसिद्धये ॥४५॥

भाषा

विषय रूप व्याँसोको थुप्रो देखेर तर्सिने ।
शरणार्थीहरू पस्छन् गुफामा शान्ति छर्दिने ॥
समाधिमा पनि वस्छन् निरोध गर्न चित्तको ।
एकाग्रता प्राप्त गर्न नाश गर्न अशान्तिको ॥४५॥

भावार्थः- विषय-रूप भयानक व्याँसो तथा बाघहरू देखेर अज्ञानी डरले त्यस देखि बच्न अनेक साधन गर्न गुफाभित्र लुक्न खोज्दछन् । अभिमान-शून्य अदेही ज्ञानीमा कुनै पनि भय छैन, आनन्द एकत्व भावमा स्थित भै रहने हुन्छ ।

निर्वासनं हरिं दृष्ट्वा तूष्णीं विषय दन्तिनः ।
पलायन्ते न शक्तास्ते सेवन्ते कृतचाटवः ॥४६॥

भाषा

ज्ञानी–रूप–सिंहलाई देखी विषयदन्तिनः ।
चूप लागी त्यसै भाग्छन् यात गर्छन् सुसेवन ॥
वासनाशून्य ज्ञानीको देखी सौन्दर्य माधुरी ।
रमाउँछन् सबै प्राणी भाग्दछन् भाव आसुरी ॥
वासनाशून्य ज्ञानीमा गर्छ के विषयी गज ।
आकर्षित भई त्यस्तै उल्टो सेवादि गर्दछ ॥४६॥

भावार्थः– वासना–रहित ज्ञानी सिंहलाई देखेर विषय रूप मत्ता हातीहरू डरले अमसर्थ भएर भाग्ने हुन्छन् । कित ज्ञानीमा आकर्षित भएर सेवा गर्ने हुन्छन् ।

न मुक्ति कारिकां धत्ते निःशंको युक्तमानसः ।
पश्यन् , शृण्वन्, स्पृशन् जिघ्रन्नश्नन्नास्ते यथा सुखम् ॥४७॥

भाषा

हेर्दा,सुन्दा, छुँदा, सुँघ्दा, खाँदा,वस्दा जहाँ तहाँ।
निशंक धीरनै वस्छ अभय– शान्ति–साथमा ॥
यम–नियम–योगादि गर्नु पर्दैन धीरले ।
स्वतः स्वभावबाटै नै मुक्ति पाउँछ वीरले ॥४७॥

भावार्थः– निःशंक र निश्चल मन भएका ज्ञानी नियम–यम आदि योग क्रिया बलले गर्नु पर्ने हुन आउँदैन । किन भने ज्ञानी देखेर,सुनेर,छोएर,भोजन गरेर हरेक काम इन्द्रियबाट भएतापनि हरेक कुरा आत्मा सत्ताबाट भएको सम्झी आत्मैमा निमग्न भै रहने हुन्छन् ।

वस्तुश्रवणमात्रेण शुद्धबुद्धिर्निराकुलः ।
नैवाचारमनाचारमौदास्यं वा न पश्यति ॥४८॥

भाषा

गुरूवाक्य सुनी शुद्ध भएको बुद्धिमानले ।
आचार र अनाचर देख्दैन शान्त चित्तले ॥
उदासीपन कार्पण्य पनि हुन्न सुधीरमा ।
ब्रह्माकार भएकोले पुग्दैन त्यो विकारमा ॥४८॥

भावार्थः- गुरू वेदान्त-वाक्यहरूद्वारा चैतन्य स्वरुप आत्माको श्रवण मात्रले परिपूर्ण आत्माको साक्षात्कार भएकोलाई कुनै कुराको आचार अनाचार र उदासीन भाव तथा दीनतामा दृष्टि जादैन । किनकि रूमत्व बुद्धि भएका ज्ञानीमा स्वयमेव ब्रह्माकार भै रहेको हुन्छ ।

यदा यत्कर्तुमायाति तदा तत्कुरूते ऋजुः ।
शुभं वाप्यशुभं वापि तस्य चेष्टा हि बालवत् ॥४९॥

भाषा

जहिले जे गर्नुपर्छ गर्छ त्यो समुपस्थित ।
शुभ होस् या अशुभ होस् प्रारब्ध कर्म-संचित ॥
राग-द्वेषादिले शून्य चेष्टा गर्दछ बालवत् ।
दृश्य-संसार सुखको भोग देख्दछ स्वप्नवत् ॥४९॥

भावार्थः- अब जुन शुभ अशुभ कर्महरू प्रारब्धानुसारको भोग हुन्छन्, ती आग्रह रहित भएर भोगी रहने हुन्छन्, किन भने जीवन मुक्त ज्ञानीको चेष्टा बालक सरी गर्ने, अर्थात् प्रारब्धानुसार कम गरी रहन्छन्, राग द्वेष लिएर गर्दैनन् ।

स्वातन्त्र्यात्सुखमाप्नोति स्वातन्त्र्याल्लभते परम् ।
स्वातन्त्र्यान्निर्वृतिं गच्छेत्स्वातन्त्र्यात् परमं पदम् ॥५०॥

भाषा

स्वतन्त्रताबाट मिल्छ सुख-शान्ति परं पद ।
स्वतन्त्रतामैं पाइन्छ मुकुन्द; दिव्य-संपद ॥

राग द्वेषादिले युक्त संसार दुखःको घर ।
मुक्तको दृष्टिमा सारा सुधा-सिन्धु बराबर ॥५०॥

भावार्थः- रागद्वेष रहित स्वतन्त्र पुरूष ज्ञानीजन परमज्ञान नित्य सुख आत्म स्वरूपमा विश्राम गरी रहने हुन्छ ।

मुकुन्दः-मुकुं-मोक्षं, ददाति इति मुकुन्दः मोक्षदः मोक्ष दिने तत्त्व ॥

अकर्तृत्वमभोक्तृत्वं स्वात्मनो मन्यते यदा ।
तदा क्षीणा भवन्त्येव समस्ताश्चितवृत्तयः ॥५१॥

भाषा

अकर्ता हूँ अभोक्ता हूँ भन्ने सम्झन्छ जो जन ।
क्षीण हुन्छन् चित्तवृत्ति त्यस्वेला दुःख कारण ॥
कर्ता भोक्तापना जो छन् अभिमान के हुन्छ र ? ।
संपूर्ण चिन्तका वृत्ति क्षीण आत्मा सुखी नर॥५१॥

भावार्थः- ज्ञानी आफ्नो कर्ता भोक्तापनको अभिमान त्यागेको हुन्छ । साथै सम्पूर्ण चित्तको वृत्ति क्षीण गराई सकेको हुन्छ ।

उच्छृंखलाप्यकृतिका स्थितिर्धीरस्य राजते ।
न तु संस्पृहचित्तस्य शांतिर्मूढ़स्य कृत्रिमः ॥५२॥

भाषा

उच्छंखला पनि वृत्ति नगर्ने कार्य क्यै पनि ।
निस्पृह ज्ञानी जनको शोभिइन्छ जहाँ पनि ॥
इच्छा भएको ज्ञानीमा देखिए पनि स्थिरता ।
शान्ति मिल्दैन मनमा रहेर हुन्न धीरता ॥
निस्पृह चित्त ज्ञानीमा धैर्य शान्ति सदा मन ।
आसक्तिभावना शून्य आनन्दीमस्त जीवन ॥५२॥

भावार्थः- जुन पुरुषमा निःस्पृह चित्त हुने हुन्छ, त्यो धैर्यवान ज्ञानी स्वाभाविक शांति रहित स्थितिमा पनि शोभायमानभै रहने हुन्छ । अज्ञानी मूढले भै अर्कोलाई देखाउने शान्ति स्वभावको बनावटी हुन आउँदैन ।

विलसंति महाभोगैर्विशन्ति गिरिगह्वरान् ।
निरस्तकल्पना धीरा अबद्धा मुक्तबुद्धयः ॥५३॥

भाषा

कल्पना जपना शून्य ज्ञानी दर्बारमा पुगोस् ।
अथवा अनकंटार दण्डकारण्यमा पुगोस् ॥
प्रारब्ध भोग गर्दामा, सुखमा दुःखमा पनि
राग द्वेषादिले हीन धीर हुन्छ जहाँ पनि ॥
कल्पना जपना- शून्य जहाँ जस्तो परे पनि ।
हर्ष-शोक-रोगमुक्त, धीर वस्छ स्वयं रमी ॥५३॥

भावार्थः- ज्ञानी सन्त जनमा कल्पना, जपना कुनै पनि हुँदैन । आसक्ति रहित भएको बुद्धिमान् पुरूष प्रारब्धवाट प्राप्त भएको दुःख सुखको भोगमा विलास गरी रहने हुन्छन । अर्थात् कहिले राजा सदनमा, कहिले अनकन्टार जंगलमा वसी रहने हुन्छन् ।

श्रोत्रियं देवतातीर्थमंगनां भूपतिप्रियम् ।
दृष्ट्वा सम्पूज्य धीरस्य न कापि हृदि वासना॥५४॥

भाषा

धीरको वासना हुन्न चिन्तमा मोक्ष सम्मको ।
अधिकारी स्थिर हुन्छ पावोस् सम्मान इन्द्रको ॥
श्रोत्रिय -देवता तीर्थ- अंगना भूपतिप्रिय ।
देखा- संमान पाएर वासना हुन्न धीरमा ॥५४॥

भावार्थः- वेदपाठी ब्राह्मणलाई देखेर अथवा तीर्थमा वास वस्ने अथवा राज्यसुख, सुन्दरी स्त्री धनादिमा वासना-शून्य ज्ञानी समान भावमा स्थित हुने हुन्छ। अर्थात् त्यस्ता वस्तुहरूमा लोभिन्दैनन् ।

भृत्यै पुत्रैः कलत्रैश्च दौहित्रैश्चापि गोत्रजैः ।
विहस्य धिक्कृतो योगी न याति विकृतिं मनाक् ॥५५॥

भाषा

पुत्र पौत्र कलत्रादि वन्धु वर्गादि भृत्यले ।
उपहास गरून, ज्ञानी रहन्छन् शान्त चित्तले ॥
सेवक भाइ आदिले स्त्रीपुत्र जातिले तहाँ ।
मान हेला जोजो हुन्छ, क्षोभ के हुन्छ ? ज्ञानीमा॥५५॥

भावार्थः- सेवक स्त्री, पुत्र, तथा दाज्यु भाइ बुहारी अन्य इष्ट-मित्रादिले मान गरे पनि वा हेला गरे पनि ज्ञानीमा हर्ष शोकको केहि क्षोभ हुँदैन, किन भने ज्ञानीमा मोह टाढा नै गैसकेको हुन्छ ।

सन्तुष्टो ऽपि न सन्तुष्टः खिन्नो ऽपि न च खिद्यते ।
तस्यश्चार्यदशां तां तां तादृशा एव जानाते ॥५६॥

भाषा

सन्तुष्ट छ तर पनि असंतुष्ट सरी हुने ।
खिन्नतामा पुगेकोछ तर खिन्न न देखिने ॥
विचित्रको दशा हुन्छ ज्ञानीको लोक-दृष्टिमा ।
ज्ञानीलेनै जान्दछन् यो चल्ने ज्ञान-मार्गमा ॥
लोकको भावना तुष्ट अतुष्ट दृष्टिमान छ ।
खिन्नतामा अखिन्नेछ ज्ञानी ज्ञानमा मस्तछ॥५६॥

भावार्थः- लोकको दृष्टिले संतोष युक्त देखिन्छ, न असंतोषको भावना नै हुने हुन्छ, न लोक दृष्टिमा खिन्नता देखिन्छ, न खिन्नै छ ज्ञानी आफ्नै ज्ञानमा मस्त हुने हुन्छ । अर्थात् ज्ञानीको भाव अगम्य हुन्छ ।

कर्तव्यतैव संसारो न तां पश्यन्ति सूरयः ।
शून्याकारा निराकारा निर्विकार अनामयः ॥५७।

भाषा

शून्याकार - निराकार - निर्विकार - निरामय ।
ज्ञानी देख्दैन - संसार-कर्तव्य पनि निश्चय ॥
कर्तव्यतानै संसार जानेर धीर शान्त छन् ।
संकल्प र विकल्पादि रोगवाट सुदूर छन् ।
शून्य आकारमा शान्त निर्विकार अनामय ।
संकल्प भावना शून्य संसार स्थिति के छ र ॥५७॥

भावार्थः- ज्ञानी कार्यको संकल्प तथा कर्तव्य भन्ने कुरो आउँदैन संसार रहेपनि समानै छ, नरहेपनि समानै हुन्छ । निराकार तथा साकार जो जस्तो भावना हुन्छ त्यो एकै भावना रहि रहने हुँदा संकल्प विकल्प रूपि रोगदेखि टाढै भएकोलाई के कार्य छ ? के कर्तव्यपना छ ?

अकुर्वन्नपि संक्षोभाद् व्यग्रः सर्वत्र मूढधीः ।
कुर्वन्नपि तु कृत्यानि कुशलो हि निराकुलः ॥५८॥

भाषा

हस्तपादादिले कर्म नगरोस् तर चित्तमा ॥
संकल्प र विकल्पादि कर्म ता हुन्छ मूढमा ॥

हस्तपादादिले कर्म गरेता पनि धीरमा ।
सकल्प र विकल्पादि हुन्न है निर्विकारमा ॥
नगरे पनि त्यो कर्म अज्ञानी व्यग्रकारण ॥
कर्म गरे पनि ज्ञानी निर्विकारी सुखी मन ॥५८॥

भावार्थः– अज्ञानी पुरुष नगरेपनि संकल्प विकल्पमा डुवि रहनाको कारण व्यग्र भएर रही रहन्छन् । ज्ञानी कर्महरू गरे पनि निर्विकार चित्तमा स्थित रही रहने हुन्छ, किन भने संकल्प विकल्पशून्यमा आत्मतत्त्व सुख सदा सर्वदा विराजमान रही रहेको हुन्छ ।

सुखमास्ते सुखं शेते सुखमायाति याति च ।
सुखं वक्ति सुखं भुंक्ते व्यवहारेऽपि शान्तधी ॥५९॥

भाषा

ज्ञानी सुखले वस्छ, सुत्छ, जान्छ र आउँछ ।
सुखै बोल्छ सुखै खान्छ, सुखद कर्म गर्दछ ॥
आत्मामा स्थित ती ज्ञानी सुखले व्यवहारमा ।
उपस्थित कर्म गर्छन रही शान्त स्वभावमा ॥
अनाशक्ति स्थिर चित्त व्यापार इन्द्रियै मन ।
आत्मैमा रमन ज्ञानी खाँदा, सुत्दा सबै सब ॥५९॥

भावार्थः– आत्मनिष्ठा बुद्धिमान ज्ञानी प्रारब्ध कर्म अनुसार वर्तमानमा पनि सुख पूर्वक, सुत्ने, वस्ने, खाने, हिडने गरी रहने हुन्छ । अर्थात् संपूर्ण इन्द्रियहरूका व्यापार गरी रहने हुन्छ, तर त्यसमा आसक्ति भना हुँदैन,किनभने चित्त त ब्रह्माकारमै सकेको हुन्छ ।

स्वभावाद्यस्य नैवार्तिर्लोकिवद् व्यवहारिणः ।
महाह्रद इवाक्षोभ्यो गतक्लेशः स शोभते ॥६०॥

भाषा

प्रशान्त सागर सरी गंभीर, शान्त चित्तमा ।
गरिएका सबै कर्म सुशोभित छ धीरमा ॥
लौकिक कर्म जति छन् धीरता साथ गर्दछ ।
स्थिरतामा बसी सुखले प्रारब्ध-कर्म भोग्दछ ॥६०॥
हर्ष-शोकादिले युक्त अज्ञानी जनलाई झैं ।
ज्ञानीता हुन्छ गंभीर अक्षोभ्य जलराशि झैं ॥६१॥

भावार्थः- लोकको परी आएको परोपकार कर्मको व्यवहार गर्दा कुनै कुरामा सुख दुःख जो परि आउन्छन्, ती समान भावना रहनेहुन्छन् । संसारी मानिस झैं हर्ष शोकको खेदमा पर्ने कुरा ज्ञानीमा हुन आउँदैन । ठूलो तलाउको पानीझैं चलायमान हुन आँउदैन । ती ज्ञानी निर्विकार स्वरूपमा शोभायमान भएर रहने हुन्छ ॥

निवृत्तिरपि मूढस्य प्रवृ तिरूप ज्ञायते ।
प्रवृत्तिरपि धीरस्य निवृत्तिफलभागिनी ॥६१॥

भाषा

प्रवृत्ति रूप देखिन्छ निवृत्ति पनि मूढको ।
निवृत्ति रूप देखिन्छ प्रवृत्ति पनि धीरको ॥
निवृत्तिमा चलेकोझैं मूढ देखिन्छ वाहिर ।
प्रवृत्तिमा हुन्छ भित्र लागेको त्यो निरन्तर ॥
प्रवृत्ति तिर लागेको धीर देखिन्छ वाहिर ।
सच्चिदाननन्दमा रम्छ निवृत्तिभाव साथ्तर ॥
अहंता भावका नर निवृतिमा प्रवृत्ति छ ।
अहं शून्य महा ज्ञानी प्रवृत्तिमै निवृत्ति छ ॥६१॥

भावार्थः- अज्ञानी मूढको निवृत्ति जुन हुन्छ, वाह्य इन्द्रियहरूलाई

विषयहरूबाट निवृत्ति गर्नु पनि प्रवृत्ति रूपै हुन आउँछ, किनभने-अज्ञानीमा अहंकारादि हटेका हुँदैन । ज्ञानी अहंकार शून्य हुँदा संसारीक व्यवहारको कर्म प्रवृतिमा पनि निवृत्तिनै हुन जाने हुन्छ, कारण ज्ञानीमा मैले गरेको हूँ भने कुराको अभिमान हुन आउँदैन ।

परिग्रहेषु वैराग्यं प्रायो मूढस्य दृश्यते ।
देहे विगलिता शस्य क्व रागः क्व विरागता ॥६२॥

भाषा

परिग्रहादिमा हुंन्छ प्राय वैराग्य मूढको ।
राग-वैराग्य क्यै हुन्न देहाभिमान शून्यको ॥
मोक्षको आश राखेर लिन्छ वैराग्य मूढ नै ।
आशा-इच्छादिले शून्य वैरागी हो न रागि नै ॥
राग-वैराग्य क्यै हुन्न स्त्री-पुत्र-धन्न-राज्यमा ।
आशा-इच्छा विलाएको ज्ञानीको शान्त चित्तमा ॥६२॥

भावार्थः- देहाभिमानी मूर्खमा मोक्षको इच्छाले धन, धाम, स्त्रीपुत्रादिकहरू त्याग गरिने हुन्छन् । देहाभिमानी शून्य ज्ञानी स्त्रीपुत्रादिकहरूमा न राग हुन्छ न त विराग नै हुने हुन्छ ।

भावना भावनासक्ता दृष्टिर्मूढस्य सर्वदा ।
भाव्यभावनया सा तु स्वस्थस्यादृष्टरूपिणी ॥६३॥

भाषा

देहाभिमानी जनमा संकल्प र विकल्प छन् ।
प्रिय-सप्रियको भेद-दृष्टिले मूढ हेर्दछन् ॥
अभिमान-शून्य धीर आत्मामै नित्य रम्दछन् ।
आत्मानन्द तलाउकै चैतन्य रस प्यूँदछन् ॥
अभावना भावनामा सक्तासक्त भईकन ।
मूढनै हिड्दछन् यसरी सुखदुःख पिईकन ॥

भाव्यले र भावनाले स्वस्थको त्यो अदृष्ट छ ॥
यसैले सर्वदा शान्त-संतुष्ट धीर हृष्ट छ ॥६३॥

भावार्थः- देहाभिमानी मूर्खमा संकल्प विषय हरहमेशा भै रहने हुन्छन्। ज्ञानी अदेही अभिमानी शून्य हुँदा आत्म स्वरूपमा स्थित भै रहेको हुन्छ। संकल्प-विकल्प भन्ने कुरो हुन आउँदैन। केवल लोक दृष्टिमा मात्र संकल्प-विकल्प भएको जस्तो मात्र हुन आएको देखिन्छ, तर मैले गरेको भन्ने यसतो अभिमान हुन आउँदैन।

सर्वारम्भेषु निष्कामो यश्चरेद् बालवन्मुनिः ।
न लेपस्तस्य शुद्धस्य क्रियमाणेऽ पि कर्मणि॥६४॥

भाषा

आरम्भ सबमा जोछ, निष्कामी बाल झैं मुनि।
गरेको कर्ममा लिप्त हुँदैन-शुद्ध निर्गुणी ॥
संसार-रंग बस्दैन ज्ञानीको शुद्ध चित्तमा ।
माया मोहादि क्यै हुन्न जस्तो बालक चित्तमा ॥६४॥

भावार्थः- ज्ञानी पुरूष बालक झैं निष्काम भएर प्रारब्धानुसार प्राप्त भएका कर्महरूमा प्रवृत्त हुन्छन्। निरहंकार ज्ञानीमा कर्महरू गरे तापनि कर्तृत्व दोष लाग्दैन, किन भने कर्तापनको अभिमान शून्य भएको हुन्छ।

स एव धन्य आत्मज्ञः सर्वभावेषु यः समः ।
पश्यञ्शृण्वन् स्पृशन्जघ्रन्नश्नन्ति स्तर्षमानसः ॥६५॥

भाषा

हेर्दा, सुन्दा, छुँदा, सुँघ्दा,खाँदा संपूर्ण भावमा ।
तृष्णा-रहित त्यो ज्ञानी धन्य मानिन्छ विश्वमा ॥

भविष्यको निंति पनी केही गर्दैन संचय ।
संचित-कर्मको भोग मात्र गर्दछ निश्चय ॥
ईच्छा-अनिच्छा क्यै हुन्न सर्वत्र सभभावना ।
आत्मज्ञ-धीर त्यो धन्य जो सदा छ असाधना ॥
धन्य आत्मज्ञ शुद्ध त्यो अतृष्णा भाव मानस ।
देख्ने,सुन्ने,छुने,खाने,अकर्ता ज्ञानीमा सम॥६५॥

भावार्थः- धैर्यवान् ,आत्मज्ञानी धन्य छ । जसले सम्पूर्ण भाव-हरूमा समान बुद्धि राखेर कारणी भैं देखा परेमा जुन हो, जस्तो खाँदा सुत्दा, हिड्दा चल्दा आफ्नो स्वगत इन्द्रियरूका तालमा नाची रहने, सवै प्रकारका तृष्णा रहित मन भएका ज्ञानीमा सम व्यवहार भै रहेको हुन्छ ।

क्व संसारः क्व चाभासः क्व साध्यं क्व च साधनम् ।
आकाशस्येव धीरस्य निर्विकल्पस्य सर्वदा ॥६६॥

भाषा

ज्ञानीमा छैन संसार आभास पनि छैन क्यै ।
साध्य-साधन क्यै छैन, निर्विकल्प छ व्योम झैं ॥
संकल्प र विकल्पादि उपाधि-शून्य धीरमा ।
साधना- साध्य क्यै हुन्न नभ झैं धैर्यवानमा ॥
संकल्प रहित ज्ञानी धैर्यवान मुनि महा ।
संसार-भावना-स्वर्ग साधना हुन्छ के त्यहाँ ॥६६॥

भावार्थः- धैर्यवान ज्ञानीमा संसार कहाँ छ, स्वर्गादि साधनहरू कहाँ हुन्छ, तथा यज्ञादि साधन के हुन्छ, संकल्प, विकल्प रहित ज्ञानी सदा सर्वदा आकाशवत् निर्लेपमा रहने हुन्छ ।

स जयत्यर्थसंन्यासी पूर्णस्वरसविग्रहः ।
अकृत्रिमोऽनवच्छिन्ने समाधिर्यस्य वर्तते॥६७॥

भाषा

अदृष्ट-दृष्ट फलको चाहना हुन्न पूर्णमा ।
वसेको हुन्छ आत्मज्ञ अनवच्छिन्न आत्ममा ॥
पूर्ण स्वभाव ज्ञानी नै सदा यो देह-गेहमा ।
चिदानंदा साथ रम्छ अकृत्रिम समाधिमा ॥
पूर्णता भावना शुद्ध जय प्राप्त निरंतर ।
समाधि आत्म सानन्द नित्यता प्रेम साक्षर॥६७॥

भावार्थः- पूर्ण स्वभाव भएका दृष्ट-अदृष्ट फलको चाहना नगर्ने पुरूषमा जय हुने हुन्छ, अर्थात् सर्वोपरि उन्नति हुने हुन्छ । जसमा पूर्ण स्वरूप आत्मामा स्वाभाविक समाधि भै रहने हुन्छ ।

बहुनात्र किमुक्तेन ज्ञाततत्त्वो महाशयः ।
भोगमोक्षनिराकांक्षी सदा सर्वत्र नीरसः ॥६८॥

भाषा

भोगको मोक्षको इच्छा नगर्ने ती महाशय ।
आत्माराम भित्रै रम्छन् शान्तिका साथ निर्भय ॥
मन-वाणी पनि थाक्छन् गर्न वर्णन धीरको ।
परोपकार-ज्ञानीको आत्मा रमण वीरको ॥६८॥

भावार्थः- ज्ञानी पुरूषको शुभ लक्षणको वयान पूर्ण रीतिले गर्न कठीनै पर्छ । तापनि ज्ञानी पुरूषमा साधारण लक्षण एउटा यो छ कि- आत्मतत्त्वको जान्ने, आत्म स्वरूपमा मग्न, भोग र मोक्षको चाहना न गर्ने, पर उपकारी, जीव आनन्द भावमा मस्त रहने हुन्छ ।

महदादिजगद् द्वैतं नाम मात्र विजृम्भितम् ।
विहाय शुद्धबोधस्य किं कृत्यमवशिष्यते ॥६९॥

भाषा

नाम मात्र भएको यो महदादि जगत्कन ।
त्यागेको शुद्धज्ञानीको निंति के छ र लौ भन ? ॥
महदादि जगत् द्वैत छाया भैं नाम मात्रको ।
भन्ने ती शुद्ध ज्ञानीको निंति तृणै छ विश्व यो ॥
गर्नु पर्ने कुनै छैन कार्य स्वप्न समानको ।
संसार देखने ज्ञानी गर्छ उद्धार विश्वको ॥
महतत्त्व जगत्सारा द्वैत रूप उपाधि छ ।
कल्पना भावना हीन अरू के गर्नु पर्दछ ? ॥६६॥

भावार्थः- द्वैत रूप भासिने यो संसार जुन महतत्त्वादि हुन्, ती सबै छाया सरी भएका कल्पनालाई दूर हटाएर स्वप्रकाश चैतन्य स्वरूपमा स्थित ज्ञानीमा अरू कुन् कार्य गर्न बांकि रहन आउँछ र ? अर्थात् पूर्णत्वमा प्राप्त भएका ज्ञानीमा अरू कुनै कार्य गर्नु पर्ने अवस्था छैन ।

भ्रमभूतमिदं सर्वं किंचिन्नास्तीति निश्चयी ।
अलक्ष्य स्फुरणः शुद्धः स्वभावेनैव शाम्यति ॥७०॥

भाषा

सबै यो भ्रम हो भन्ने निश्चयी शान्त धीर ती ।
स्वभाव शुद्धले गर्दा दिव्य श्रीयुक्त वीर ती ॥
आत्माको आश्रय लिने ज्ञानीको दृष्टिमा सब ।
छाया देखिन्छ यो सारा विश्व ब्रह्माण्ड वैभव ॥
प्राणी सारा जगत् जो हो विनाशि क्षणभङ्गुर ।
साक्षात्कार पूर्ण ब्रह्म ज्ञानी शान्त सुखी बुझ॥७०॥

भावार्थः- अधिष्ठान आत्माको साक्षात्कार भएका ज्ञानीमा यी सम्पूर्ण संसार तथा विश्व प्राणीहरू केवल छाया रूपको भ्रम-मात्र

हुन् । परमार्थ दृष्टिले हेर्दा यसमा कुनै स्थायित्व कुरो पाईंदैन त्यसो हुँदा ज्ञानीमा स्वभावैले शान्तिमा प्राप्त हुने हुन्छन् ।

शुद्धस्फुरणरूपस्य दृश्यभावमपश्यत : ।
क्व विधिः क्व च वैराग्यं क्व त्यागः क्व शमोऽपि वा॥७१॥

भाषा

देखिएको विश्वलाई न देख्ने शुद्ध धीर त्यो ।
निति विधि र वैराग्य त्याग, शम अकामको ॥
असंसारी र संसारी–अशान्ति–शान्तिका धनी ।
कामी–अकामी योगीको बुझ्न है नतिजा पनि ॥
शुद्ध चैतन्यमा पुग्ने ज्ञानीको निति विश्वको ।
कामीले सेव्य साम्राज्य श्री. हुन्छ विन कामको ॥

भावार्थः- शुद्ध चेतन स्वरूप (स्फुरण आत्मा) स्वप्रकासको जुन पदार्थ हुन् , त्यही चेतनसत्तावाट भएका जुन दृश्य पदार्थहरू हुन् , ती पदार्थहरू प्राप्त गर्न ज्ञानीमा कुनै प्रयत्न कार्य कर्मको विधि हुँदैन । वैराग्य, त्याग, शान्ति भन्ने सज्ञा नै हुन आउँदैन, किन भने शब्द रूप सांसारिक पदार्थको भावनादेखि ज्ञानी परै रहेको हुन्छ ।

स्फुरतोऽनन्तरूपेण प्रकृतिं च न पश्यतः ।
क्व बन्धःक्व च वा मोक्षःक्व हर्षःक्व विषादता॥७२॥

भाषा

बन्ध,–मोक्ष–हर्ष–शोक ज्ञानीमा हुन्न क्यै अनि ।
अनन्तैमा मग्न ज्ञानी देख्दैन प्रकृति पनि ॥
गएका भासिदै नित्य आत्मानन्द–समुद्रमा ।
देखिन्छ शुद्ध चैतन्य फुरेको हेर धीरमा ॥

स्फुरण भावको अन्त प्रकृति शून्यतामय ।
वन्ध–मोक्ष-हर्ष-खेद कहाँ त्यस्मा कहाँ लय?॥७२॥

भावार्थः– अनंत रूपमा भासिएका सर्व व्यापक आत्मारूप भन्ने कुरोमा अनुभव प्राप्ति ज्ञानीमा देहादि वस्तुहरूमा, के दृष्टि लाग्न सक्दछ र ? ज्ञानीमा संसारको वन्धन, मोक्ष हर्ष र विषाद भन्ने कुरै आउँदैन ।

बुद्धि पर्यन्त संसारे माया मात्रं विवर्तते ।
निर्ममो निरहंकारी निष्कामः शोभते बुधः ॥७३॥

भाषा

बुद्धिपर्यन्तसंसार नाम करण मात्र छ ।
आफ्ने रचित माया यो, आफ्नैमा नै विलीन छ ॥

ममता र अहंकार जस्मा छैन सुर्धारमा ।
निष्कामी सर्व ठाउँमा शोभा पाउँछ विश्वमा ॥
पदार्थ बुद्धि पर्यन्त मायाकै रचनात्मक ।
अहंता ममता हीन निष्कामी ज्ञानी शोभित ॥७३॥

भावार्थः– यी संसारका जति पदार्थहरू छन्, अर्थात् बुद्धि पर्यन्त जति नाम करण भएका पदार्थहरू भएका छन्, ती सवै मायाद्वारा कल्पित भएको भन्ने ज्ञानीले आत्म स्वरूपको साक्षात्कार भै सकेपछि जान्ने हुन्छ । त्यसो हुँदा ज्ञानीमा न हर्ष हुन्छ, न शोकै हुन्छ, न अहंकारै हुन्छ, न ममतानै हुने हुन्छ । किनभने ज्ञानी पूर्णत्व शमदर्शि पदमा हुगेको हुन्छ ।

अत्तयंगतसन्तापमात्मानं पश्यतो मुनेः ।
क्व विद्या क्व च वा विश्वं क्व देहो ऽहं ममेति वा ॥७४॥

भाषा

कहाँ विद्या ? कहाँ विश्व ? कहाँ देह ? कहाँ म छुँ ।
मेरो भन्ने कहाँ के छ ? आत्मा व्यापक ब्रह्म छुँ ॥
अक्षय-गत संन्ताप सच्चिदानन्दमा म छुँ ।
स्वयं प्रकाश-आत्मामा विलीनगत काय छुँ ॥७४॥

भावार्थः- जुन ज्ञानीमा अविनाशी संताप रहित आत्म स्वरूपको साक्षात्कार हुन्छ । त्यसमा ज्ञानीलाई विद्या तथा विश्व के को आवश्यक हुन्छ र ? अर्थात् ज्ञानी महान् आत्म-पदमा पुगेका परम पुरुषमा अहंभावको विद्या शास्त्र, संसार तथा देहको विषयमा ममता हुँदैन । आत्मा देखि अरू कुनै पनि स्फुरण हुन आउँदैन ।

निरोधादीनि कर्माणि जहाति जडधीर्यदि ।
मनोरथान्प्रलापांश्च कर्तुमाप्नोति तत्क्षणात् ॥७५

भाषा

निरोध मनको हुन्न स्थायी ज्ञान नभैकन ।
संकल्प र विकल्पादि मनमा हुन्छ दिन्दिन ॥
संमाधिबाट ओर्लिन्छ जब साधक तत्क्षण ।
विक्षेपादि उपाधिले आक्रान्त हुन्छ यो मन ।
देहले गरिने कर्म त्यागेता पनि मूढले ।
मनोराज्य भित्र पुग्छ गर्दा त्यो जड बुद्धिले ॥
देहाभिमानीमा हुन्न पूर्ण-शान्ति कदाचन ।
घुमेको हुन्छ है भित्र, वासनावद्ध भै कन ॥
निरोध गर्न व्यर्थैछ भित्र ज्ञान न भैकन ।
निरोध गर्छ बाहीर अरूलाई छकाउन ॥७५॥

भावार्थः- अज्ञानी अर्थात् देहाभिमानी मूर्ख पुरुष जति परिश्रम मनलाई निरोध गर्न समाधि गरुनजेल मात्र हुन्छ । त्यसबाट छुटे

पछि फेरि संकल्पमा लागी हाल्दछ र नचाहिने प्रलाप आदि संपूर्ण व्यापारमा चली रहने हुन्छ। त्यसो हुन ज्ञान विना निरोधको कुनै पनि काम लाग्न आउँदैन।

मन्दः श्रुत्वापि तद्वस्तु न जहाति विमूढताम् ।
निर्विकल्पो वहिर्यत्नादन्तविषयलालसेः ॥७६॥

भाषा

विवेक नखुलेकाले विद्याभास गरे पनि ।
जडता छुट्न सक्दैन भित्रता क्यै गरे पनि ॥
निर्विकल्प छुँ म भन्छ शिक्षा दिन्छ अनेकन।
भोग-विलासको-इच्छा राख्छ भित्र भने मन ॥७६॥

भावार्थः- अनेक सद् शास्त्र ग्रन्थहरू पढेर पनि, अथवा सुनेर पनि देहको अभिमान छोडन नसक्ने अज्ञानी मूढमा आत्मभावको रहस्य के जान्न सक्छ र ? केवल अर्कालाई देखाउन त्याग गर्दछ। मन विलास गर्ने विषयमा इच्छाभै नै रहेको हुन्छ ।

ज्ञानाद्वलितकर्मा यो लोकदृष्ट्यापि कर्मकृत् ।
नाप्नोत्यवसरं कर्तुं वक्तुमेव न किञ्चन ॥७७॥

भाषा

कर्म जस्को गलेको छ ज्ञानको जल-विन्दुले ।
त्यस्ले समय पाउन्न गर्न, बोल्ने र शोचने ॥
फलेच्छा सब त्यागेर कर्मगर्नेहरू सब ।
लोक कल्याणको लागि चल्दछन् त्यजि वैभव ॥
व्यवहारी सरी वस्छ पाएको भोग गर्दछ ।
फलेच्छा सब छोडेर आएको कर्म गर्दछ ॥
आत्मामा रमिने योगी सबमा सम देख्दछ ।
उपयोगी बन्छ जगमा भव-संताप हर्दछ ॥७७॥

भावार्थः- लोक उपकार तथा लोकको हित हुने कर्तव्य लोकाचार कर्महरू फलको इच्छा नलिई ज्ञानी पुरूष कर्म गरी रहने हुन्छ । किन भने ज्ञानको प्रतापले कर्मफलको इच्छा हुँदैन, साथै आत्माको रूप सबै प्राणीमा समभावले रहेको देखि रहने हुन्छ ।

क्व तमः क्व प्रकाशो वा हानि क्व च न किञ्चन ।
निर्विकारस्य धीरस्य निरातङ्कस्य सर्वदा ॥७८॥

भाषा

आतंक शून्य ज्ञानीको धीरको निर्विकारको ।
तमः प्रकाश क्यै छैन,छैन हानि मनस्वीको ॥
ज्ञानीमा छैन व्याधिको जरा मरणको भय ।
चिंता-इच्छा कुनै छैन. घुम्छ सर्वत्र निर्भय॥७८॥

भावार्थः- ज्ञानीमा काल आदिको भय हुन आउँदैन, अन्धकार तथा उज्यालोको भान हुन आउँदैन, कुनै कुराको मनमा झिक्कि हुँदैन । त्यस्तै डर भने कुरो पनि त्यसमा हुन आउँदैन, अर्थात् निडर हुन्छ सर्वदा आत्मामा रमि रहने निर्विकारीमा विकार कसरी हुन आउँछ र ? ।

क्व धैर्यं क्व विवेकित्वं क्व निरातंकतापि वा ।
अनिर्वाच्यस्वभावस्य निः स्वभावस्य योगिनः॥७९॥

भाषा

विवेक- धैर्य- क्यै हुन्न, आतंक पनि हुन्न क्यै ।
स्वभाव- शून्य योगीको, देह संसार हुन्न क्यै ॥
देखावटी कर्म हुन्न लुकेको पनि धीरमा ।
भावना चित्तको धर्म पनि छैन सुवीरमा ॥७९॥

भावार्थः- ज्ञानी आफ्नो भावमा मस्त भै रहने हुन्छ । किन कि, ज्ञानी बाहिरको जुन देखिने कर्महरू हुन, जसतो धैर्यता, विवेक

निर्भय यी देखोवा ज्ञानीमा हुन आउँदैन, किनभने ज्ञानी योगी स्वभावैले शान्त प्रकृतिका मानव हुने हुन्छ ।

न स्वर्गो नैव नरको जीवन्मुक्ति न चैव हि ।
वहुनात्र किमुक्तेन योगदृष्ट्या न किञ्चन ॥८०॥

भाषा

नरक - स्वर्गको भेद हुँदैन शुद्ध धीरमा ।
वन्ध-मोक्षादिको भेद पनि हुँदैन वीरमा ॥
आत्मदृष्टि खुलेका ती ज्ञानी हुन्छन अकिंचन ।
संक्षेपमा जान तिमी धीर ती हुन् निरंजन ॥८०॥

भावार्थः- ज्ञानीमा, स्वर्ग, नरक, तथा मुक्ति आदिमा के भेद हुन्छ र अर्थात् सर्वत्र आत्मदृष्टि भएका जुन ज्ञानी हुन्छ, त्यसमा न स्वर्ग छ, न नरक नै छ, न वन्ध छ, न मुक्तिको नै भेद हुन आउँछ !

नैव प्रार्थयते लाभं नालाभेनानुशोचति ।
धीरस्य शीतलं चित्तममृते नैव पूरितम् ॥८१॥

भाषा

अमृतमा मिलेको त्यो ज्ञानीको चित्त शीतल ।
सुखमा-दुःखमा एक समान हुन्छ निश्चल ॥
ज्ञानामृत पिएकाले ज्ञानी त्रिताप-शून्य छ ।
पूर्णतामा मिलेकोले वीर त्यो धीर धन्य छ ॥८१॥

भावार्थः-ज्ञानी जनमा लाभको इच्छा हुन आउँदैन, तथा नोक्सानी भएमा खेद पनि हुन आउँदैन । अथवा जन्मेमा हर्ष गर्दैन, मरेमा शोक गर्दैन । धैर्यधारी ज्ञानीको चित्त ज्ञानामृतले परिपूर्णता र त्रयताप देखि शून्य अति शान्त शीतल स्वभावमा स्थित हुने हुन्छ ।

न शान्तं स्तौति निष्कामो न दुष्टमपि निन्दति ।
समदुःख सुखस्तृप्तः किञ्चित्कृत्यं न पश्यति ॥८२॥

भाषा

कामना-शून्य त्यो धीर स्तुति गर्दैन शान्तको ।
मनले पनि गर्दैन निन्दा-द्वेषादि दुष्टको ॥
सुखमा दुःखमा एक समाज-तृप्त- शान्तले ।
कर्तव्य पनि देख्दैन भावना शून्य धीरले ॥
ज्ञानामृत पीएका ती पुगेका बोध रूपमा ।
मोक्षेच्छा पनि क्यै हुन्न ज्ञानीको शुद्ध चित्तमा ॥८२॥

भावार्थः- कामना केहि नभएका शुद्ध चित्तका ज्ञानी जनमा न प्रशंसा गर्ने हुन्छ न निंदा नै गर्ने हुन्छ । किन भने ज्ञानी ज्ञानको अमृतरस पान गरेर सदा सर्वदा तृप्त भै रहेको हुन्छ । सुख दुःखको कल्पना नै ज्ञानीमा आउँदैन । कुनै कुराको फिक्रि अथवा कृत्यलाई न देख्दछ, न गरीने नै हुन्छ ।

धीरो न द्वेष्टि संसारमात्मानं न दिदृक्षति ।
हर्षामर्षविनिर्मुक्तो न मृतो न च जीवति ॥८३॥

भाषा

आत्मा हेर्ने पनि इच्छा गर्दैन धीर वीर त्यो ।
भवको द्वेष गर्दैन ज्ञानी हुन्छ विचित्रको ॥
ज्ञानी हुन्छ सदा तुष्ट, राग द्वेष विमुक्त छ ।
विक्षेपादि देखि पर शुद्ध-ब्रह्म स्वरूप छ ॥
निराधारमहां अड्ने ज्ञानी सुखी छ, धन्य छ ।
न मर्ने र न बाँच्ने त्यो धीर ता नित्य बन्ध छ ॥८३॥

भावार्थः- धैर्यवान् अर्थात् आत्मज्ञानी, संसारदेखि द्वेष गर्दैन, न त रागै गर्ने हुन्छ। मिथ्या वस्तुको ज्ञानीमा के इच्छा हुने हुन्छ र अर्थात् कुनैमा पनि इच्छा शून्य भएको आफै आत्म रूप भएका ज्ञानी सज्जनमा हर्ष शोक शून्य आनन्द जीवन मुक्त भएको हुन्छ।

निःस्नेहः पुत्रदारादौ निष्कामो विषयेषु च ।
निश्चिन्तः स्वशरीरेऽपि निराशः शोभते बुधः ॥८४॥

भाषा

पुत्र-दारादिमा स्नेह गर्दैन मनमा अनि ।
कामना धीरमा हुन्न विषय सुखको पनि ॥
देहको पनि चिन्ता त्यो हुन्न आशा पनि कुनै ।
ब्रह्मभूत प्रसन्नात्मा न गर्छ कल्पना कुनै ॥
पुत्र-स्त्रीमा न स्नेहै छ निष्कामी विषयादिमा ।
न फिक्री खान पानैमा न हुन्छ आश धीरमा ॥८४॥

भावार्थः- पुत्र, स्त्री, बन्धु, बान्धव आदि वर्गमा न प्रीति नै हुने हुन्छ, न विषयभोगमा नै रम्ने हुन्छ, न भोजन खान पानको नै चिन्ता हुने हुन्छ। आशा रहित सर्वत्र समान भावना स्थित ज्ञानी योगी अति शोभायमान हुन्छ।

तुष्टिः सर्वत्र धीरस्य यथा पतितवर्तिन ।
स्वच्छन्दं चरतो देशान्यत्रास्तमित शायिनः ॥८५॥

भाषा

विना उद्योगले प्राप्त प्रारब्ध भोग भोगने ।
ज्ञानी सर्वत्र संतोषी हुन्छ स्वच्छन्द घुमने ॥
दिनान्तमा पनि सुत्ने धीर हुन्छ मितव्ययी ।
स्वावलम्बी र आनन्दी वीर हुन्छ दृढशयी ॥

यथा लाभ यथा हानी सन्तुष्ट भावना जय ।
ज्ञानी आनन्द स्वालम्ब नित्यतृप्त मिताशय ॥८५॥

भावार्थः- जे प्रारब्धको कर्मानुसार प्राप्त हुने हुन्छ त्यसैमा निर्वाह, गर्ने परम संतोषी ज्ञानी जहाँ बसे, हिंडे पनि आनन्द स्वच्छन्दतामा सूर्य अस्त भएका अर्थात् रातमा जहाँ पनि शयन गर्न मितव्ययी हुने हुन्छ ।

पततु देतु वा देहो नास्य चिन्ता महात्मनः ।
स्वभावभूमि विश्रान्ति विस्मृता शेषसंसृते ॥८६॥

भाषा

स्वभाव नै भूमि जस्को लिने विश्रान्ति स्थान छ ।
संसारलाई विसौंने ज्ञानीको कर्म मान्य छ ॥
शरीर यो ढलोस् ऐले कल्पान्त सम्म यो रहोस् ।
खिचिन्न रेखा चिन्ताको ज्ञानीमा त्यो जहाँ रहोस् ॥
देहको ममता हुन्न न जन्म मृत्युको भय ।
चिन्ता हुँदैन ज्ञानीमा सदा आनन्द-आशय ॥८६॥

भावार्थः- देह खसोस, यसको चिन्ता केही पनि न भएका आफ्नो स्वरूपमा स्थित रहेको ज्ञानी संसार देखि अलग्गै रहेको हुन्छ ।

अकिञ्चनः कामचारो निर्द्वन्द्वश्छिन्नसंशयः ।
असक्तः सर्वभावेषु केवलो रमते बुधः ॥८७॥

भाषा

अकिञ्चन भएकोले स्वच्छन्द साथ घुम्दछ ।
चित्तमा राम बस्नाले यत्र सर्वत्र रम्दछ ॥
द्वन्द्वभाव हटेकाले संशय-शून्य चित्त छ ।
आसक्ति क्यै न हुनाले भित्र बाहिर शान्त छ॥८७॥

भावार्थः--ज्ञानी आत्मामा एकलै रमि रहने हुँदा, मिथ्या सांसारिक वस्तुहरू देखि परै रहेको हुन्छ, अर्थात् विषय देखि विरक्तसंशय शून्य स्वच्छन्दता साथ चल्ने फिर्ने हुन्छ ।

निर्ममः शोभते धीरः समलोष्टाश्मकाञ्चनः ।
सुभिन्नहृदयग्रन्थि र्विनिर्धूतरजस्तमः ॥८८॥

भाषा

सुनमा र पत्थरैमा समान दृष्टि राखने ।
ममता-शून्य त्यो धीर हुन्छ सर्वत्र शोभिने ॥
अज्ञान ग्रन्थि काटेर गुणातीत हुनेहरू ।
लोक-कल्याणको लागि कर्म गर्छन् खुरू खुरू ॥८८॥

भावार्थः- ज्ञानी कुन हीरा, कुन सुन, कुन माटो, कुन पत्थर, समान भाव भएका अज्ञान रूपि ग्रन्थि फुकीसकेका अर्थात् अज्ञान नाश भएको शुद्ध आत्मामा रमने योगी ज्ञानी शोभामा प्राप्त हुने हुन्छ । सत्व, रज र तम गुणदेखि पर रहेको आत्मज्ञानी महान् मान्यता शोभित हुने हुन्छ ।

सर्वत्रानवधानस्य न किंचिद्वासना हृदि ।
मुक्तात्मयो विदृप्तस्य तुलना केन जायते ॥८९॥

भाषा

वासना क्यै न हुनाले विकार--शून्य चित्त छ ।
आसक्ति सब हटनाले जीवन्मुक्त प्रशान्त छ ॥
संतुष्ट--मुक्तको तुलना कैले गर्न सकिन्छ र ?
बोधरूप भएकोले साक्षात् छ धीर शङ्कर ॥८९॥

भावार्थः- सम्पूर्ण विषयहरूमा आसक्ति न भएका साथै हृदयमा अलिकति कुनै पदार्थहरूको वासना न भएको ज्ञानीको तुलना कसरी गर्न सकिने, साक्षात् ईश्वर जीवनमुक्त ज्ञानी हुन्छ ।

जान्नपि न जानाति पश्यन्नपि न पश्यति ।
ब्रुवन्नपि न च ब्रूते को ऽन्यो निर्वासनादृते ॥६०॥

भाषा

जानीकन न जान्ने त्यो, देखीकन न देख्ने ।
बोलीकन न बोल्ने त्यो, ज्ञानी हुन्छ न जानिने ॥
अभिमान छैन जस्को चित्तमा वासना पनि ।
ज्ञानी त्यो सबले मान्य पूज्य हुन्छ जहाँ पनि ॥६०॥

भावार्थः- जानेर पनि न जानेको जस्तो, देखेर पनि न देख्ने जस्तो, बोले र पनि मौनमा रहे जस्तो, यस्तो ज्ञानी संसारमा कमै पाइन्छ । अर्थात् ज्ञानीमा अभिमान तथा वासना एक रत्ती पनि हुँदैन ।

भिक्षुर्वा भूपतिर्वापि यो निष्कामः स शोभते ।
भावेषु गलिता यस्य शोभनाशोभना मतिः ॥६१॥

भाषा

योगी होस् अथवा भोगी राजा होस् अथवा प्रजा ।
भावना-कामना-शून्य शोभा पाउँछ त्यो सदा ॥
ईश्वर प्रति फर्केकी सुखदा उत्तमा मति ।
संसारतिर फर्केकी दुःखदा अधमा मति ॥
सुखमा राग राख्दैन द्वेष गर्दैन दुःखको ।
जलपान गर्छ धीर आत्मानन्द तलाउको ॥६१॥

भावार्थः- शुभ असल पदार्थहरूमा इच्छा बुद्धि हुँदैन । साथै अशुभ नराम्रो पदार्थहरूमा द्वेष बुद्धि हुँदैन । कामना रहित-ज्ञानी जनक राजा समान हुने हुन्छ । अथवा भिक्षु भएमा परम ब्रह्मनिष्ठ याज्ञवल्क्य मुनि समान शोभामा प्राप्त हुने हुन्छ । किन भने

आत्मानन्दमा रमेका पुरुषको न त राज्यमा बन्धन हुन्छ, न त्यागमा मोक्षको भावना हुन्छ ।

क्व स्वाच्छन्द्यं क संकोचः क्व वा तत्त्वविनिश्चयः ।
निर्व्याजार्जवभूतस्य चरितार्थस्य योगिनः ॥६२॥

भाषा

शुद्धात्मा धीरमा हुन्न संकोच र स्वतन्त्रको ।
भावना मनमा हुन्न देहाभिमान-शून्यको ॥
गर्नुपर्ने पनि छैन कुनै निश्चय तत्त्वको ।
कपटादि पनि छैन शुद्ध चैतन्य-रूपको ॥६२॥

भावार्थः- ज्ञानी कपट रहित शुद्धात्मामा न स्वतन्त्रको भान हुन्छ, न पराधीनताको भावना नै हुन्छ, न तत्त्वको नै निश्चय गर्नु पर्ने हुन्छ, किनकि देहाभिमान देखि टाढा रहेको ज्ञानीमा मिथ्या वस्तुहरूको भावनामा के आसक्तिपना हुने हुन्छ र ? ।

आत्मविश्रान्तितृप्तेन निराशनगतार्तिना ।
अन्तर्यदनुभूयेत तत्कथं कस्य कथ्यते ॥६३॥

भाषा

विश्राम गर्दछन ज्ञानी आत्मामा तृप्त छन् सदा ।
स्वान्तमै शान्ति पाउँछन् भोग्दछन् दिव्य-संपदा ॥
विश्रान्त आत्ममा तृप्त अमृत रसपान छ ।
धन्य ज्ञानी अतिशान्त वयान कति गनु छ ॥६३॥

भावार्थः- ज्ञानी आत्मै स्वरूपमा विश्राम लिएर अमृत पान गरेर तृप्त भै रहेको हुन्छ । बाहिरको मिथ्या दृष्टि पदार्थहरूमा केको आशा राख्दछ र ? पीडा दुःख जुन देहमा हुन्छ, त्यो अदेहीमा के हुन आउँछ र ? यसता अभागी, अदेही समता योगी ज्ञानीको वर्णन कसले गर्न सक्ने हुन्छ ।

सुप्तोऽपि न सुषुप्तौ च स्वप्ने ऽ पि शयितो न च ।
जागरे ऽ पि न जागर्ति धीरस्तृप्तः पदे पदे ॥६४॥

भाषा

सुतेको सरि देखिन्छ तर छैन सुषुप्तिमा ।
स्वप्ना देख्छ विश्वलाई तर त्यो हुन्न स्वप्नमा ॥
जागामा पनि क्यै हुन्न विचार-शून्य चित्तमा ।
जहाँ पुगे पनि ज्ञानी छ सदा शान्ति-साथमा ॥६४॥

भावार्थः- ज्ञानीमा सुषुप्ति अवस्था भएता पनि त्यसमा वशीभूत हुदैन, स्वप्ना भासेता पनि निदाउँदैन । जाग्रद् अवस्थामा जुन विकारहरू देखा पर्ने हुन्छन्, ती विकार देखि अलगै वसी रहनु हुन्छ । अलिप्त धीर ज्ञानी बुद्धि देखि पर रहेको आत्मामा स्थित भएर वसेको हुन्छ ।

ज्ञः स चिन्तोऽपि निश्चिन्तः सेंद्रियोऽपि निरिन्द्रियः ।
सुबुद्धिरपिनिर्बुद्धिः साहाङ्कारो ऽ नहं कृतिः ॥६५॥

भाषा

चिन्तित तुल्य देखिन्छ तर चिन्ताविहीन छ ।
इन्द्रिययुक्त देखिन्छ तर इन्द्रियहीन छ ॥
निर्बुद्धि जस्तो देखिन्छ सुबुद्धिमान भएपनि ।
भित्र हुन्न अहंकार वाहीर देखिए पनि ॥६५॥

भावार्थः- वाहीर ज्ञानीमा चिन्ता परेको जस्तो देखिन्छ, तर भित्र निश्चित भएको हुन्छ । ज्ञानी इन्द्रिय सहित चलेको देखिन्छ, तर इन्द्रिय रहित भएको देखिन्छ । व्यवहारमा ज्ञानी चतुर बुद्धिवाला हुने हुन्छ, तर ज्ञानी बुद्धि रहित हुने हुन्छ, साथै अहंकार युक्त देखिएता पनि ज्ञानीमा अहंकारशून्य भएको हुन्छ ।

न सुखी न च वा दुःखी न विरक्तो न सङ्गवान्।
न मुमुक्षुर्न वा मुक्तो न किंचिन्न च किञ्चन ॥६६॥

भाषा

न सुखी हो, न दुःखी हो, न रागी न विरक्त हो।
अकिंचन न किंचन हो न मुमुक्षु न मुक्त हो ॥
आत्तिदैन, आत्तिदैन सुखमा दुःखमा पनि ।
शुद्ध चैतन्य पाएको संतोषी सुखको धनी ॥६६॥

भावार्थः- ज्ञानी सुखमा हाँस्दैन, दुःखमा रुँदैन, नविरक्त हुन्छ, न मोक्षको कामना नै गर्ने हुन्छ । कुनै कुरामा पनि आसक्ति गर्दैन, नित्य स्थित सत्‌रूप, अनिर्वचनीयमा विलीन हुने हुन्छ ।

विक्षेपेऽपि न विक्षिप्तः समाधौ न समाधिमान् ।
जाड्येऽपि न जडो धन्यः पाण्डित्येऽपि न पण्डितः॥६७॥

भाषा

विक्षिप्त जस्तो देखिन्छ तर विक्षिप्त हुन्न त्यो।
वसे पनि समाधामा समाधिमान छैन त्यो॥
ज्ञानी देखिन्छ जडवत् तर चैतन्यवान छ ।
पण्डित जस्तो देखिन्छ अपण्डित समान छ ॥
देहाभिमानले शून्य ज्ञानीको चित्त शुद्ध छ ।
विकार क्यै न हुनाले ज्ञानी नित्य प्रबुद्ध छ ॥६७॥

भावार्थः- ज्ञानीमा विक्षिप्त भाव देखिन्छ, तर ज्ञानी विक्षिप्त हुँदैन । ज्ञानीमा समाधि भएको देखिन्छ, तर ज्ञानी समाधि गर्दैन । ज्ञानी स्थिर जडभाव देखिन्छ, तर ज्ञानी जड अवस्थामा पर्दैन । ज्ञानीमा पंडितपना देखिन्छ, तर ज्ञानी पंडित बन्दैन । किन भने यी सबै विकारहरू देहाभिमानीमा मात्र हुने हुन्छन् ।

मुक्तो यथा स्थिति स्वस्थः कृतकर्तव्यनिर्वृतः ।
सम सर्वत्र वैतृष्ण्यान्न स्मरत्यकृतं कृतम् ॥६८॥

भाषा

जहाँ पुगे पनि स्वस्थ हुन्छ ज्ञानी निरंतर ।
लोक कल्याणकै लागि ज्ञानी त्यो हुन्छ तत्पर ॥
हितकारी मनोहारी कर्म गर्दछ धीर त्यो ।
कर्तापन हराएको लालचा-शून्य वीर त्यो ॥
जहाँ जस्तो वेला हुन्छ कर्तव्य कर्मपालन ।
ज्ञानीमा समता शुद्ध, सत्य प्रिय महाजन ॥६८॥

भावार्थः- जहाँ जस्तो अवस्था प्राप्त भएता पनि मन स्वच्छन्द भएका स्वस्थतामा रहने ज्ञानी मानव कल्याणको लागि कर्तव्य कर्म गर्ने तथा जनहितकारी हुने हुन्छ । अहंकार, उद्वेग भने कत्तिपनि न लिने, संतोषयुक्त, सर्वत्र आत्मदृष्टि गर्ने हुने हुँदा, अमानी, अकर्ता भै अभिमान शून्यता समभावको परम पुरुष जीवन-मुक्ति पदमा स्थित हुने हुन्छ ।

न प्रीयते वन्धमानो निंद्यमानो न कुप्यति ।
नैवोद्विजति मरणे जीवने नाभिनन्दति ॥६९॥

भाषा

प्रशंसामा खुसी हुन्न, निन्दामा न रिसाउँछ ।
बाँच्नामा न खुसी हुन्छ मर्नमा न डराउँछ ॥
निन्दा-स्तुतिमा सम छ हर्ष विस्मातमा पनि ।
उज्यालो चित्त हुनाले ब्रह्म देख्छ जहाँ पनि ॥६९॥

भावार्थः- ज्ञानीमा, कसैले स्तुति गरुन वा निन्दा गरुन् , हर्ष, विस्माद देखि पर रहेकोमा के लागन सक्तछ र, न जीवन

लामोको आयु होस् वा छोटो नै होस्, ज्ञानी कहिले हडबड़ा-उँदैन । समान आत्मा स्थिर पुरुष बाहिरी चल चित्रमा केही पनि वास्ता राख्दैन ।

न धावति जनाकीर्णं नारण्यमुपशान्तधीः ।
यथा तथा यत्र तत्र सम एवावतिष्ठते॥१००॥

भाषा

शान्त चित्त भएको त्यो ज्ञानी जावोस् जहाँ तहाँ ।
चिन्ता कसैको क्यै हुन्न वनमा या प्रपंचमा ॥
निर्जनारण्यमा होस् या जनाकीर्ण प्रपंचमा ।
चित्तवृत्तिहरू सारा शान्त हुन्छन् सुधीरमा ॥
इच्छा गर्दैन सुखको अनिच्छा पनि दुःखको ।
सुसेविका सरी मुक्ति सेवा गर्छिन् सुधीरको ॥
दिव्य-ऐश्वर्य पाएको ज्ञानी त्यो परमेश्वर ।
तिमी हौ सच्चिदानन्द ब्रह्म यो प्रकृते पर ॥१००॥

भावार्थः- जुन ज्ञानीमा वृत्ति शान्त भै सकेको हुन्छ, त्यो ज्ञानीमा जनताको भीड भएका सभा होस वा जन शून्य भएका ठाउँमा होस्, कुनै पर्वाह गर्दैन । जहाँ जस्तो भावना ठाउँ मिल्ने हुन्छ, वहाँ निवास गर्ने हुन्छ । अर्थात् ज्ञानी जन समाज वा शून्य-जनमा कनै पनि जान वस्न इच्छा गर्नु पर्दैन, इच्छा गर्दैन । इच्छा-शून्य ज्ञानीमा मुक्ति भन्ने पदार्थ सेविका सरह पाउमा हर हमेशा सेवा गरी रहने हुन्छ । त्यसैले ज्ञानी परम ऐश्वर्य पदमा प्राप्त भएको हुन्छ ।

यसरी श्री अष्टावक्र मुनिले बताउनु भएको
शान्ति शतक नाम गरिएको
अठठारौं प्रकरण सकियो ।

श्री अष्टावक्र गीता

(शिष्यमा आत्मबोध संतुष्टि आत्मविश्रान्ति)

उन्नाइसौं प्रकरण

तत्त्वविज्ञानसंदेशमादाय हृदयोदरात् ।
नानाविधपरामर्श शल्योद्धारः कृतो मया ॥१॥

भाषा

तत्त्वविज्ञानको जो हो शस्त्र ती ज्ञान-साधना ।
संकल्पादि मनोभाव हरायो द्वैत-वासना ॥
तत्त्वविज्ञान-सन्देश पाएर गुरुबाट यो ।
संकल्पादि मनोभाव हरायो द्वैत जो थियो ॥
हृदयैबाट आएको तत्त्व-विज्ञान आउँदा ।
म छ शान्त धीर वीर वासनेच्छा हराउँदा ॥१॥

भावार्थः- आत्म-रूपमा स्थित शिष्य, श्री गुरूमा विन्ति गर्दछः- अहो ! गुरु ! जुन तत्त्वज्ञान रूपि चिमटा अर्थात् सनासोले मेरो हृदयमा नाना थरीका संकल्प विकल्पका भावहरू च्यापेर ती काँढाहरू, एक एक गरी झिकी फ्याँकि दिनु भएकोले (म) मा द्वैत वासनाको पीडा थिए, ती सबै हराए। ईच्छादि वासना लुप्तभो ।

क्व धर्मः क्व च वा कामः क्व चार्थः क्व विवेकिता ।
क्व द्वैतं क्व च वा द्वैतं स्वमहिम्नि स्थितस्य मे ॥२॥

भाषा

आफ्नो स्वरुप आत्माभा द्वैताद्वैत कहाँ छ र ?
धर्म, अर्थ, काम, मोक्ष धीरको निति के छ र ?

आफ्नो स्वरूपमा वस्ने म मा संसारको पर ।
धर्म-अर्थ, काम मोक्ष, द्वैताद्वैत कहाँ छ र ?

भावार्थः- गुरू ! धर्म, अर्थ, काम र मोक्ष यी चार पदार्थहरूका फल मेरा निमित्त तुच्छ छन् । किन भने आत्म-तत्त्वको ज्ञानले म यस देखि पर स्व आत्ममा स्थित भएकोछुँ । म मा द्वैत अद्वैतको भावना छैन, न ममा त्यो नियोग गर्नु पर्ने विचारै गर्नु परेकोछ । किनकि म पार पुगी सकेको व्यक्तिलाई डुङ्गाको के प्रयोजन गर्नु पर्ने हुन्छ र ? "उत्तीर्णे तु परे पारे नौकायाः किं प्रयोजनम्" म मा द्वैतको भानै छैन भने फेरि अद्वैतको विचार किन गर्नु पर्छ र ? ।

क्व भूतं क्व भविष्यद्वा वर्तमानमपि क्व वा ।
क्व देशःक्व च वा नित्यं स्वमहिम्नि स्थितस्य मे ॥६॥

भाषा

कहाँ भूत भविष्यत् त्यो वर्तमान पनि कहाँ ?
नित्य स्वरूपमा वस्ने मेरो देश पनि कहाँ- ?
कहाँ के भूतकालादि देश वस्तु कहाँ छ के ।
नित्य आनन्द एकै छ आत्मत्व भावना परे ॥

भावार्थः- म मा भूत, भविष्य, वर्तमान कालको भागहरू कहाँ छन् ? देश कहाँ छन्? अरु पदार्थहरू कहाँ छन्? म मा नित्य आत्म-रूप सदा विराजमान छ, अरु केही छैन ।

क्व चात्मा क्व च वानात्मा क्वशुभं तथा ।
क्व चिन्ता क च वाचिन्ता स्वमहिम्नि स्थितस्य मे॥४॥

भाषा

आत्मा अनात्मा के मेरो, शुभाशुभ पनि छ के ?
आफ्नो स्वरूपमा वस्दा चिन्ताऽचिन्ता पनि छ के ?॥

चिन्ता के कसको गर्ने, स्वयं रामावतार छ ।
आफ्नो स्वरूपमा बस्ने ज्ञानी हेर अपार छ ॥४॥

भावार्थः- म मा कुन आत्मा, कुन अनात्मा तथा कुन शुभ कुन अशुभ, के चिन्ता, के अचिन्ता हुन्छ र, अज्ञानीमा मात्र नाना प्रकारका भेदहरू हुन्छन् । म त खास शुद्ध ब्रह्म रूप छुँ ।

क्व स्वप्नः क्व सुषुप्तिर्वा छ च जागरणं तथा ।
क्व तुरीयं भयं वापि स्वमहिम्नि स्थितस्य मे ॥५॥

भाषा

कहाँ स्वप्न-सुषुप्ति छ, जागृति-तुरीया पनि ?
आफ्नो स्वरूपमा छैन, कालादिको भयै पनि ॥
ती के बन्छ ममा खाली, स्वप्न सुषुप्ति, जाग्रत ।
तुरीया भावना के छ ? म नित्य ब्रह्म साक्षर ॥५॥

भावार्थः- म आत्म रूपमा स्थित भएकालाई के स्वप्नावस्था के सुषुप्ति तथा जाग्रत अवस्था नै हुने हुन्छ । त्यस्तै तुरीय भावना पनि के हुन्छ ? म मा डर तथा भय नै हुने हुन्छ । मन खास ब्रह्म रूपमा स्थित भएको छुँ ।

क्व दूरं क्व समीपं वा बाह्यं क्वाभ्यन्तरं क्व वा ।
क्व स्थूलं क्व च वा सूक्ष्मं स्वमहिम्नि स्थितस्य मे ॥६॥

भाषा

बाह्य-अभ्यन्तर काहाँ ? कहाँ दूर-समीप छ ?
स्थूल, सूक्ष्म पनि के छ ? जो परब्रह्म भूत छ ॥
नगीच भावना टाढा बाहिर-भित्र के छ र ?
स्थूल सूक्ष्म कहाँ के छ, म नित्य ब्रह्म साक्षर ।.६॥

भावार्थः- म सर्वत्र व्यापक रूपमा, टाढा नगीच, भित्र बाहिर मोटो मसीनु, भन्ने भावना म मा लाग्दैन । अर्थात् म सर्व व्यापि ब्रह्ममा न टाढा हुन्छ, न नगीचै हुन्छ, न स्थूल हुन्छ, न सूक्ष्म नै हुन्छ ।

क्व मृत्युर्जीवितं वा क्व लोकाः क्वस्य क्व लौकिकम् ।
क्व लयः क्व समाधिर्वा स्वमहिम्नि स्थितस्य मे ॥७॥

भाषा

जन्म मृत्यु न ता क्यै छ, न लोक छ न लौकिक ।
लय-समाधि न क्यै छ जीवन्मुक्त अलौकिक ॥
जिवन-मृत्यु के हुन्छ ? लौकिक कर्म के छ र ?
लय-समाधि के हुन्छ जो बनेको छ ईश्वर ॥७॥

भावार्थः- म पूर्ण आनन्द आत्म स्वरूपमा न मेरो जीवनै हुन्छ, न मेरो मृत्यु नै हुन्छ । न लोकमा लौकिक कर्म नै हुने हुन्छ । न समाधि, न त लयको भावनै हुने हुन्छ । म त खास परं ब्रह्म स्थित आनन्द रूपको छुँ ।

अलं त्रिवर्गकथया योगस्य कथयाप्यलम् ।
अलं विज्ञान किं कार्यं ? ब्रह्म आनन्द भावुक ॥८॥

भाषा

ब्रह्म रूप भएकोमा योग-विज्ञानको कथा ।
प्रयोजन कुनै छैन त्यस्तै त्रिवर्गको कथा ॥
त्रिवर्ग-भावना व्यर्थ धर्मार्थ काम रूपको ।
योग-विज्ञान के काम ? यो पर ब्रह्म भूतको ॥८॥

भावार्थः- म पूर्ण ब्रह्ममा स्थित भएकोलाई धर्म, अर्थ, काम, रूप जुन त्रिवर्ग हो, त्यसको चर्चा गर्ने केही प्रयोजन हुन आउँदैन । योगको चर्चा पनि म मा लाग्न आउँदैन, किन भने म स्वयं आनन्द रूप ब्रह्ममा स्थित भएको छुँ ।

यसरी अष्टावक्र गीता ब्रह्म विद्याको वर्णन
भएको आत्मशिष्यमा आत्म-बोध
संतुष्टि आत्मविश्रान्ति
उन्नाइसौं प्रकरण सकियो

श्री अष्टावक्र गीता

(आत्मस्थिति--वर्णन)

बिसौं प्रकरण

क्व भूतानि क्व देहो वा क्वेन्द्रियाणि क्व वा मनः ।
क्व शून्यं क्व च नैराश्यं मत्स्वरूपे निरञ्जने ॥१॥

भाषा

कहाँ देह ? कहाँ भूत ? कहाँ छन् इन्द्रिय-मन ?
नैराश्य र शून्य कहाँ छुँ म आत्मा निरंजन ॥
आशा तथा निराशा र इच्छाऽनिच्छा विहीनमा ।
म मा के लाग्न सक्ला र आत्मानन्द अरूपमा ॥१॥

भावार्थः- 'म' मा पंच महाभूत तथा देह, इन्द्रिय, मनको भावना जुन आशा निराशा, इच्छा अनिच्छा सबै कल्पना उपाधि जो जति छन्, ती देहाभिमानीलाई मात्र लाग्ने हुन् । म अदेही चेतन स्वरूप निरंजनमा ती कुनै पनि भाव लाग्न आउँदैन ।

क्व शास्त्रं क्वात्मविज्ञानं क्व वा निर्विषयं मनः ।
क्व तृप्तिः क्व वितृष्णात्वं गत द्वन्द्वस्य मे सदा ॥२॥

भाषा

कहाँ शास्त्र र विज्ञान ? कहाँ निर्विषयी मन ।
वितृष्णा र तृप्ति कहाँ ? द्वन्द्वातीत जहाँ छन ॥
शास्त्रविज्ञान के छ ? विषय तृप्ति के छ र ?
तृष्णा द्वन्द्व कहाँ के छ ? परै छुँ आत्म साक्षर ॥२॥

भावार्थः- शास्त्राभ्यास गर्नु पर्ने, आत्मज्ञानको विचार गर्नु पर्ने, मनलाई जीत्नु पर्ने, मन तृप्तिमा राखने, साथै तृष्णादेखि टाढा हुने, यी परिपंचदेखि मुक्त भएका म द्वन्द्व रहित शुद्ध ब्रह्म छु।

क्व विद्या क्व च वा विद्या क्वाहं क्वेदं मम क्व वा।
क्व बन्धः क्व च वा मोक्षः स्वरूपस्य क्व रूपिता॥३॥

भाषः

कहाँ म छन को मेरा ? विद्याऽविद्या कहाँ छ र ?।
कहाँ बन्ध ? कहाँ मोक्ष, ? मेरो रूप कहाँ छ र ?॥
न त विद्या अविद्या छ, न बन्ध-मोक्ष-कामना ।
मेरो रूप कहाँ के छ ? सच्चिदानन्दरूपमा ॥३॥

भावार्थः- अहंकार भावना रहित भएको 'म' शुद्ध आत्मा चेतनमा न विद्या छ, न अविद्या छ, न मेरो कुनै पदार्थ छ, न धर्म अधर्म छ, न त बन्धछ, न त मोक्ष नै छ, न मेरो स्वरूप तथा अनुहारै छ ।

क्व प्रारब्धानि कर्माणि जीवन्मुक्तिरपि क्व वा।
क्व तद्विदेह कैवल्यं निर्विशेषस्य सर्वदा ॥४॥

भाषा

प्रारब्ध-कर्म काहाँ छन् ? जीवन् मुक्ति पनि कहाँ ?
शेषाशेष रहितमा विदेह-पद त्यो कहाँ ? ॥
प्रारब्ध हुन्छ के कर्म, अशेष जीवनैमहाँ ।
अदेही भावना मुक्ति म मा के हुन्छ लौ यहाँ ॥४॥

भावार्थः- कैवल्य विदेह-पदमा पुगेका निर्विशेष 'म' मा प्रारब्ध कर्म के हुन्छ ? जीवन-मुक्ति तथा देह अदेहको अवस्था के हुन आउँछ र ? किन भने 'म' अरु धर्म देखि रहित छुँ ।

क्व कर्ता क्व च व वा भोक्ता निष्क्रिय स्फुरणं क्व वा ।
क्वापरोक्षं फलं वा क्व निःस्वभावस्य मे सदा ॥५॥

भाषा

अपरोक्ष फल के छ स्वभाव-शून्य धीरमा ?
कर्ता-भोक्ता-निष्क्रिया र स्फुरणादि पनि कहाँ ?
न कर्ता न छ भोक्ता नै निष्क्रिय स्फुरण कहाँ ?
स्वभाव विषयी वृत्ति, म मा के हुन्द्र लौ यहाँ ॥५॥

भावार्थः- 'म' शुद्ध ब्रह्ममा कर्तापन, भोक्तापन स्फुरण निष्क्रियादि विषयाकार वृत्यवच्छिन्न, चैतन्य-रूप फल पनि कहाँ हुन आउँछ र ?

क्व लोकः क्व मुमुक्षुर्वा क्व योगी ज्ञानवान् क्व वा ।
क्व बद्ध क्वः च वा मुक्तःस्व स्वरूपेऽहमद्वये ॥६॥

भाषा

कहाँ लोक मुमुक्षा या कहाँ योगी र ज्ञानवान् ?
कहाँ बद्ध कहाँ मुक्त ? म हूँ आत्मा अरूपवान् ॥
अद्वैतको लोक कहाँ मोक्षेच्छा शुद्धमा कहाँ ?
बद्ध मुक्त कहाँ हुन्छ ? अद्वय आत्मरूपमा ?
समभावमहा वस्तु एक छुँ र 'म' व्याप्त छुँ ?
आकीट-ब्रह्मपर्यन्त चेतना रूपको म छुँ ॥६॥

भावार्थः- 'म' अद्वैत स्वरूप भएकोमा न लोकै छ, न मोक्षको चाहना नै छ, न योगी छुँ, न ज्ञानी छुँ, न मा बन्ध छ । न मुक्ति छ । सदा सर्वदा समभावमा 'म' व्याप्त छुँ ।

क्व सृष्टिः क्व च संहारः क्व साध्यं क्व च साधनम ।
क्व साधकः क्व सिद्धिर्वा स्वस्वरुपे ऽहमद्वये ॥७॥

भाषा

कहाँ सृष्टि र संहार साध्य-साधन छ कहाँ ?
के छ सिद्धि ? साधकको ? एक आफ्नो स्वरूपमा॥
ममा शृष्टि न कार्यै छ न साध्य-साधना न छ।
न सिद्धि-भावना धर्म र कुनै कामना न छ॥
सर्वधर्मपरित्याग गर्नाले शोकशून्य छुँ ।
वासना नाश हूनाले परमानन्दमा म छुँ ॥७॥

भावार्थः- 'म' आत्मरूप अद्वैत स्वरूपमा न सृष्टि छ, न कार्यै छ न साधन छ, न सिद्धि भन्ने कुरो नै छ। किनभने 'म' खास सर्वधर्मदेखि रहित छुँ ।

क्व प्रमाता प्रमाणं वा क्व प्रमेयं क्व च प्रभा।
क्व किंचित्क्व न किञ्चिद्वा सर्वदा विमलस्य मे॥८॥

भाषा

प्रमाण र प्रमाण क्यै छ प्रमाता न प्रमेय छ ।
किंचित् अकिंचित् नक्यै छ, आत्मा यो शुद्ध बुद्धछ॥
प्रमाता वा प्रमाणै छ प्रमेय भन्नु के छ र ?
कल्पना-भावनाशून्य म शुद्ध ब्रह्म साक्षर ॥८॥

भावार्थः- उपाधि रहित म शुद्ध ब्रह्ममा प्रमाता तथा प्रमेय यी त्रिपुटि अथवा यी तीनै कुरो 'म' मा लाग्न सक्तैन, न 'म' म केही छ, न कोही छ. कल्पना-भावशून्य शुद्ध आत्मारूपमा म छुँ ।

क्व विक्षेपः क्व चैकाग्र्यं क्व निर्बोध क्व मूढता ।
क्व हर्षः क्व विषादो वा सर्वदा निष्क्रियस्य मे ॥९॥

भाषा

एकाग्रता न विक्षेप निर्बोध न छ मूढता ।
हर्ष-विषाद क्यै छैन, क्रियाहीन म छुँ सदा॥

'म' मा विक्षेप, एकाग्र न हर्ष न विषाद छ ।
क्रियाहीन अनामय आत्मशुद्ध म ईश्वर ॥९॥

भावार्थः- म निर्विकार शुद्ध आत्मामा के विक्षेप हुन्छ, के हर्ष हुन्छ, के विषाद हुन्छ, के एकता एकाग्र, के ज्ञानी, के मूर्ख, सबै कल्पनामात्र शब्ददेखि परै रहेको 'म' शुद्ध ईश्वर छुँ ।

क्व चैष व्यवहारो वा क्व च सा परमार्थता ।
क्व सुखं क्व च वा दुःखं निर्विमर्शस्य मे सदा ॥१०॥

भाषा

न ममा व्यवहारै छ न म मा परमार्थ छ ।
सुख दुःख न ता क्यै छ आत्मा यो निर्विकार छ ॥१०॥

भावार्थः- 'म' संकल्प-विकल्प रहित, शुद्ध ब्रह्ममा न व्यवहारावस्था हुने हुन्छ, न परमार्थावस्था नै हुन्छ, न त 'म'मा दुःख नै हुने हुन्छ ।

क्व माया क्व च संसारः क्व प्रीतिर्विरतिः क्व वा ।
क्व जीवः क्व च तद् ब्रह्म सर्वदा विमलस्य मे ॥११॥

भाषा

माया- संसार क्यै छैन, प्रीति र विरति पनि ।
जीव-ब्रह्म कहाँ के छ? छुँ सदा मत निर्गुणी ॥
संसार भावना माया न विराम न प्रीति छ ।
जीव ब्रह्म न द्वेतै छ अलिप्त शुद्ध भाव छ ॥११॥

भावार्थः- शुद्ध रूप उपाधि रहित आत्मस्वरूप 'म'मा संसार के हुन सक्तछ, न मायानै हुन सक्तछ, न प्रीतिनै हुने हुन्छ, न विराग नै हुन आउँछ । जीव ब्रह्मभाव पनि 'म' मा लाग्न आउँदैन ।

क्व प्रवृति निवृतिर्वा क्व मुक्तिः क्व च बन्धनम् ।
कूटस्थनिर्विभागस्य स्वस्थस्य मम सर्वदा ॥१२॥

भाषा

प्रवृत्ति न निवृत्ति छ न ता छ मुक्ति-बन्धन ।
अखण्ड र असंलग्न, स्वस्थ छुँ म निरंजन ॥
प्रवृत्ति, निवृत्तिभाव, मुक्ति, बन्धन के छ र ?
कूटस्थ, भेदताहीन अविभाग सदा पर ॥१२॥

भावार्थः- 'म' आत्म स्वरूपमा न प्रवृत्ति हुने हुन्छ, न निवृत्ति भाव हुने हुन्छ, न मुक्ति छ, न त बन्धनै छ,। भेद रहित कूटस्थ स्वस्थ म खास शुद्ध ब्रह्म छुँ ।

क्वोपदेशः क्व वा शास्त्रं क्व शिष्यः क्व च वा गुरुः।
क्व चास्ति पुरूषार्थो वा निरूपाधेः शिवस्य मे ॥१३॥

भाषा

शास्त्रोपदेश के काम ? त्यस्तै गुरू र शिष्यको ?
पुरूषार्थ पनि के छ ? शिवभूत स्वरूपको ॥
उपाधिशून्य शिवको जस्तै मेरो पनि सब ।
स्वरूपमा कुनै दाग लाग्न सक्दैन है अब ॥१३॥

भावार्थः- उपाधि शून्य नित्यानंद स्वरूप जुन म छुँ, त्यसमा न उपदेश गर्नु पर्ने हुन्छ, नत शास्त्रै छ, न गुरू नै बन्नु पर्ने हुन्छ, न चेला शिष्य नै बन्नु पर्ने हुन्छ। परम पुरूषार्थ जुन मोक्ष हो, त्यो पनि 'म' होइन।

क्व चास्ति क्व च वा नास्ति कास्ति चैकं क्व च द्वयम् ।
बहुनात्र किमुक्तेन किञ्चिन्नोतिष्ठते मम ॥१४॥

भाषा

कहाँ के छ? कहाँ छैन? कहाँ छ एक वा द्वयम् ।
अब धेरै भनूँ के म, म देख्छुँ सर्वत्र नै स्वयम् ॥

अस्ति नास्ति कहाँ के छ ? एक वा दुइ के छ र ?
अद्वय शुद्ध आत्माको टीका टिप्पणि के छ र १४॥

भावार्थः- 'म' शुद्ध आत्मस्वरूपमा, अस्तिपना, नास्ति-पना, एक-पना वा द्वैतपना छैन । कल्पित पदार्थहरूमा मात्र नामको संज्ञा हुने हुन्छ । म अकल्पितमा, कल्पनाको भावना छैन । किन भने 'म'एक रस चेतन स्वरूप छुँ ।

यसरी अष्टावक्र मुनिज्युले जनक, राजामा
सुनाउनु भएको गीता बिसौं
प्रकरण सकियो
हरि ॐ तत्सत्

अष्टावक्र मुनिज्यूको संक्षिप्त परिचय

श्री अष्टावक्र मुनिज्यूको पिता कोहड मुनि उद्दालकके घरमा रहेर विद्याध्ययन गर्नु हुन्थ्यो। उहाँ अति तीक्ष्ण बुद्धिको हुनु हुन्थ्यो। गुरुकुलको सम्पूर्ण नियमहरू पालन गर्नु हुन्थ्यो। जब उहाँको शिक्षा समाप्त भयो, अनि गुरुले उहाँको सुशील स्वभाववाट प्रभावित भै आफ्नू पुत्री सुजातासंग विवाह गराई दिनु भयो। यसै सुजाताको गर्भवाट महान अष्टावक्रको जन्म भएको उल्लेख छ।

महा भारत ग्रन्थमा यो उल्लिखित भएको पाइन्छ कि, जब अष्टावक्र सुजाताको गर्भमा रहेको समयमा उहाँको पिता कोहड अतिशयवेदाध्ययन गर्नु भएको सुनेर पेट भित्रवाटै "अहो कति वेद उच्च स्वरले पढ़ि रहनु भएको हो!" यस्तो वाणी सुनेर पिता कहोडले क्रुद्ध भएर भन्नु भो, "मान्य जनमा बस्तो वाणी वोल्ने आठ ठाउँमा वांगो होस्" यही सराप पर्नाले नै जन्मदाखेरी आठ ठाउँमा वांगो देह लिएर जन्मेको हुँदा अष्टावक्र भन्ने नाम करण हुन गयो।

जुन समय अष्टावक्र गर्भमा थिए, त्यसवेला कोहड विदेहराज मिथिला पुरीमा यज्ञको निमन्त्रणामा जानु भएको थियो जनकको राज-सभामा प्रधान आचार्य वन्दी नाम गरेको हुनु हुन्थ्यो। जति विद्वानहरू त्यस सभामा उपस्थित हुन्थे, ती सवैलाई शास्त्र-विवादमा हराएर जलमा डुवाई वरुण लोकमा पठाइ दिइन्थ्यो। त्यस वेलामा वरुण लोकमा यज्ञको कार्यको लागि पण्डितहरूको कमी हुँदा सो कार्य पूर्तिको लागि आचार्य वन्दीले वरुण देवको मनसाय वमोजिं त्यो युक्ति गर्नु भएको थियो। श्री कहोड मुनि पनि वरुण लोकमा पठाइएको थियो।

यसै वेलाको बीचमा अष्टावक्रको जन्म भएको थियो। उहाँ पनि कुशाग्र बुद्धि भएको हुनु हुन्थ्यो। आफ्नो मामा उद्दालकको पुत्र साथै पढने लेखने गर्नु हुन्थ्यो। उहाँले आफ्ना पिताजीलाई देख्नु भएको थिएन। अतः आफ्नो मामालाई नै बाबु समझनु भएको थियो। एक दिन प्रसङ्ग वश आफ्नै मामाके मुखारविन्दबाटै जान्नु भयोकि--उद्दालक मेरा पिताजी होइन रहेछ। कारण कोहडको लोकोत्तर-गमनको कुरा छिपाएर राखेको थियो।

यो कुरा ज्ञात भएपछि आफ्नो जन्म दिने माता सुजातासंग सबै कुरा बुझेर तत्काले मिथिला पुरीमा जानु भयो। श्री जनक राजाले प्रश्नको यथार्थ उत्तर पाएर आचार्य बन्दीसंग शास्त्रार्थ गर्न अनुमति प्रदान गरिएकोमा शास्त्रार्थमा आचार्य बन्दी परास्त भए। अष्टावक्र-ज्यूले अरूलाई झैं आचार्य बन्दीलाई पनि जलमा डुबाउन खोज्नु भयो। त्यस वेला बन्दीले वरुण देवको यज्ञ पूरा भएको जानेर सबै पण्डितका सामु अष्टावक्र मुनिको स्तुति गर्दै वरुण लोकमा जानु भयो।

जब कहोडमुनि बाहिर जलबाट निस्कनु भयो र उनको विद्वत्ता जानेर उहाँले बोल्नु भो:-

"इत्यर्थमिच्छति सुतान् जनाजननकर्मणा।
यदहं नाशकं कर्तुं तत्पुत्रः कृतवान् मम ॥"

अर्थः- "मनुष्यहरूले पुत्र जन्माउन इच्छा अथवा लालसा यही राख्दछन् कि-बाबुले गरेको काममा अपूरो भएको जुन कार्य छ, त्यसलाई पूरा गर्न पुत्र जन्माउन्। जसतो मेरो पुत्रले गरे झैं।"

पिता श्री कहोडमुनि गद गद भै पुत्रलाई अंगालेर, पिता-पुत्र आफ्ना घरमा फर्कदा बीच बाटोमा गंगा-समंगाको संगममा स्नान गर्नाले र पिताको शुभ आशिरवादले गर्दा आठ ठाउँमा विग्रीएको जुन देह थियो, ती सबै मेटिन गयो। दिव्य सुन्दर देह लिएर घर फर्कनु भयो। नाम मात्र अष्टावक्र रहन गयो।

जब अष्टावक्रको समावर्तन सिद्धिई गृहस्थाश्रममा प्रवेश गरी गृहस्थाश्रमधर्म–पालन गर्नाले सुयोग्य गृहभित्र धर्मपत्नीको आवश्यकताले महर्षि वदान्यको सुन्दरी कन्या मागन जानु भयो। श्री वदान्यले भन्नुभोः– "तपाईं जस्तो सुयोग्य वरलाइ मेरी कन्या विवाह गरी दिनालाई कुनै केही आपत्ति छैन, तर मेरो कथनानुसार उत्तर दिशामा गएर पहिले कुवेरजी कहाँ अप्सराहरूको नाच गान सुनी हेरी, अझ फेरी पछि उत्तरैतिर सरासर विमानकै काखमा रहेका रमणीय उपवनमा एउटी वुढी महिला जहाँ रहन्छीन्, तिनीसंग भिलेर फर्कनु भएमा विवाह हुन सकला, अन्यथा हुन सक्तैन"

विचार पुऱ्याई श्री अष्टावक्रजीले भन्नुभोः– "अवश्य म त्यहाँ भएर फर्कनेछुँ"

यति भनी प्रणाम गरी सरासर उत्तर दिशा तर्फ रवाना गर्नुभो, हिमाल पर्वत कैलाश शिखरमा श्री शिवजीको पूजावन्दना गरी उहाँ अलकापुरीमा पुग्नु भयो।

पुण्य– पूजनीय कुवेरले महामुनिज्यूको स्वागत् सत्कारगरी आफ्नो दिव्य भवनमा लै जानु भयो। आतिथ्य सत्कार विश्राम पछि दिव्य सुन्दरी–अप्सराहरूको भव्य मंगलमयको नाचगान आदिको माधुर्य–कलारसले पूर्णको आयोजना गर्नु भयो। त्यस नृत्य–गीतादिले उहाँको जीतेन्द्रिय मनमा अलि कति पनि विकार उत्पन्न भएन।

एक रात तहाँ विश्राम गरी हेमकूट पर्वतलाई नाघेर श्री अष्टावक्रजी शुष्क भूमिको मार्ग गरी एक आश्रम नगीच पुग्नुभयो। आश्रम रमणीय मनमोहक थियो। विविध प्रकारका सुन्दर सुन्दर पुष्प तथा सुमनोहर गुच्छादार वृक्षहरू सुशोभित थिए। त्यस आश्रमको मूलद्वारमा पुगेर आश्चर्यसाथ बोल्नु भोः– घरमा को हुनु हुन्छ ? मुनिको वाक्य सुनेर भित्र आश्रमको मूल द्वार खोल्दै एक तरुणी मनोहर नयन कटाक्षले तेर्छो नजरगरी सोधिन्, कहाँबाट पाल्नु भएको"

"म कोहडउको पुत्र अष्टावक्र नाम गरेको व्यक्ति हूँ, साथै स परदेशीलाई आश्रम दिनु हुन्छ कि"

"अहो ! स्वागत छ, यहाँ जसो परम सुन्दर युवक विद्वानलाई स्वागत तथा स्पर्श गर्न पाउनु हामीहरूको ठूलो सौभाग्यको कुरो छ । एकसे एक हामी सात कन्या छौं । हामी तपाईको सेवा सत्कार गर्न तयार छौं, किनकि यसतो दुर्जन पर्वतमा यसतो तरुण युवकको स्वागत गर्न भाग्यले मात्र पाइन्छ" मन्द मन्द मुस्कान अति लज्जा तथा हाव भाव गर्दै भित्र लगी सुनको झालर भएका मखमली नरम गद्दीमा बसालेर पाद्य, अर्घ्य, मधुपर्क आदिले सत्कार गरेर सुस्वादु मधुर दिव्य परमान्न तथा फल आदि भोजन गराई दिव्य जल पिउन दिई साथै त्रयोदश गुण विशिष्ट देव दुर्लभ सुवर्ण पत्र वेष्टित पानका बीरा दिए । खाइ-पीई-सन्तुष्ट भएपछि संध्याको समयमा स्नान गर्नालाई सुनका कलशहरूमा शुद्धजल ल्याएर राखीदिए साथै दिव्य तेल उहाँको अङ्ग प्रत्यङ्गमा मालीस मर्दन र कर--कमलहरूले स्नान गराई दिए ।

सन्ध्या वन्दनको साथ पछि रातमा पनि उत्तमोत्तम पदार्थहरूवाट तृप्त गराई सुनको पलङ्गमा शरतकालको चाँदनीको समान विछाना ओछ्याई दिए । जव मुनिज्यू आनन्दसाथ सुत्नुभो, अनि परम सुन्दरी कन्याहरू मुनिको चरणकमलमा नरम नरम कर--कमलले मांदत गरी भने "प्रभो, हामी अरू के सेवा गरूँ आज्ञा पाउँ" भनि मन्द मनोहर मुस्कान साथ ती तरुणी कन्याहरुले विन्तीगरे ।

मुनिज्यू अति संतुष्टि साथ बोल्नु भो-- "वहिनीहरू हो तिमीहरूको सेवावाट म अति प्रसन्न छुँ । अव आ-आफ्ना कोठाहरूमा सुतन जाउ । केवल एक बुढि माताजी मात्र मेरो हेर देखमा राज रहन देउ ।"

मुनिको आज्ञा शिरोपर गरी ती दिव्य कन्याहरू झुकेर नमस्कार गरी आ-आफ्ना कोठाहरूमा गए र केवल बुढि रमणी जो अकैं पलङ्गमा सुति रहेकी थिइन् , ती मात्रै त्यहाँ रहिन् ।

निशीथको वेला जाडोको कारण उठिन र मुनिको पलङ्गमा आएर दुवै हातले अगालो मारिन्, साथै मुनिको छातिमा जोरिन् । तर मुनिज्यू त काष्ठ कठोर । कठोर दशा देखेर ती वुढी रमणी मुनिलाई उदीप्त गर्न चेष्टा गर्न थालिन । यस्तो तमासा देखेर मुनि अष्टावक्रजी वोल्नु हुन्छ- "भद्रे ! यो यस्तो चाल किन ? मेरा नजीक कस्तो यो चेष्टा" वुढी रमणी करुण स्वरमा वोलिन् "अहो तरुण मुनि ? तपाईको रूप लावण्य देखेर मेरो दिल त्यसै वेकावु भएर तपाईको सामु "रमण आशाले म आफ्नो पलङ्ग छोडेर आएकि छुँ । मेरा अभिलाषालाई न लत्याई देऊ' छाती जोरेर ती रमणीले फेरि वोलिन "हेर म तरुणको नै खोजी गर्दछुँ । आज मेरो भाग्यले संसर्ग गर्न पाएकी छुँ" मुनिले दृढ स्वरमा वोल्नु भो "आमा ! आमा !! आमा !! आमा म त तिम्रो खास छोरोको रूपमा छुँ प्रभु । म वाट त्यस्तो कर्म कदापि हुन सक्तैन, किन भने संसारमा परदाराभिमर्षको समान अरु कुनै पाप छैन"

यतिकैमा विहान भो, त्यो रात त्यसै वित्यो । अर्को दिनमा यही क्रमानुसार मुनिलाई पहिलेको झैं मानसन्मान स्वागत सत्कार पूर्ववत पूजा तथा स्नानादिवाट संतुष्ट गराइए । दिन वितें पछि फेरि रातपर्न आयो । पुनः ती अधवैसे रमणी मुनिकै समीप पलङ्गमा आई रमणको चेष्टा गर्न लागिन । यस्तो देखेर मुनिज्यू अचम्म मानेर वोल्नु भो "हे भद्रे ! म परस्त्रीहरूसंग सम्भोग गराउनमा असमर्थ छुँ, क्षमा गर्नुस ।"

"प्यारे ! यस्तो निष्ठुरपना, किन नी ? म कसैको स्त्री होइन, आज सम्म मेरो विवाह कसै संग भएको छैन । यस्तै अतिथि-अभ्यागत कै सेवा गरी रमण गरी रहन्छुँ । मेरो लागी यो सर्व साधारण जस्तै भै सकेकोछ । परस्त्री गमनको पाप लाग्ने कुरा मलाई थाहा छैन ।" ती अधवैसे महिलाले मुनिको हात कठोर छातिमा राखेर भनिन् ।

"कल्याणी ? विवाहिता पत्नी वाहेक अरू स्त्रीहरूलाई म अर्के

संम्भन्छु; किनभने "यस्य स्त्री" परको स्त्री" परस्त्री षष्ठी तत्पुरुष समास गरिन्दैन, किन्तु 'परा च असौ स्त्री' (पर स्त्री) परस्त्री कर्म धारय" मुनि अष्टावक्रले भन्नु भो ।

मुनिज्यूको यस्तो वाणी सुनेर ती अधबैसे महिला सोह्र वर्षकी युवतीको रूपमा बदलिएर भनिन् "नाथ ! मेरो - प्रेमी साथी । म दिव्याङ्गना हूं । दिव्य देशको वाराङ्गना हूँ । स्वेच्छाले बुढी हुन सक्छु साथै मस्त यौवना तरूनी पनि हुन सक्छु । मेरो कसैसंग परिणय आजसम्म भएको छैन । भाग्यले तपाईं नै मेरो सामु उपस्थित हुनु भयो त्यस कारण विधि विधान सहित पाणि ग्रहण गरेर आनन्दले भोग विलास गनुस"

मुनि स्मित, विस्मित, चकित भएर दृढता साथ बोल्नु हुन्छः- "शोभने ! म क्षमा चाहन्छु । मलाई यस प्रसङ्गबाट ज्यादै नै दुःख लागी रहेकोछ । कदापि यहाँको कुरामा सहमत हुनसकिन, मेरा भावी ससुराले तपाई कहाँ पठाइएको छु । यदि म तपाईंहरूबाट यस कुरामा उत्तीर्ण गराइएँभने मेरी विवाह उहाँकी छोरी संग हुन सक्ला, आशिरवाद दिनुस, म घरमा गै म आफ्नो भविष्य उज्ज्वल गरी सुखी हुन पाउने छु"

विनम्रता साथ हात जोरेको मुनिलाई देखि ती दिव्य स्त्री प्रसन्न भएर भनिन् "श्याबास बाबु ! तिमी यस कठीन परीक्षामा उत्तीर्ण भयौ । तिमी धन्य छौ, म आशीष दिन्छु, जाऊ, तिमी धर्मानुकूल सुखको भोग गर्दै जाऊ । म उत्तर दिशाको देवता हूँ । तिम्रो परीक्षा लागि नै यो नाच रचिएको हो" ।

श्री अष्टावक्र मुनिज्यूले शिर झुकाएर नमस्कार गरी विदा भै आफ्नो घर फर्कनु भयो । महर्षि वदान्यको सुपुत्रीसंग नियमानुकूल विवाह गरी गृहस्थाश्रम धर्ममा रहनुभयो ।

भगवान अष्टावक्रको समान इन्द्रिय-विजयी हाम्रो नेपालका प्रत्येक युवकमा होऊन् ! अस्तु ।

अङ्ग देशको राजधानी चम्पा नगरदेखि दस कोस पर, वर्तमान भागलपुरदेखि आठ कोस पूर्व उत्तर वाहिनी गंगाजीको पूर्व तटमा कहल गाँव नाम गरेको एउटा सानो सहर थियो । हिजो आज भारततर्फ ई० आई० आरको रोप लाइनको एक स्टेसन छ । त्यहाँ गंगा के यताउती भित्र सान सानो तीनौटा पहाडहरू छन् र भूमिमा पनि एक पर्वत माला गएको रेल्वे लाइन देखिन एउटा ठूलो पहाड छ । त्यही स्थान प्राचीन समयमा महर्षि कहोलको आश्रम थियो । कहोल ग्राम हिजो आज विग्रेर कहल गाँव भएको छ ।

—❀—

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

०५०.५.६.

NR6892,6
SHR
2022 B.S.
६६६2

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

सर्वसुलभ

NR 6892.6
SHR
2022 B.S.

लेखकको अन्य छन्दोक्त अनुवाद ग्रन्थ

(१) श्री कृष्ण गीता	१। २५
(२) श्रीदुर्गा चरित्र (सप्तशति)	२।
(३) श्रीअवधूत गीता	४।
(४) श्रीअष्टावक्र गीता	४।
(५) श्रीमद् अध्यात्म रामायण	
(६) श्रीमद् भगवद्गीता गूढ़ दीपिका	
(७) श्रीदेवी गीता	(प्रेसमा)
(८) श्रीबाल गीता	(प्रेसमा)
(९) श्रीआत्मबोध गीता	(प्रेसमा)
(१०) श्रीवाग्मती तीर्थयात्रा स्थल	
(११) श्रीयोग वासिष्ट	

नरेश

मुद्रक:- संकटा प्रेस, ६/५३४ टेबाहाल, काठमाण्डौं, नेपाल ।